


# साथ रहोस् नरहोस्

(कवितासङ्ग्रह)

[illegible]

# साथ रहोस् नरहोस्

सुनीता कार्की

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : nai.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
आवरण सज्जा र चित्रकार : सुनीता कार्की
प्रथम संस्करण : २०८० साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १७३
मोल : पाँच सय रुपियाँ
© सुरक्षित, २०८० (2023)
ISBN:978-9937-786-07-2
**SATH RAHOS NARAHOS**
A collection of Poems by Sunita Karki

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषासाहित्यको साधनाहेतु जन्मेको नइ प्रकाशन 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट निरन्तर विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यस सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

सुनीता कार्की नेपाली भाषासाहित्यमा परिचित नाउँ हो। उनले कविता कृतिमार्फत आफ्नै धरातलीय वर्चस्व कायम गरेकी छिन्। उनका कवितारचना जीवन, जगत् र प्रकृतिसँगका विशेष सहोदरी मानिन्छन्।

नेपाली भाषासाहित्यको मन्दिरमा सुनीता कार्कीकृत अर्को थुँगा फूल अर्थात् **साथ रहोस् नरहोस्** कवितासङ्ग्रह अर्पण भएको छ। यस कवितासङ्ग्रहले नेपाली साहित्यका पाठकहरूको मन जित्नेछ भन्ने हामीलाई लागेको छ। नेपाली कविताका फाँटमा यो सङ्ग्रह विशेष प्रयोगका साथ पनि प्रस्तुत भएको छ।

**साथ रहोस् नरहोस्**नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ।

• *नइ प्रकाशन*

# विषयसूची


- **भूमिका : प्रा.डा.वासुदेव त्रिपाठी** • ९
- **लेखकीय** • ६५

१. प्रकृतिको अस्तित्वको सन्देश • ७१
२. नमुना नेपाल • ८१
३. असम्भव प्राय: मिलन • ८५
४. गाईजात्रा • ८८
५. कालो दाग • ९२
६. समर्पित • ९५
७. पृथ्वीको गर्भ • ९७
८. उम्लिएर बगोस् • १००
९. शून्यतामा • १०३
१०. भानु • १०६
११. समय • १०९
१२. सगरमाथा नीर नबहाऊ • ११२
१३. सगरमाथा परेली नभिजाऊ • ११४
१४. कुलकी मान • ११७
१५. जलधारा एक रूप अनेक • १२०
१६. वेदना एक मानव भ्रूणको • १२५
१७. एक भूल • १२९
१८. बिना • १३२

१९. अङ्गुष्ठभ्याम • १३५
२०. कस्तूरी सुवास • १३९
२१. अपरिहार्य • १४२
२२. अधुरो कल्पना • १४५
२३. भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण • १४८
२४. अदम्य साहस • १५८
२५. नवदुर्गा भवानी : एकताकी सूत्र • १६१
२६. साथ रहोस् नरहोस् • १६५
२७. जीवनले कोल्टे फेरेछ भने • १६८
२८. सुषुप्त महत्त्वाकाङ्क्षा • १७०
२९. बन्दी पुस्तक • १७५
३०. नारी • १८१
३१. जीवनको रहस्य • १८४
३२. स्थितप्रज्ञ • १८७
३३. शून्य र पुण्य • १९८
- **मेरा केही चित्रहरू** • २०७

# ‘साथ रहोस् नरहोस्’ कवितासङ्ग्रहका सम्बन्धमा

**प्रा.डा.वासुदेव त्रिपाठी**
(महासमालोचक)

**पूर्वसन्दर्भ**

कवयित्री सुनीता कार्कीको दोस्रो कवितासङ्ग्रह ‘साथ रहोस् नरहोस्’ प्रकाशित हुन लागेकोमा मलाई विशेष खुसी लाग्यो । यस सुखद अवसरमा म सर्वप्रथम उहाँप्रति बधाई र शुभेच्छा व्यक्त गर्दछु– उहाँका अद्यावधिक कविताप्राप्तिका सम्मानमा ।

कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह ‘जानी नजानी’ २०७० सालमा प्रकाशित भएथ्यो र त्यस शुभ साइतमा मैले सुप्रतिष्ठित वरिष्ठ साहित्यकार नरेन्द्र प्रसाईका आग्रहमा ‘अविरल साधना र उत्कर्षका निम्ति’ भन्ने शीर्षक रहेको एक संक्षिप्त (छापिँदा ३२ पङ्क्तिजतिको, पृष्ठ ९–१०) समीक्षात्मक टिप्पणी लेखेको थिएँ । मुक्त लयका प्राय: सुमधुर सैंतिसवटा गद्यकविताहरूको सँगालोस्वरूप त्यो उहाँको ‘जानी नजानी’ भन्ने नामाकरण गरिएको सुकुमार र सुन्दर अनि गुनगुनाउन मिल्ने सुकोमल गीतिजस्तो पनि लाग्ने पहिलो फुटकर कवितासङ्ग्रह पढ्न पाउँदा एक सुरुचिपूर्ण पाठक र भावकका रूपमा म विमुग्ध भएको थिएँ र मैले उहाँको अर्द्धमुग्ध सरस्वती खुलेजस्तो प्रतिभा र सृजनाले ओतप्रोत त्यस कवितासङ्ग्रहको हार्दिक स्वागत गर्दै

उहाँप्रति अविरल साधना र उत्कर्षका निम्ति त्यतिखेरै हार्दिक शुभेच्छासमेत प्रकट गरेको हुँ ।

त्यो 'जानी नजानी' कवितासङ्ग्रह प्रकाशित भएपछि र खास गरी अहिले उहाँको दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्' (२०८०) का बारेमा यो समीक्षात्मक मन्तव्य लेख्ने क्रममा उहाँको प्रारम्भिक कवितायात्रा र कविताको लामो नेपथ्यसाधनाबारे पनि केही जान्न खोज्दै छु । उहाँको उक्त पूर्वकवितासङ्ग्रह 'जानी नजानी' विशेष जिज्ञासावश पुनः पढ्दै गर्दा त्यहाँ उहाँले 'मेरो भनाइ' भन्ने लेखकीय आत्मकथन (पृ.१७–१८)का साथै त्यहाँ सङ्कलन गरिएका 'केवल यही चाहन्छु' (पृ.४१–४२) र 'एकअर्का' (पृ.३६–३७) अनि 'विश्वनारी रत्न' (पृ.७२–७३) जस्ता कविताका अन्त्यमा उहाँद्वारा नै रचिएका र खास शीर्षक नदिइएका अनि ती आफ्ना सैंतिसवटै कविताहरूका रचनाका बारेमा आफैँ संक्षिप्त मन्तव्य लेखिएका गद्यात्मक रचनासन्दर्भसमेतबाट अनि नरेन्द्र प्रसाईबाट त्यतिखेर मौखिक रूपमा प्राप्त भएको र त्यही कवितासङ्ग्रहको प्रकाशकीय (वरिष्ठ बहुमुखी नेपाली साहित्य स्रष्टा इन्दिरा प्रसाईद्वारा लेखिएको, पृ.६) को विशेष जानकारीसमेतबाट थोरै खुल्न आएअनुसार कवयित्री आफैँले आफ्ना कविताका प्रारम्भिक क्रम र परिवेश आदिबारे कतिपय विशेष सङ्केत गरेका समेत भेटिन्छ ।

उपर्युक्त सन्दर्भमा नेपाली भाषामा कवयित्री सुनीता कार्कीको प्राथमिक प्रतिभाप्रस्फुटन उहाँ कक्षा ८ मा पढ्दादेखि नै हुन थालेको र पछि अमृत साइन्स कलेज, काठमाडौँमा आईएस्सी तहका कक्षाहरूमा पढ्दा दुई वर्षका बीचका (विशेष गरी आफ्ना माध्यमिक विद्यालय तहका १० कक्षासम्मकै र आईएस्सी तहमा पनि नछुट्टिई सँगै पढ्न पुगेका) आफ्ना पुराना नै साथीसमूहबीच सो कविप्रतिभा चिनिएको र केही मौलाएको अनि २०३९ सालमा सो आईएस्सी तहको परीक्षा

सकी पोखरा गएका बखत नेपाली साहित्यकी बहुमुखी प्रतिभा प्रतिष्ठित कवयित्री वानीरा गिरीसँग कवयित्री सुनीता कार्कीको भेट भएको र 'जानी नजानी' कवितासङ्ग्रहकै 'बाबाआमा' भन्ने अर्को कविताका पहिलो अनुच्छेदबाटै प्राप्त थप जानकारीअनुसार उन्नाइस वसन्त जन्मघर वा माइतीघरमा बिताई २०४१ साल वैशाख १० गते लोकमान कार्कीसँग सुनीता सिंहको बिहे भएपछि ('जानी नजानी' कवितासङ्ग्रहको 'एकअर्का' भन्ने कविताको गद्यात्मक रचनासन्दर्भ, पृ.३७) पनि उहाँको कवितारचनाक्रम नेपथ्यभित्रको एकान्त साधनाका रूपमा नै चलिरहेको र खास गरी उहाँको एक गीतरचना पति लोकमान कार्कीले भेटी खुसी भई प्रोत्साहित गर्दै 'रेडियो नेपाल'को सुप्रसिद्ध राष्ट्रिय श्रव्य सञ्चार माध्यमबाट प्रसिद्ध सङ्गीतकार शम्भुजित बास्कोटाको सङ्गीतरचना र गायक गोपालमान श्रेष्ठका गायनमा २०५० सालतिर सार्वजनिक गर्ने व्यवस्था मिलाइदिएको जानकारी प्राप्त हुन आउँछ । यसबाट किशोरीकालका वयसन्धिका उमेरतिर २०३० सालको दशकको मध्यतिरदेखि नै (अनुमानत: २०३४–२०३५ सालताक) किशोरी कवयित्री सुनीता सिंहको कविताप्रस्फुटन हुन थाली 'जानी नजानी' कवितासङ्ग्रहकै 'बाबाआमा' भन्ने अर्को कविता (पृ.८५–८६) को पहिलो अनुच्छेदबाटै प्राप्त पूर्वोक्त जानकारीअनुसार पनि उन्नाइस वसन्त जन्मघर वा माइती घरमा बिताई प्रारम्भिक कविताप्रस्फुटन र कविता लेख्दै गर्ने रुचि प्राय: नेपथ्यगत रूपमै बढ्न थालेको र बिहे भई पतिसँगै कर्मघरमा आएपछि पनि एकान्त सिर्जनाकै रूपमा नै कवितासिर्जनाक्रम बढ्दै रहेको अनि खास गरी २०५० सालभन्दा अगिसम्म त्यसरी नै नेपाली कविताकी प्राय: मौन एकान्त साधिकाका रूपमा रही गरिएको उहाँको कवितायात्राले हालसम्म पुगनपुग साढे चार दशकजति समयावधिको साधना पूरा गरिसकेको देखिन आउँछ ।

साथै २०७० सालमा कवयित्री सुनीता कार्कीको उपर्युक्त 'जानी नजानी' भन्ने पहिलो कवितासङ्ग्रह प्रकाशित हुँदा यसले सुखद रूपमा उहाँको सिर्जनशील व्यक्तित्वअन्तर्गतको कवयित्रीका अतिरिक्त अर्को कलाकार अवतारतर्फको विशेष जानकारी पनि प्रदान गरेको हो । यसको पृष्ठ ९९ पछिको 'मेरो चित्रहरू' भन्ने अन्तिम भागअन्तर्गतका पृ.१०३–११५ का तेह्रवटा प्रायः दृष्टिसुखद र मनोरम भावपूर्ण सूक्ष्म संरचनाका श्यामश्वेत चित्रहरूद्वारा रचिएको एक रोचक चित्रावलीको थप समावेशमार्फत यी श्यामश्वेत प्रस्तुतिका र आरेख या रेखाचित्रजस्तो झल्को पनि केही मात्रामा दिने अनि प्रकृति र परिवेश तथा अरू वस्तुका चित्ररचनासँगसँगै खास गरी नरनारीका व्यक्तिचित्र र तिनका मुहारचित्रमा कलाकारीय विशेष दक्षता झुल्किन आउने तेह्रवटा कलाकृतिका बारेमा आपातदृष्टिबाट गरिएको सरसरती अवलोकनबाटै पनि यिनमा पर्याप्त माझिएको कलाकारीय कूचीको मिही स्पर्श पाएको रेखासौष्ठव र परिमित श्यामश्वेत रङ्गसंयोजनको विशेष कौशलसमेत झल्किन आएको अनुभव मैले गरेको छु । त्यस्तै सम्बन्धित वस्तु, परिवेश वा व्यष्टि/व्यक्तिको विविध मूर्त-अमूर्त ढङ्गको मोटामोटी सूक्ष्म रूपाकृति र दृष्टिभङ्गिमाको कलात्मक चित्रणको विस्मयकारी र आह्लादक चाक्षुष संवेद्यतासँगै प्रातिभ कल्पनाशील सृजनात्मक भावसघनता र भावातिरेकको मुग्धकारी मनोरम चित्रात्मक कलाकारिताको अन्तर्झलक पनि यहाँ यी चित्रात्मक कलाकृतिहरूमध्ये अधिकांशमा पर्याप्त आस्वाद्य रहेको पाइन्छ विशेष गरी यसका पृ.१०३, १०४, १०६, १०८, १०९, १११, ११२, ११३ र ११५ का, सुनीताकृत, यी सफल कलाकृतिमा । यसरी उहाँको यो 'जानी नजानी' नाउँको पहिलो कवितासङ्ग्रह एकातर्फ कवित्वको र त्यसको रचनासन्दर्भका साथै मूल भावभूमिको स्वयम् व्याख्याकारी आफ्नै गद्यरचनाको सङ्गम अनि अर्कातर्फ चित्रकलाकारितासमेतको योगबाट तीन थरी सृजनधाराको

त्रिवेणीसङ्गम हुन पुगेको हो । तसर्थ साहित्यिक कवि र गद्यकार अनि कलाकार नेपाली नारीव्यक्तित्व सुनीता कार्कीको सहउपस्थितिले यस कवितासङ्ग्रहको प्रकाशन अलि विलक्षण किसिमको सृजनात्मक घटनासमेत हुन पुगेको हुँदै हो । यहींनेर के पनि स्मरणीय र उल्लेखनीय छ भने उहाँको प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' भन्ने कवितासङ्ग्रहका आखिरीतिर पनि यसरी नै उहाँका अरू थप पन्ध्रवटा सुन्दर चित्रकलाकृतिहरू प्रस्तुत भएका छन् । साथै आशा गरौँ– भविष्यमा समेत उहाँको यो कलाकार नारीव्यक्तित्व सृजनात्मक रूपमा गतिमय हुँदै रहोस् ।

यति पूर्वप्रसङ्गको चर्चासँगै अब सुनीता कार्कीको प्रस्तुत दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहकै बारेमा विशेष केन्द्रित रही त्यसबारे नै अलिकति समीक्षात्मक मन्तव्य यहाँ प्रस्तुत गर्नेतर्फ लागौँ ।

**समीक्षात्मक पर्यवलोकन**

यहाँ प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहसम्बन्धी यो समीक्षात्मक पर्यवलोकन प्रथमतः उक्त कवितासङ्ग्रहको मूलभूत स्वरूप र रचनागत समयबारे सङ्केत गर्दै विशेषतः यस कवितासङ्ग्रहका कथ्य विषयगत अन्तर्वस्तु, भाव र चिन्तनलगायतको सेरोफेरोको सूक्ष्म पर्यवलोकन गर्दै यसका अभिव्यक्तिपक्षसँग सन्दर्भित विशेष गरी लयगत, भाषाशैलीगत र उक्तिलगायत कतिपय पक्षका समीक्षात्मक संक्षिप्त चर्चातर्फ प्रवृत्त हुनेछ अनि अन्त्यतः कलाकार सुनीताको चित्रकलाको दोस्रो विशिष्ट खेपको कलात्मक समीक्षापरक संक्षिप्त पर्यवलोकनसहित अन्तिम समीक्षात्मक 'टुङ्ग्याउनी'मा पुगी टुङ्गिनेछ ।

**मुख्य कथ्य अन्तर्वस्तु एवं भाव र चिन्तनलगायतको परिवृत्त**

कवयित्री सुनीता कार्कीको प्रस्तुत दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'का कविताहरूले चर्चेको विषयवस्तुगत समष्टि

राष्ट्रिय समयसन्दर्भतर्फ ध्यान दिँदा चाहिँ यहाँ (यस दोस्रो कवितासङ्ग्रहअन्तर्गत) नेपालको समकालीन इतिहास पनि भन्न सकिने माओवादी जनयुद्धकाल (वि.सं.२०५२–२०६३), युगान्तकारी ऐतिहासिक जनआन्दोलन (२०६२–२०६३), अन्तरिम संविधान (२०६३) अनि संविधानसभाको दुई कार्यकाल र नेपालको संविधान २०७२ को निर्माणका क्रममा लागेको अवधि (२०६४–२०७२) र महाभूकम्पको समयसन्दर्भ (२०७२ यता) र कोभिड– १९ वा कोरोना (चक्रे विषाणु– १९) नामक जैविक महामारीकाल (२०७६–२०७८) आदिको झन्डै विगत साढे तीन दशकको समयसन्दर्भबाट उत्प्रेरित उद्‌गारका रूपका रचिएका कविता नै ज्यादाजसो रहेका छन् ।

कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्'नामक दोस्रो कवितासङ्ग्रहमा सङ्ग्रह गरिएका तेत्तिसवटै कविताको पठन र अन्तर्मनन गरेर हेर्दा यहाँका कविताको समष्टि कथ्य विषयवस्तुगत वा अन्तर्वस्तुगत तहका कवितागत परिवेश, भाव र विचार वा चिन्तनका संश्लिष्ट अभिव्यक्तिलाई मोटामोटीमा यसरी मुख्य चार अन्तर्वस्तुगत पक्ष वा केन्द्रमा राखी वर्गीकृत गर्न सकिने देखिन्छ– (१) प्रकृतिपरक (विशेषत: नेपाली प्रकृति, वनस्पति र जीवजगत्‌समेत समेटिएको), (२) नेपाल राष्ट्र तथा समसामयिक नेपाली राष्ट्रिय जीवनपरक, (३) नारीपरक (नरनारीका प्रणय र दाम्पत्य जीवन एवं नेपाली नारीमुक्तिचेतनासम्बन्धी) र (४) जगत् र जीवनसम्बन्धी चिन्तनपरक (प्रकृतिमानवसम्बन्ध, मानवता, राष्ट्रियता, राज्य, समाज, राजनीति र प्रशासन एवं सुशासन र विकाससन्दर्भ, लैङ्गिकता, वर्गीयता एवं धर्मसंस्कृति र अध्यात्मपरकलगायत विविधतापूर्ण स्थूल र सूक्ष्मसमेत विशेष चिन्तनसम्बन्धी) । वास्तवमा यी कवयित्री सुनीताका 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कविताजगत्‌मा पाठकीय र भावकीय क्रमिक प्रवेश र समीक्षात्मक आन्तरिक

अवलोकनका निम्तिका स्थूल वर्गीकृत प्राथमिक र यथाशक्य रूपमा प्रयोग गरिने आधारसम्म हुन् र यी चारवटै पक्षहरू खास कवितारचनाका आन्तरिक स्तरमा भने प्राय: परस्पर अन्तर्मिश्रित र संश्लिष्टसमेत रहेका छन् अनि यिनसँग जीवनजगत्का अन्य अनेक पक्षहरू पनि आबद्ध र सहसम्बद्ध रहेको देखिन आउँछ । अब यहाँ यसै सन्दर्भमा यसपछि क्रमश: यिनै चार थरी अन्तर्वस्तुस्वरूप पक्षविशेषमा केन्द्रित रही प्रस्तुत कवितासङ्ग्रहको कवितागत समीक्षात्मक पर्यवलोकन क्रमश: गरिनेछ ।

**प्रकृतिपरक कविताको समीक्षात्मक पर्यवलोकन**

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका 'प्रकृतिको अस्तित्वको सन्देश', 'पृथ्वीको गर्भ' या 'जलधारा एक रूप अनेक'जस्ता केही कविताका कतिपय कवितांशमा र फाटफुट अन्यत्र पनि अन्तर्राष्ट्रिय र मानवीय एवं वैश्विक र भौगोलिक सन्दर्भतर्फसमेत केही झुकाउ देखिन्छ भने विशेषत: यहाँका प्रकृतिपरक भन्न सकिने खास कविता नेपाली प्रकृतिजगत् (प्रकृति र पर्यावरण, वनस्पतिजगत् र जीवमण्डललगायत)को यो या त्यो सेरोफेरोसित नैँ सम्बन्धित रहेको छ ।

यहाँका केही कवितामा प्रकृतिलाई नै मुख्य आलम्बन या अवलम्बन, सहआलम्बन या उद्दीपन विभावका रूपमा र अरू पनि निकै नै कवितामा उक्तिगत अर्थालङ्कारको सौन्दर्यवर्द्धक विशेष आङ्गिक तथा सजावटकारी र सौन्दर्यवर्द्धक बिम्बविधानका साधकका रूपमा समेत प्रकृतिको प्रयोग गरिएको पाइन्छ भने खास गरी प्रकृतिजगत्सँग नै वर्णनीय मूल विषय या आलम्बनका रूपमा रही प्रकृतिलाई नै मुख्य अवलम्बन तुल्याउने कविताहरूचाहिँ यी सातवटा देखा पर्दछन्– 'असम्भव प्राय: मिलन', 'भानु', 'जलधारा एक रूप अनेक', 'पृथ्वीको गर्भ', 'समय', 'प्रकृतिको अस्तित्वको सन्देश', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण'जस्ता सात कविता । साथै

यहाँका अरू निकै कवितामा पनि प्रकृतिको यो वा त्यो पक्ष र सन्दर्भको अन्तर्भूमिका केही मात्रामा सहआलम्बन र उद्दीपन विभावका रूपमा अनि खास गरी उक्तिगत अर्थालङ्कारका साधक अनेक मार्मिक बिम्बअनुबिम्ब वा बिम्बप्रतिबिम्बका रूपमा रही भन्न खोजिएको कुनै पनि मूल कथ्य वा वर्णनीय वस्तु, भाव वा सोचाइलाई विशेष प्रभावकारी एवं अलङ्कृत तथा शोभाकारी तुल्याई उक्तिगत सौन्दर्यको वृद्धि गर्ने क्रममा भने उल्लेखनीय रूपमा नै रहेको पाइन्छ र त्यस्ता कविता यी हुन्– 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'गाईजात्रा', 'शून्यतामा', 'कालो दाग', 'कुलकी मान', 'बिना', 'वेदना एक मानव भ्रूणको', 'कस्तूरी सुवास', 'समर्पित', 'अपरिहार्य', 'अधुरो कल्पना', 'एक भूल', 'साथ रहोस् नरहोस्', 'अदम्य साहस', 'बन्दी पुस्तक' र 'नारी' । यहाँका यी जम्मा चौबिस कवितालाई सामान्यत प्रकृतिपरक ठान्न सकिन्छ र यी यस 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका ऋन्डै तेत्तिस कवितामध्ये दुईतिहाइभन्दा केही बढी नै देखा पर्छन् ।

उपर्युक्त प्रकृतिको यो वा त्यो पक्ष नै मूल आलम्बन या अवलम्बन र वर्णनीय विषयमा रहेका प्रकृतिपरक मुख्य सात कविताबाहेकका अरू अंशत: प्रकृतिपरक कविताबाट उद्धृत केही कवितांश परिमित दृष्टान्तका रूपमा प्रस्तुत छन्– (क) 'वरको वृक्ष बनी/शीतल छाया प्रदान गर्न/चाहन्छु'– 'समर्पित' कविताबाट, (ख) 'पहिलो प्रभातको किरण बनी/तिमीभरि उदाउने मेरा रहरहरू/नढाकून् काला मेघले/कहीँ कतै बर्सात बनी'– 'अपरिहार्य' कविताबाट, (ग) गोधूलि साँझमा रङ्गीन आकाशमा/अस्त हुँदो रविको/अस्तव्यस्त छायास्वरूप हुँ म'– 'एक भूल' कविताबाट, (घ) 'हरियाली प्रकृतिको कोखमा/लुटिएकी पतझडकी वृक्ष हुँ म'– पूर्ववत्, (ङ) 'किन वसन्तबतासझैँ/चञ्चलशील लहर मनका'– 'साथ रहोस् नरहोस्' कविताबाट र (च) 'तिम्रो कालो मेघवेष्टित मनभित्र/सलबलाहट क्षीण भयो'– पूर्ववत् ।

उपर्युक्त परिप्रेक्ष्यमा यस सङ्ग्रहका प्रकृतिपरक दृष्टिकोणका विशेष अभिव्यञ्जक उत्कृष्ट कविताचाहिँ ‘भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण’ तथा ‘प्रकृतिको अस्तित्वको सन्देश’ नै देखा पर्दछन् । कतिपय वैचारिक सन्दर्भका आधारमा अब उपर्युक्त दुई कविताको समीक्षात्मक पर्यवलोकनका साथै यिनका प्रकृतिपरक विशेष अभिव्यञ्जक भाव वा सन्देशउपर पनि दृष्टिपात गर्दै क्रमश: अगि बढौँ ।

१. प्रकृति, वनस्पति र जीव एवं मानवजीवनबीचको अन्तरसम्बन्धका वर्तमान चुनौती तथा सङ्कटापन्न प्रकृति तथा पर्यावरणको संरक्षणसँग विशेष सम्बन्धित रहेका छन् उपर्युक्त दुवै कविता : ‘प्रकृतिको अस्तित्वको सन्देश’ र ‘भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण’ कविता । उपर्युक्त कविताहरूमध्ये ‘प्रकृतिको अस्तित्वको सन्देश’ कविताको मूल वर्णनीय विषय रहेको छ २०७६ सालका आखिरी महिनाहरू हुँदै नेपाल प्रवेश गरेको वर्तमान विश्वव्यापी कोरोना जैविक महामारीको उग्र घातक प्रभावको सन्दर्भ । यो कविता उक्त कोभिड १९ पनि भनिने र चक्रे विषाणुजन्य महामारीले नेपाली जीवनमा ल्याएका विशेष कहर र सन्त्रास एवं घातक असर र मानवीय जीवनका अपार क्षतिसँग नै प्रथमत: सन्दर्भित रहेको छ । नेपालमा यो महामारी बेलाबखत उग्र रही हाल केही मत्थर भए पनि पूर्ण नियन्त्रणमा भने अझै आउन सकेको छैन । यहाँ उक्त तीव्र सरुवा महामारीले ल्याएको सन्त्रास र घातक प्रभावकै सन्दर्भमा प्रकृति, जीवनजगत् र मानवजीवनका अन्तरसम्बन्धका बारेमा र वर्तमान समयमा तीव्र रूपमा भइरहेको प्रकृति र पर्यावरणको क्षति र त्यसले निम्त्याएको मानवसभ्यताका सङ्कटका बारेमा पनि विमर्श गरिएको पाइन्छ । त्यस्तै यहाँ जुन ठूलो र व्यापक परिमाणमा प्रकृति धर्तीको मानवकृत विनाशका साथै पर्यावरणको तीव्र ह्रास हुन पुगेको छ त्यस सन्दर्भमा सक्दो छिटो

तिनको संरक्षण र पुनर्भरण गर्न मानवजातिलाई आह्वान पनि गरिएको पाइन्छ । साथै यहाँ प्रकृति र पर्यावरणलाई ठूलो क्षति पुऱ्याई गरिएको उक्त मानवीय चरम प्रकृतिदोहनले गर्दा पनि कोभिड– १९ जस्तो आजको विश्वकै मानवजातिलाई दुई वर्षमा पनि केही प्रतिरक्षात्मक उपाय खोजे पनि पूर्ण नियन्त्रण गर्न कठिन भइरहेको र सामान्य मानवीय आँखाका निम्ति अदृश्य यस जैविक महामारीको विश्वव्यापी उग्र प्रकोप भोग्दै वर्तमान मानवसभ्यता असहाय र अकिञ्चनतुल्य देखिन पुगेको सन्दर्भसमेत देखाइएको छ । त्यही चक्रै वा कोरोना विषाणुले मानिसका वर्तमान प्राय: विवशता र असहायताका स्थितिप्रति खिज्याएको र स्वयम् मानिसले पनि त्यसलाई स्वीकार गर्दै विश्वमा आफू सर्वशक्तिमान् स्वामी नरहेको अनि प्रकृतिपर्यावरण र मानिसका सभ्यताका बीच अपेक्षित सन्तुलन र तादात्म्य कायम गर्नु अपरिहार्य ठानेको कुरा यहाँ प्रकृति, कोरोना विषाणु र मानिसका क्रमिक आत्मालापशृङ्खलाको कवितात्मक र अन्तरसंवादपूर्ण अभिव्यक्तिमार्फत मूल सन्देशका रूपमा प्रवाहित भएको पाइन्छ । त्यस्तै यहाँ प्रकृति र वातावरण वा पर्यावरणको संरक्षण र त्यसको स्वच्छता र सुरक्षितताका पुन: स्थापनामा पूर्ण ध्यान दिनुपर्ने चेतावनीपूर्ण विशेष सन्देश पनि प्रकृतिद्वारा मानवजातिलाई दिइएको छ । यहाँ यस सन्दर्भमा मानवीकृत धर्ती प्रकृतिको गुनासोअन्तर्गत प्रकृति र पर्यावरणको विध्वंस गर्ने यस्तो परम लोभी लालची हुन पुगेको मानवजाति र वर्तमान मानवसभ्यताप्रतिको हास्यव्यङ्ग्य र उपहासको भाव पनि निकै तीव्र आक्रोशपूर्ण रहेको छ र तिक्खर रूपमा व्यक्त हुन पुगेको छ । उपर्युक्त सन्दर्भमा तल यसै 'प्रकृतिको अस्तित्वको सन्देश' कविताबाट उद्धृत केही कवितांश परिमित दृष्टान्तका रूपमा उद्धृत र प्रस्तुत छन्–

**'अस्तव्यस्त मेरो हालत**
**लुटिएकी नारीसमान**

**जगल्टिएका यी केश**
**लुछिएको जङ्गलसमान**
**उछिट्टिएका दन्तलहर**
**हिमाल पग्लिई खिइएका नाङ्गा पहाडसमान'**
–'प्रकृतिको अस्तित्वको सन्देश'बाट

**'गिज्याएथेँ अस्तित्वलाई पनि**
**आफ्नो शक्तिप्रदर्शनमा झन्झन् समर्थ बनी**
**आज गाँज्यो एक तुच्छ जीवले**
**हल्लाइदियो मेरो अस्तित्व उसले'**
–पूर्ववत्

**'प्रकृतिको पर्यावरणीय सन्तुलन समाप्त पार्ने**
**तिमी नै हौ मानव'**
–पूर्ववत्

२. अर्को 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' भन्ने कवितामा चाहिँ २०७२ सालको नेपालको भूकम्पको प्रभाव र त्यसले पुऱ्याएको अपार क्षति एवं भूकम्पोत्तर परवर्ती पुनर्निर्माणको प्रसङ्गका अनुभूति र चिन्तनसँग सम्बन्धित रहेको छ । यहाँ २०७२ साल वैशाख १२ गते गोरखाको बारपाक क्षेत्रलाई केन्द्रबिन्दु बनाई सुरु भएको भीषण र विध्वंसक महाभूकम्प र त्यसका परकम्पका लामो लहर या शृङ्खलाले गर्दा हुन आएको नेपालको राजधानी उपत्यकालगायत नेपालका कतिपय क्षेत्रको अपार प्राकृतिक र भौतिक संरचनाको विपुल विनाश तथा क्षतिका साथै ठूलो परिमाणमा नेपालीहरूको जनधनको अकार्थ हरण र राष्ट्रिय विविध प्राचीन सम्पदाको समेत ठूलो खतीसँगै त्यसले नेपाली जनजीवनमा अनुभव गराएको समकालीन भयसन्त्रास र अत्यन्त करुण तथा त्रासदीपूर्ण कहरका दुःखद घटना र शोकको पनि चित्रण गरिएको छ । यहाँ यस चरम त्रासद र करुण राष्ट्रिय

तथा स्थानीय गहन जनमनोवेदना र शोकको बृहत् परिदृश्यको मार्मिक चित्रणका क्रममा भूकम्पोत्तर अपेक्षित राष्ट्रिय एवं जनस्तरीय आत्मसचेतताका साथै सुदृढ पुनर्निर्माणका निम्ति गरिनुपर्ने साझा राष्ट्रिय सङ्कल्प, साहस र उत्साहको अपेक्षाको भावपूर्ण सन्देशसमेत व्यक्त भएको छ । यहाँ स्वयम् मानवजाति र नेपालीहरूले समेत जानी नजानी आफैँ जिउनुपर्ने प्राकृतिक पर्यावरण भत्किने गरी विकासका नाउँमा विविध दुर्लभ प्राकृतिक स्रोत तथा पर्यावरणको विमूढ तथा अन्धाधुन्ध विनाश गर्दै अपरिमित रूपमा प्राकृतिक स्रोतको अति नै अनुचित हदसम्म दोहन गर्ने मानवीय भौतिक अति लोभलाल्चा र कुमतिले समेत गर्दा भूकम्पलहरको विध्वंसक र विघातक बहुआयामलाई निकै नै ठूलो परिमाणमा विस्तारित गरेको विशेष जानकारीसँगै नेपालकी धर्तीमाताका तर्फबाट केही आक्रोश र व्यङ्गोपहासको भावसँगै करुण वात्सल्य भावसमेत मिश्रित रूपमा व्यक्त गरी अब पुनर्निर्माणका क्रमदेखि नै प्रकृतिसंरक्षणमा पनि पर्याप्त ध्यान दिनुपर्ने विशेष सन्देशसमेत यस कविताबाट पनि अभिव्यक्त हुन पुगेको छ । यसै सन्दर्भमा तल यसै ‘भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण’ कविताबाट उद्धृत केही कवितांश परिमित दृष्टान्तका रूपमा उद्धृत र प्रस्तुत छन्–

**‘न छोड्यौ सांस्कृतिक धरोहर**
**न सुन्यौ गरिबको पुकार**
**नेत्र बन्द गरेर खर्लप्प निल्यौ**
**वसन्तपुर, भक्तपुर, नुवाकोट अनि गोरखा दरबार’**
–‘भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण’बाट

**‘धरहरा निमोठ्यौ त्यसरी**
**मात्तिएको हात्तीको सुँडले**
**कमल निचोर्छ जसरी** .....’

**यहाँका नेपाल राष्ट्र र समकालीन नेपाली राष्ट्रिय जीवनसँग सम्बन्धित कविताको समीक्षात्मक पर्यवलोकन**

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहअन्तर्गत नेपाल राष्ट्र र राष्ट्रप्रेम वा देशप्रेम एवं समकालीन नेपाली राष्ट्रिय जीवनको समष्टिगत यो वा त्यो पक्षसँग र स्वयम् कवयित्री सुनीता कार्कीका आफ्नै निजात्मक र आत्मपरक जीवनभोगाइका साथै सार्वजनिक जीवनसञ्चेतनासँग सम्बन्धित कतिपय सन्दर्भसँग जोडिएका विगत अढाइ दशक वा एक चौथाइ शताब्दीजति समयका स्थूल या सूक्ष्म अनुप्रभाव अन्तर्निहित रहेका कवितामध्ये मूल रूपमा, गौण रूपमा या आंशिक रूपमा सम्बद्ध रहेका विशेष उल्लेख्य कविताहरू यी हुन्– (क) 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', 'प्रकृतिको अस्तित्वको सन्देश', 'नमुना नेपाल', 'कालो दाग', 'उम्लिएर बगोस्', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'पृथ्वीको गर्भ'; (ख) 'वेदना एक मानव भ्रूणको', 'बन्दी पुस्तक', 'भानु', 'अदम्य साहस', 'स्थितप्रज्ञ', 'बिना' र 'अपरिहार्य'; (ग) 'अधुरो कामना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने', 'एक भूल', 'कस्तूरी सुवास' र 'जलधारा एक रूप अनेक' । अब खास गरी विगत अढाइ दशकजति (वि.सं.२०५२ यताको र २०७८ सालसम्मको) समकालीन नेपाली जीवनसन्दर्भका साथै स्वयम् कवयित्रीका जीवनका वैयक्तिक र पारिवारिक सन्दर्भ तथा सार्वजनिक जीवनभोगाइका अनुभव एवं तिनले उहाँका सृजनात्मक मानसतलमा पारेका सूक्ष्म प्रभाव र प्रतिच्छायाका रूपमा धेरथोर वा न्यूनाधिक सृजनात्मक अनुप्रभाव परेको देखिने यी एक्काइस कविताहरूको अपेक्षित सरसरती अवलोकन गरी तीमध्येबाट छानिएका कतिपय कविताहरूबाट उद्धृत गरिएका परिमित कवितांशहरूको स्वल्प आस्वादन र अन्तर्मननसमेतका दिशातर्फ क्रमश: यो चर्चा उन्मुख हुनेछ । यस सन्दर्भमा समकालीन नेपालको हालैका दुई विशेष उल्लेख्य घटनासन्दर्भका रूपमा रहेका २०७२ सालको महाभूकम्पको कहर र

सन्त्रास तथा अपार क्षतिका साथै २०७६ सालका आखिरीतिर नेपालमा प्रवेश गरी नेपाली राष्ट्रिय जीवनमा महासन्त्रास र चरम आतङ्क पैदा गर्दै विपुल मानवीय जीवन क्षतिसमेत गराउने कोरोनानामक जैविक विश्वमहामारीको घटनासँग क्रमश: सम्बन्धित 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' र 'प्रकृतिको अस्तित्वको सन्देश' कविताका बारेमा चाहिँ माथि प्रकृतिपरक कविताकै समीक्षात्मक पर्यवलोकनका क्रममा नै विस्तृत चर्चा गरिएको हुँदा अब अरू सन्दर्भित कविताबारे नै यहाँ चर्चा गरौँ ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका निकै कविताहरूमा नै समयुगीन दसबर्से माओवादी जनयुद्धकाल (वि.सं.१९५२–२०६३) का सशस्त्र हत्या, हिंसा र आतङ्क एवं राष्ट्रिय शान्ति र सुरक्षा पूर्णत: खलबलिएको अत्यन्त त्रासद र करुण समय तथा परिवेशको नेपाली जनस्तरीय भोगाइको पीडा उल्लेख्य रूपमा मुखरित हुन पुगेको पाइन्छ । त्यस्तै त्यसकै अन्तिमतिरको समयसन्दर्भमा भएको र ठूलो युगान्तकारी महत्त्व रहेको २०६२/२०६३ सालको ऐतिहासिक जनआन्दोलन र त्यससँगै क्रमश: आमूलचूल रूपमा परिवर्तित राजनैतिक स्थितिमा २०६३ सालका सुरुमा हिन्दु राष्ट्र नेपालको खारेजी र धर्मनिरपेक्ष नेपालको जुन घोषणा भयो र नेपालको अन्तरिम संविधान (२०६४) र पछि संविधानसभाबाट बनेको नेपालको संविधान, २०७२ मा पनि सो परिवर्तन कायमै रह्यो । कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रह (२०७८) अन्तर्गतको 'नवदुर्गा भवानी : एकताकी सूत्र' कविताका अनुच्छेद ३–४ मा त्यस परिवर्तनबाट कवयित्रीको चित्त दुखेको र उहाँले हिन्दु राष्ट्रको सम्मान नेपाललाई दिइनुपर्ने भनी चाहेको भावसमेत व्यक्त भएको पाइन्छ ।

पूरै नयाँ रूपमा नेपालको संविधानको निर्माणका क्रममा दुई संविधानसभाकाल र त्यसका जनप्रतिनिधिहरूद्वारा बनाइएको

निर्वाचित जनप्रतिनिधिको सहीछाप परेको र बनाइएको नेपालको संविधान २०७२ को निर्माणका समसमय (२०६४–२०७२) को सचेत, जागृत र प्रबुद्ध नेपाली जनताका भोगाइका क्रममा पनि एकातर्फ मुख्यत: जातीय एवं क्षेत्रीय चरम द्वन्द्व र धर्मनिरपेक्षता तथा हिन्दु राष्ट्र नेपालसम्बन्धी विवाद एवं हस्तक्षेपी बाह्य प्रभावसमेत निकै बढेको अन्तरिम तथा सङ्क्रमणकालीन समय र परिवेशका राष्ट्रिय र जनस्तरीय अन्योल अनि नेपाल देश र नेपाली समाजको अन्तर्विखण्डनको सम्भाव्य सन्त्रास अनि जनप्रतिनिधिबाट नयाँ संविधान नै नबन्ला कि भन्ने भय र त्यो बनेपछि पनि कतिपय क्षेत्र र तप्कामा देखिएको अलि उग्र असन्तुष्टिको अभिव्यक्ति र प्रत्यक्षअप्रत्यक्ष बाह्य नाकाबन्दी आदि घटनाप्रतिघटनाको स्थूल वा सूक्ष्म प्रतिबिम्बन पनि यहाँका केही कवितामा व्यक्त भएको छ ।

यहाँका विशेष सन्दर्भमा समकालीन भनिएको उक्त समयसन्दर्भका राष्ट्रिय स्रोतसाधन तथा राज्यकोषका चरम स्वार्थपूर्ण दोहनलगायतमा राजनैतिक, प्रशासनिक र व्यापारिक आदि तहतप्काका मिलीजुली र भागबन्डा एवं भ्रष्टाचारमा अभिवृद्धि र त्यसउपर नियन्त्रणकारी सुशासनको कमी प्रभृति अरू अनेक आर्थिक विचलन र विसङ्गतिका परिस्थितिप्रतिको उद्वेगपूर्ण नागरिक चिन्ता र चिन्तनका छाया र प्रतिच्छाया पनि यस सङ्ग्रहका अनेक कवितामा स्थूल वा सूक्ष्म तहमा परेको देखिन आउँछ । साथै यहाँ कृषिबालीका उत्पादनमा मानिसका निम्ति हानिकारक कालविषको उत्पादन पनि मिसिन थालेकोमा त्यसको नियन्त्रण छिटो हुनुपर्ने चिन्ताको रछाया पनि भेटिन्छ । त्यस्तै वैदेशिक रोजगारमा गएका गरिब नेपालीका विप्रेषणका कमाइबाट अप्ठचारो अवस्थाको नेपाली अर्थतन्त्रलाई टेको प्राप्त हुनु तर तिनको जीवन र कमाइको सुरक्षाप्रति प्राय: सरकार हुनुपर्ने जति संवेदनशील नरहनु पनि यहाँ व्यक्त भएको एक उल्लेख्य समकालीन सन्दर्भ हो । यी र यीबाहेक पनि यहाँ

राष्ट्रढुकुटीको निकै भाग नाना थरी स्वार्थका साधनामा रित्तिनु, जनताको चरम शोषण हुनु र गरिब जनतामाथि थप भर पर्नु, देशमा कालाबजारी र तस्करी मौलाउनु, रक्षक भक्षक बनी गरिने कतिपय बृहत् स्तरका वनविनाश, झोलामा खोला बोक्नु, झोले विद्यालय, तरुनी आइमाईको खास गरी देशबाहिर पुऱ्याई बेचबिखन, भ्रूणहत्या र स्त्रीभ्रूणसङ्कट, पुरुषवर्गीय विश्वासघात र नारीजीवनका अनपेक्षित बिचल्ली तथा दमित नारीअस्मिताको उद्बोधन, नयाँनयाँ मोहनीदार र प्रमोदपूर्ण सञ्चारका उपकरणका आकर्षणमा ज्ञानराशि सञ्चित भएका पुस्तक दराजमै बन्द हुन थाल्नु, न्यायक्षेत्रमा पनि विभिन्न रूपमा देखिँदो बिथिति अनि विसङ्गति आदि अनेक समकालीन विचलनहरूको र आदर्शको स्खलन तथा नैतिक मूल्यको ह्रासको अवस्थाको मोटामोटी या सूक्ष्म अङ्कनसमेत आक्रोश र व्यङ्ग्योपहासका साथ अनि तिनमा सुधारको अन्तर्निहित कामनासहित पूर्वोक्त एक्काइस कवितामा पनि व्यक्त हुन पुगेको पाइन्छ । यस सन्दर्भमा यहाँ विशेष गरी यी कवितासमेत उदाहरणीय छन्– 'नमुना नेपाल', 'कालो दाग', 'उम्लिएर बगोस्', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'वेदना एक मानव भ्रूणको', 'एक भूल', 'कस्तूरी सुवास', 'अधुरो कल्पना', 'अदम्य साहस', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'साथ रहोस् नरहोस्', 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'बन्दी पुस्तक' आदि ।

यहाँ मूलत: नेपाल राष्ट्र, राष्ट्रियता, राष्ट्रप्रेम तथा राष्ट्रिय एवं सामाजिक एकताको चासो, चिन्ता र चिन्तनसँगै समकालीन नेपाली राष्ट्रिय जीवनका राजनैतिक र अरू क्षेत्रका कतिपय विसङ्गतिप्रति विशेषत: खरो या मलुवा आक्रोश र व्यङ्ग्योपहाससमेत व्यक्त गर्ने केही कवितांश तल क्रमश: उद्धृत हुनेछन्–

१. राष्ट्रप्रेम वा नेपालप्रेम र नेपाली प्रेम अनि नेपाली राष्ट्रिय ऐक्य, राष्ट्रियता र राष्ट्रिय सोचका सन्दर्भमा समकालीन नेपाली

राष्ट्रिय जीवनमा नि:स्वार्थ देशभक्त राष्ट्रिय नेतृत्वको कमीप्रति सङ्केतशील एक कवितांश तल उद्धृत छ–

**'किन कोही मेरो देश बनाउने सपूत**
**जन्मदैन'**
–'सुषुप्त महत्त्वाकाङ्क्षा'बाट'

२. देश र राज्य एवं जनताप्रति अपार प्रेमभाव र निष्ठा तथा परम सेवाभावका आदर्शबाट विचलित तथा स्वार्थान्ध र लोभीलालची सत्ताको राजनीति र देश र राज्यका सकल स्रोतको हालीमुहाली र भोगउपभोगका एकल, परिवारवादी, मिलीजुली र भागबन्डासम्बन्धी राजनीतिक र राजनीतिप्रभावित सन्दर्भप्रति अलि आक्रोशसँगै केही व्यङ्ग्यशील र उपहासपरक सम्बन्धित केही कवितांश तल उद्धृत छन्–

**'तिम्रा कुर्सी र सत्ताका लागि**
**नेपाल आमा उत्पीडित**
**हुँदै छिन्**
**'एकअर्कालाई दोषारोपण गरी**
**भएको अस्तित्व पनि बेची**
**आत्मसम्मान बन्धक राखी**
**भागबन्डामा अल्झिने खेल छोड अब'**
–'सुषुप्त महत्त्वाकाङ्क्षा'बाट

**'सत्तातावेदार द्रव्यपिपासुहरू**
**विकास हैन परिवारवादकै**
**घेरामा रङमगाइरहेछन्'**
–'कालो दाग'बाट

**'देश**
**विकासका लागि छट्पटाइरहेछ**
**राजनीति**
**सत्ताका द्वन्द्वमै रमाइरहेछ'**
–पूर्ववत्

**'पर्वत नजर नझुकाऊ**
**यहाँ सत्ता बलात्कृत हुँदै छ**
–'सगरमाथा परेली नभिजाऊ'बाट

३. जाति र पहिचानको राजनीति तथा सामाजिक असमानतासँगै नेपाली राष्ट्रिय एकता एवं सामाजिक सुसम्बन्धका अन्तरसन्दर्भसँग समेत सम्बन्धित कतिपय विसङ्गतितर्फ सङ्केत गर्ने एक कवितांश तल उद्धृत छ–

**नेपाली भावभन्दा जातिजातिको अलगथलग**
**पीडा र भारले उनी रुँदै छिन्'**
–'सुषुप्त महत्त्वाकाङ्क्षा'बाट

४. यहाँ जातिपहिचानका आधारमा र सङ्घीयताअन्तर्गतको पृथक् प्रदेशको मागको सन्दर्भसँग जोडिएको एक सम्बन्धित कवितांश पनि तल थप उद्धृत छ–

**'उचाल्यौ तिमीले**
**पछार्‍यौ तिमीले**
**सङ्घीयताको पाठ**
**पढायौ तिमीले**
**जातिजातिबीचको**
**प्रेम, सदभाव**
**सक्दो टुटायौ तिमीले'**
–'सुषुप्त महत्त्वाकाङ्क्षा'बाट

५. नयाँ 'नेपालको संविधान' (समयसन्दर्भ: २०६३/२०६४–२०७२) को निर्माणक्रममा जननिर्वाचित (र निर्वाचित सम्बन्धित राजनैतिक दलबाट तोकिएका समानुपातिक सदस्यसमेत) छ सय एक जना जनप्रतिनिधिहरूको विशाल जत्थाको संविधानसभाका दुई कार्यकालका बीचको आठ वर्षजतिमा चर्को सकस र घोर ढिलाइप्रति राजनैतिक व्यङ्ग्योपहासको भाव व्यक्त एक कवितांश यहाँ तल प्रस्तुत छ–

**'एक थान संविधान कोर्ने प्रयास**
**सफल होस्'**
–'सुषुप्त महत्त्वाकाङ्क्षा'बाट

**'तर प्रश्न गर्छु म**
**के संविधान ल्याउन**

**राष्ट्रमा अरू पनि**
**मानवबलि चढ्नै पर्छ'**
—पूर्ववत्

६. यहाँ क्षेत्रीय तथा जातीय पहिचानको राजनीति र नेपाली राष्ट्रिय एकता तथा सामाजिक सुसम्बन्ध एवं नेपाली पहिचानको चासोसँग अन्तरसम्बन्धित एक कवितांश तल उद्धृत छ–

**'आज पूर्व लिम्बूवान रुन्छ**
**पश्चिम थरूहट**
**मजबुर बन्छ**
**हृदय जन्मिँदै नेपाली थियो**
**आर्यघाटसम्म नेपाली नै रहन पाए**
**अलि चित्त बुझ्छ'**
—'सुषुप्त महत्त्वाकाङ्क्षा'बाट

७. मुख्यत: समाजविखण्डन र देशविखण्डनका भयप्रति केही सङ्केतशील सम्बन्धित एक कवितांश तल उद्धृत छ–

**'यहाँ देश विखण्डित हुँदै छ**
**हिमाल, पहाड, तराई रुँदै छ'**
—'सगरमाथा नीर नबहाऊ'बाट

८. धार्मिक क्षेत्रका विसङ्गतिप्रति संवेदनशील र अलिकति मधुरो रूपमा व्यङ्ग्यशील एक सम्बन्धित कवितांश तल उद्धृत छ–

**'पशुपति तिमी बचाऊ**
**यहाँ तिम्रै महिमाको मोलतोल हुँदै छ'**
—'सगरमाथा परेली नभिजाऊ'बाट

**'यहाँ धर्मको व्यापार हुन्छ ......'**
—पूर्ववत्

९. समकालीन नेपाली राष्ट्रिय जीवनका आर्थिक क्षेत्रका स्वार्थसाधनामा प्रयोग हुनेतर्फ सङ्केतशील कवितांश तल उद्धृत छ–

**'राष्ट्रको ढुकुटी स्वार्थसाधनामै रित्तिन्छ'**

–'सगरमाथा परेली नभिजाऊ'बाट

१०. श्रमशील युवा नेपालीहरूको वैदेशिक रोजगार प्रवास र नेपालका कृषिक्षेत्रका कतिपय चुनौतीप्रति सङ्केत गर्ने एक कवितांश तल उद्धृत छन्–

**'धाँजा परी फाटेका गरामा सुनको बाला झुलाउनु छ**
**बिदेसिएका युवाशक्तिलाई फिराई राष्ट्रनिर्माणमा जुटाउनु छ'**

–'अदम्य साहस'बाट

**नारीजीवनका प्रेम र दाम्पत्य तथा नारीमुक्ति चेतनासम्बन्धी कविताको समीक्षापरक पर्यवलोकन**

अब कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका नेपाली नारीजीवनका प्रेम र दाम्पत्यलगायतका नरनारीसम्बन्ध एवं मातृत्व र वात्सल्यसँगै नारीमुक्तिचेतनाका विभिन्न पक्ष र उहाँका आफ्नै निजात्मक र आत्मपरक जीवनभोगाइका कतिपय विशेष सन्दर्भसँग (मूल, गौण या आंशिक रूपमा) धेरथोर वा न्यूनाधिक सम्बन्धित कविताहरू छान्ने र पर्गेल्नेतर्फ लागौँ। यहाँ उपर्युक्त परिप्रेक्ष्यमा खास गरी उल्लेख्य देखिने अठारवटा कविताहरू यी हुन्– (क) 'समर्पित', 'कुलकी मान', 'नारी', 'एक भूल', 'कस्तूरी सुवास', 'बिना', 'अपरिहार्य', 'अधुरो सपना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने'; (ख) 'वेदना एक मानव भ्रूणको', 'अदम्य साहस' र 'स्थितप्रज्ञ'; (ग) 'गाईजात्रा', 'बन्दी पुस्तक', 'असम्भव प्राय: मिलन', 'प्रकृतिको अस्तित्वको सन्देश' अनि 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण'।

अब यहाँ उपर्युक्त 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका उपर्युक्त परिप्रेक्ष्यमै यो वा त्यो नारीसन्दर्भसँग धेरथोर सम्बन्धित

रहेका पूर्वोक्त अठार कविताको सरसरती अवलोकनका आधारमा यिनबाट छानिएका कतिपय कविताहरूबाट उद्धृत केही कवितांशको आस्वादनका साथै परिमित अन्तर्मनन गर्नेतर्फ क्रमश: हामी लाग्नेछौँ ।

उपर्युक्त परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहअन्तर्गतको एक हजुरबुबाकी नातिनी र एक आमाकी छोरी नाताकी बालिका वा किशोरीको प्रसङ्गवश चर्चा गरिएको छ– 'गाईजात्रा' कवितामा । यसबाहेक 'कुलकी मान' कविता स्वयम् कवयित्रीकै 'आमा' म पात्रको आफ्नै छोरीलाई अन्माई पतिघर पठाउने बिदाइबिन्दुको स्नेहपूर्ण मङ्गलकामनासम्मको आत्माभिव्यक्ति प्रस्तुत गरिएको छ र यो छोरीप्रतिको अगाध मातृवात्सल्यको सुकोमल अनुपम स्नेहप्रवाहको भावाभिव्यक्ति हुँदै हो । यस सङ्ग्रहका नारीपरक अरू कवितामा चाहिँ मुख्यत: युवती नारीहरूका विपरीत लिङ्गी पुरुषप्रतिको प्रेमाकर्षणका क्रमका समविषम मनोदशा तथा चिरदमित नारीअस्मिताको उद्बोधन एवं दाम्पत्यसम्बन्धमा आबद्ध युवती र प्रौढा नारीका विशेष गरी आफ्ना पति वा पुरुषप्रतिको दाम्पत्यसम्बन्धको प्रगाढ स्नेहको अभिव्यक्तिसँगै पतिको सतत अभ्युदयको कामनाका साथै कुनै सङ्कट आइपर्दा पतिका प्रतिरक्षामा ढाल वा रक्षाकवच बनी खडा हुने अटल सङ्कल्पसहितको गाढा पतिप्रेमसमेतले प्रकृतिस्रोतलगायतका परम्परित र अभिनव प्राय: ऊर्जित विभिन्न बिम्बरचनामार्फत अभिव्यक्ति पाएको भेटिन्छ । यस परिप्रेक्ष्यमा प्रणयिनी नारी र प्रगाढ पतिप्रेमवती पत्नी नारीका तीव्र आवेगी मनोभाव व्यक्त गर्ने यस कवितासङ्ग्रहका (उपर्युक्त दुई थरी प्रकार वा वर्गका) ठहर्ने प्रमुख कविता यी हुन्– (क) 'समर्पित', 'असम्भव प्राय: मिलन', 'एक भूल', 'कस्तूरी सुवास', 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने' र 'नारी' अनि (ख) 'बिना', 'अपरिहार्य' र 'स्थितप्रज्ञ' । यहाँ यी नारीपरक कवितामा धेरथोर शृङ्गारिक प्रेम वा प्रणयको भावसँगै गाढा तथा विरहशृङ्गारको

भाव मुख्यत: व्यक्त हुन पुगेको छ । यहाँ बैँसालु नारीका बेचबिखनका धन्दा र पुरुषकृत नारीबलात्कारका फन्दासमेतका सन्दर्भका उत्पीडित युवती नारी पात्र 'एक भूल' र 'कस्तूरी सुवास'जस्ता केही कवितामा चित्रित छन् । यहाँका 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्' र 'जीवनले कोल्टे फेरेछ भने'जस्ता कतिपय कविताहरूमा चाहिँ पुरुषप्रेमी या पतिका विश्वासघातबाट अभ्यन्तर तहसम्मै आघात बेहोर्नुपरे पनि सँभालिई तिनमा गैरजिम्मेवार पुरुषसत्ताका दासताबाट मुक्त हुँदै आफ्ना बाँकी जीवनयात्रामा उन्मुक्त नारीचेतना र नारीअस्मिताको उद्बोधनसँगै आत्मविश्वासको पनि क्रमिक वृद्धि भइरहेको र ती नवसङ्कल्पतर्फ उन्मुख रहेको मन:स्थितिको चित्रण गरिएको भेटिन्छ । यहाँका 'बिना', 'अपरिहार्य' र 'स्थितप्रज्ञ'जस्ता कवितामा चाहिँ नारीको दृढ दाम्पत्यप्रेम र विशेष केही आइपर्दा पतिप्रतिको पूर्ण समर्थनको भाव व्यक्त भएको भेटिन्छ । यहाँ 'प्रकृतिको अस्तित्वको सन्देश', 'सुषुप्त महत्त्वाकाङ्क्षा' र 'अदम्य साहस'जस्ता कवितामा नारीलाई आमाको स्नेहमय बृहत् मातृबिम्ब प्रदान गरिएको यसै सन्दर्भको 'नारी' कवितामा चाहिँ नारीका प्रेममय अबोध बालिकारूप, जवानीको प्रेमिका र रतिरूपिणी पत्नीको रूप अनि जन्मदात्री जीवनदायिनी आमारूपसँगै बृहत् भावस्तरमा जन्मभूमिमयी माता धर्ती वा पृथ्वीको र 'नेपाल आमा'का रूपमा प्रस्तुतसमेत गरिएको पाइन्छ ।

यहाँका विशेष गरी पूर्वोक्त 'बिना' र 'अपरिहार्य' कवितामा युवती वा अधबैँसे अनि दाम्पत्य जीवनका अटल एवं अपरिहार्य पारस्परिक विश्वासका सन्दर्भमा आफ्ना पति वा पुरुषप्रति पूर्ण आस्थासहित जुनसुकै सङ्कटका अवस्थामा पनि सधैँ आफ्ना पतिको ढाल र सुरक्षाकवच बन्ने अनि आफ्ना पतिविरुद्ध आइलाग्नेहरूविरुद्ध स्वअस्तित्वको आधारजस्तो पतिअस्तित्व जोगाउन एक विषाक्त नागिनीसरह झम्टन पुग्ने अन्तर्निहित प्रचण्ड नारीशक्ति वा आदर्श पत्नीको स्वरूपको चित्रण विशेषत: गरिएको पाइन्छ । वास्तवमा

यहाँको अर्को 'स्थितप्रज्ञ' कवितासमेतका सन्दर्भमा हेर्दा चाहिँ पूर्वोक्त 'बिना' र 'अपरिहार्य' भन्ने दुई कवितामा स्वयम् कवयित्री सुनीताको दृढ पतिप्रेमपूर्ण आत्मभावनाको प्रतिबिम्बनसमेत भइरहेको बुझिन आउँछ । विशेषत: पूर्वोक्त 'स्थितप्रज्ञ' कवितामा चाहिँ उहाँका पति तथा तत्कालीन 'अख्तियार दुरुपयोग नियन्त्रण आयोग'का प्रमुख आयुक्त लोकमानसिंह कार्कीलाई पदबाट हटाउन संसदीय र दलीय सुस्पष्ट राजनैतिक प्रतिच्छाया रहेको व्यूहरचनासहित वकालती र अदालती प्रपञ्च खडा गर्ने प्रपञ्चकारीहरूविरुद्ध उहाँकी पत्नी (तथा कवयित्री) सुनीता कार्की आफ्नो दाम्पत्यधर्मको प्रतिपालन गर्ने क्रममा आफ्ना ऊर्जस्वी कविताका वाग्बाणका माध्यमबाट व्यङ्ग्योपहासपूर्ण आक्रामक शैलीमा सशक्त प्रहार गर्न उद्यत र प्रवृत्त एवं समर्थ भएको पाइन्छ । यहाँ स्वयम् पति लोकमानसिंह कार्कीचाहिँ यस्ता प्रतिघातबाट खास आन्तरिक स्तरमा अनाहत रही सांसारिक यस प्रपञ्चमय महासमरमा धैर्यशील रही उक्त पदगत मुद्दा हार्नु, जित्नुभन्दा धेरै उच्च र उदात्त आध्यात्मिक 'स्थितप्रज्ञ' चैतन्यबिन्दुमा आरूढ बनी प्रज्ञावान् जीवनयोगीका रूपमा अन्तर्विकसित भई ओशोजस्ता महाज्ञानीका गीताव्याख्याका विचारप्रवाहबाट समुत्प्रेरित हुँदै नेपाली भाषामा 'लोकगीता'जस्तो उच्च कोटिका आध्यात्मिक ग्रन्थका रचनातर्फ सृजनात्मक तहमा उत्प्रेरित भएको र सो रच्ने सिद्धि प्राप्त गर्नसमेत समर्थ हुन पुगेको भेटिन्छ ।

अवश्य नै यो 'स्थितप्रज्ञ' कविता कवयित्रीको आफ्ना पतिको सार्वजनिक जीवनको एक अप्ठ्यारो मोडका सन्दर्भमा एक भावनाशील र पतिपरायणा धर्मपत्नीको आफ्ना प्रिय पतिप्रतिको अगाध प्रेमपूर्ण दृढ अनुसमर्थनसहित पतिको काव्यात्मक प्रतिरक्षाको र प्रशंसापूर्ण गुणवर्णनका क्रममा रचिएको हुँदै हो ।

वस्तुत: कवयित्री सुनीता कार्कीले यहाँ आफ्नो स्त्रीधर्म र आपत्कालीन धर्म (आपद्धर्म) अनुसारको जुन दृढ पतिप्रेमसहित

यो काव्यिक ओजपूर्ण साथ दिएको देखिन्छ त्यो कवितास्तरमा अवश्यै स्मरणीय र उल्लेखनीय अभिव्यक्ति हुन पुगेको छ । तत्कालीन अन्तर्घटनाको सत्यतथ्य चित्रण तथा पतिका इमान तथा देशभक्तिपूर्ण चरित्रको यो वर्णन सान्दर्भिक नै छ । सांसारिक जीवनमा जस्तै कविताका समरप्राङ्गणमा पनि सान्दर्भिक विभिन्न काव्यिक युक्ति र प्रयुक्तिको घतिलो प्रयोग हुन्छ र यहाँ प्रयुक्त भएको उक्त प्रपञ्चकारीहरूविरुद्धको व्यङ्ग्यपूर्ण आक्षेपको कठोर शैलीका साथै आफ्ना पतिका विशेष गुणहरूको प्रशंसापूर्ण वर्णन र कथनको उच्च शैली दुवै नै सान्दर्भिक वाग्भूषण ठहर्छन् भन्ने म ठान्दछु । लोकमानसिंह कार्कीको आध्यात्मिक चैतन्यको क्रमिक अभ्युदय भई खास गरी महाज्ञानी ओशोका पूर्वोक्त गीताप्रवचनबाट अभिप्रेरितसमेत हुँदै उहाँद्वारा नेपाली भाषामा 'लोकगीता'जस्तो बृहत् विशिष्ट आध्यात्मिक ग्रन्थ रचिन पुग्नु अनि यति दृढ र आफ्ना पतिविरुद्ध आइलाग्नेहरूप्रति जुधारुसमेत पतिप्रेमलाई काव्यिक रूपमा व्यक्त गर्दै एक अणु लघु काव्यका छाँट र आकृतिको यस 'स्थितप्रज्ञ' कविताको रचना गर्न कवयित्री सुनीता कार्की उत्प्रेरित तथा सक्षम हुनुचाहिँ आध्यात्मिक तथा वाङ्मयिक सुसंयोगकै उल्लेख्य वैयक्तिक परिघटना पनि हुँदै हुन् ।

अब तल यहाँका पूर्वोक्त नारीपरक सन्दर्भका विभिन्न कवितासँग सम्बद्ध कतिपय उल्लेख्य कवितांश विषयवस्तुगत सन्दर्भमा अन्तर्वर्गीकृतसमेत गरी तल क्रमशः प्रस्तुत गरिएको छ–

१. उपर्युक्त विभिन्न सन्दर्भमा आमाका छोरीप्रतिको प्रेम र वात्सल्य तथा बिहे भई छोरी अन्माउँदाका भित्री आनन्द र आकुलताका द्वैत भाव अनि अन्मिएर पतिघर जाने बिदाइको बखत आमाद्वारा छोरीप्रति उनको दाम्पत्य जीवन र घरगृहस्थीका सुसफलताका निम्तिका आशिष तथा मङ्गल कामनासमेत अभिव्यक्त भएका केही कवितांश तल उद्धृत छन्–

**'तिमी सुवास बनी आयौ**
**सुकुमारी पदचाप लुकाई**
**मेरो कोख सफल तुल्याई...**
**दिवाकरको स्वर्णिम वर्ण पदार्पण**
**सुवर्ण वर्णित नभ'**
–'कुलकी मान'बाट

**'जसरी सिँगार्‍यौ हाम्रो जीवनसंसार**
**शुभ किरण छर्नू त्यहाँ पनि'**
–पूर्ववत्

**'कहाली लाग्छ सोच्दा**
**अब अर्को घरकी दीप्ति हुँदै छौ**
**तर पनि सँभाल्दछु यो मन घरीघरी**
**अब नूर दुई परिवारकी हुनेछौ'**
–पूर्ववत्

२. आफ्ना प्रिय पतिप्रतिका नारीहृदयगत मधुर प्रेमभाव तथा सतत कुशलमङ्गल र कल्याणकामनाका दृढ भावसमेत अभिव्यक्त भएका केही कवितांश तल उद्धृत छन्–

**'सारङ्गीको तार बनी**
**झङ्कार तरङ्गित गर्न**
**इन्द्रेनीको रङ चोरी**
**रङ्गीन माहौल सृजना गर्न**
**वरको वृक्ष बनी**
**शीतल छाया प्रदान गर्न चाहन्छु ।'**
–'समर्पित'बाट

३. नारीका दृढ दाम्पत्य प्रेम र पतिप्रतिका अनन्य विश्वास तथा सदा साथका प्रबल भावना अभिव्यक्त भएको एक कवितांश तल उद्धृत छ–

**'न त दियो हुँ**
**न त रातको चन्द्र हुँ**
**स्वअस्तित्व जोगाउन**
**एक विषाक्त नागिनीसरह हुँ'**
–'बिना'बाट

४. कवयित्री सुनीता कार्कीद्वारा खास अप्ठचारा सन्दर्भमा आफ्ना पति लोकेन्द्रमान कार्की (अख्तियार दुरुपयोग अनुसन्धान आयोग) तत्कालीन प्रमुख) प्रति आफ्नो दृढ दाम्पत्य समर्थनको भाव कवितामार्फत सार्वजनिक स्तरमा व्यक्त गरिएका केही कवितांश तल उद्धृत छन्–

**'राष्ट्रहितमा अविचलित**
**न त कर्तव्य**
**न त छाडचौ धर्म'**
–'स्थितप्रज्ञ'बाट

**'जे जो भूमिका वहन गऱ्यौ**
**इमानमा, सत्यमा अडचौ'**
–पूर्ववत्

**'एक्लो युद्धभूमिमा**
**लडचौ युद्ध, हे वीर योद्धा !**
**अधर्मी असत्य**
**झूठा जाली अनि पापीहरूविरुद्ध'**
–पूर्ववत्

**'टिकेन तर तिम्रो**
**स्वयम्‌को सोचाइमा कुनै विषाद**
**कुनै पनि अवसाद**
**अन्यथा**
**गुज्रिने थियो जीवन**
**तुच्छ संसारमय वासनाको साथ'**
–पूर्ववत्

५. नारीको मातृश्रद्धाको स्वरूप विस्तारित भएकी र मानवीकृत धर्तीमाता र नेपाल आमाप्रतिको बृहत् प्रेमको भावका रूपमा प्रगाढ देशप्रेम अभिव्यक्त भएका केही कवितांश तल उद्धृत छन्–

**'तिमी नै हो पृथ्वी, आकाश**
**अनि तिमी नै धर्ती**
**तिमी नै माता धती'**
–'नारी'बाट

६. नारीका प्रेमका कामनाको विफलता, दाम्पत्य जीवनका कतिपय अन्तरसङ्कट एवं दुस्साहसी पुरुषको पाशविकताको सिकार भई बलात्कृत हुनुजस्ता दुःखद र त्रासद अवस्थाका अन्तरसङ्कटका अन्तर्वेदनाका भाव प्राकृतिक स्रोतका समेत पर्याप्त बिम्बविधानसहित व्यक्त भएका केही कवितांश तल उद्धृत छन्–

अ. आहत प्रेमको विषाद अभिव्यक्त भएको कवितांश–

**'तिम्रो जीवन उजिल्याउने मेरा रहरहरू**
**मधुर टिमटिमाहट बने ताराका**
**आँसीको रात बनी'**
–'अधुरो कल्पना'बाट

आ. प्रेमको सम्बन्धको विफलताको पीडाको भाव अभिव्यक्त भएको कवितांश–

**'सायद**
**तिम्रो बदलिएका नजरहरू**
**झेल्न कठिन भयो**
**तिम्रो प्रेमविहीन हृदयभित्र**
**अट्ने रहर मृत भयो...**
**तिम्रो विश्वासविहीन अँगालामा**
**अटाउने मनोकाङ्क्षा जीवित हुँदै मऱ्यो'**
–'साथ रहोस् नरहोस्'बाट

इ. दुस्साहसी पुरुषको पाशविकताको सिकार भई बलात्कृत किशोरी वा युवतीका त्रासद अन्तरआघात र अन्तर्वेदनाको भाव अभिव्यक्त भएका कवितांश–

**'बास्नाको कामनामा अँठ्याइएकी**
**कलिली कोपिलाकी नियति हुँ म...**
**दुर्गन्धित हिलोको कुण्डबाट जन्मिएकी**
**कमल हैन जलकुम्भी हुँ म'**
—'एक भूल'बाट

ई. खास गरी प्रेमसम्बन्ध वा दाम्पत्य जीवनका सम्बन्धमा असहनीय आघात पुगी अन्तर्जागृत नारीअस्मिता र नारीमुक्तिका साहसपूर्ण अन्तर्भाव व्यक्त भएको कवितांश—

**'तिम्रो विश्वासविहीन अँगालोमा**
**अटाउने मनोकाङ्क्षा जीवित हुँदै मर्‍यो'**
—'साथ रहोस् नरहोस्' भन्ने कविताबाट

**'हात पसार्न जान्दिनँ म**
**पोल्टो थाप्न आउँदैन**
**खुट्टा खुम्च्याई मन बाँधी**
**शिर झुकाउन आउँदैन मलाई**
**जीवनले...'**
—'जीवनले कोल्टो फेरेछ भने'बाट

## जगत् तथा जीवनसम्बन्धी विभिन्न चिन्तनपरक कविताको समीक्षात्मक पर्यवलोकन

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका विभिन्न कवितामा खासखास सन्दर्भका विविध अनुभव र अनुभूति अनि भाव तथा आवेग र संवेगसँगै कतिपय सोचसोचाइ र सन्देश तथा विचार र चिन्तनका विविध अन्तर्लहर भाषिक लयात्मक दृष्टिले नेपाली गद्यकविताका विभिन्न थरी लामाछोटा अन्तर्मिश्रित तथा प्राय: श्रुतिसुखद लयात्मक मुक्त पङ्क्तिलहरसँग संश्लिष्ट भई विभिन्न प्रकारका उक्तिढाँचा र शैलीमा सजिई व्यक्तिन पुगेका छन् । यस सन्दर्भमा यहाँ प्रथमत: विचारपक्ष र भावपक्षकै सन्दर्भमा केही चर्चा गरौँ ।

उक्त परिप्रेक्ष्यमा कवयित्रीका विशेष गरी प्रकृति, राष्ट्र, समकालीन नेपाली जीवनधारा र नारीचेतनासँगै जीवनजगत् र धर्म एवं संस्कृतिसम्बन्धी कतिपय विशेष मानवीय दृष्टिकोण यहाँ अन्तर्निहित र अभिव्यक्त हुन पुगेका छन् जसलाई मोटामोटीमा उहाँका कवितागत मुख्य चिन्तनकेन्द्र पनि भन्न सकिन्छ । यहाँ मुख्यतः इहलोकवादी, प्रकृतिवादी/पर्यावरणवादी, मानववादी र मानवतावादी, राष्ट्रवादी, आदर्शोमुख नीतिवादी/नैतिकतावादी, सुशासनवादी, संस्कृतिपरक, हिन्दूधर्मपरायण र अध्यात्मवादी दृष्टिकोण, चिन्तन र विचार कविताकलामार्फत भावपक्षसँग परस्पर संश्लिष्ट र अन्तर्घुलितसमेत भई कतै मुखरित भएको र कतै धेरथोर अन्तर्व्यक्त रहेको स्थिति पाइन्छ । त्यस्तै यहाँका कतिपय कवितामा यो चिन्तन या विचार पक्ष मूल रूपमा, कतै गौण रूपमा र कतै आंशिक रूपमा अनि अनेक कवितामा अन्तर्मिश्रित रूपमा पनि अन्तर्निहित रहेको पाइन्छ भने त्यस्ता विशेष विचारणीय र उल्लेख्य कविता यी हुन्– (क) 'प्रकृतिको अस्तित्वको सन्देश', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', 'गाईजात्रा', 'शून्यतामा', 'अङ्गुष्ठभ्याम', 'जीवनको रहस्य', 'स्थितप्रज्ञ', 'शून्य र पुण्य' तथा 'वेदना एक मानव भ्रूणको'; (ख) 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'पृथ्वीको गर्भ', 'कालो दाग', 'उम्लिएर बगोस्', 'अदम्य साहस', 'समय र नवदुर्गा भवानी : एकताकी प्रतीक'; (ग) 'नारी', 'नमुना नेपाल', 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने', 'जलधारा एक रूप अनेक', 'बिना', 'अपरिहार्य', 'एक भूल' र 'कस्तूरी सुवास' आदि । वास्तवमा विचारपक्ष सबल वा अपेक्षाकृत कम उद्बुद्ध र न्यूनसमेत रहेका यीबाहेकका अरू बाँकी तीन कविता हुन्– 'असम्भव प्रायः मिलन', 'समर्पित' र 'भानु' । यिनमा क्रमशः प्रेममय चिरविरह र पूर्ण मिलनको कामना एवं ज्योतिर्मय उत्साह भाव नै आन्तरिक स्तरमा व्यक्त भएको पाइन्छ ।

अब प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका पूर्वोक्त विभिन्न कविताहरूमध्येबाट कतिपय वैचारिक सन्दर्भविशेष अभिव्यक्त हुन पुगेका केही कवितांश सम्बन्धित कतिपय अन्तर्वर्गमा वर्गीकृतसमेत गरी पाठकीय र भावकीय परिमित आस्वादन एवं मननका निम्ति क्रमश: यहाँ उद्धृत गरिनेछन् ।

१. जगत् र जीवनका विभिन्न स्थूल र सूक्ष्म पक्षसँग सम्बन्धित एवं अंशत: भावपरक तथा मूलत: विचारपरक सहज चिन्तन प्रतिबिम्बित भएको कवितांश तल उद्धृत गरिएको छ–

**'स्वर्ग कहाँ छ ?**
**नर्क कहाँ छ ?**
**जे जस्तो भोग्नु छ**
**यस धर्तीमै त छ...**
**एक जुनीमै सीमित छ**
**एक आयुमै सीमित छ'**
–'गाईजात्रा'बाट

२. मानव सेवाप्रति अडिग उच्च सोच र चिन्तन झल्किने एक कवितांश तल उद्धृत छ–

**'मानिसप्रतिको सेवाभाव छाड्दिनँ'**
–'जीवनले कोल्टे फेरेछ भने'बाट

३. यहाँ विशेष गरी पूर्वीय जगत्मध्येको प्राचीन हिन्दु समाजका र संस्कृत भाषामा निबद्ध गहन अध्यात्मचेतना र त्यसको नवव्याख्यासमेत व्यक्त भएका चिन्तनशील केही कवितांश तल उद्धृत छन्–

**'कर्तापन छोडी**
**कर्मयोगी बन**
**प्राप्त हुन्छ अमृत तत्त्व'**
–'शून्य र पुण्य'बाट

**‘शून्यबाट स्थापित**
**हुनु छ शून्यमा विलीन**
**शून्यमा समाहित हुनु दीप निभ्नु हो’**
–पूर्ववत्

## ‘साथ रहोस् नरहोस्’ कवितासङ्ग्रहका विभिन्न कविताका गद्यात्मक रचनासन्दर्भमा भेटिने चिन्तन र गद्यकारिता

अब प्रस्तुत ‘साथ रहोस् नरहोस्’ कवितासङ्ग्रहका पूर्वोक्त जीवनजगत्परक विविध विशेष चिन्तनका रेखाङ्कनकै सन्दर्भमा यस कवितासङ्ग्रहकै विभिन्न कवितासँग सम्बद्ध र गद्यशैलीमा लेखिएका तेत्तिसवटा रचनासन्दर्भमध्येका सुरु भाग, बीचको भाग र आखिरी भागतिरबाट यादृच्छिक तर सूक्ष्म प्रयोजनपरक रूपमा यहाँ लिइएका र अब क्रमश: दिइने कतिपय गद्यांशका नमुनाले खुलाएको कवयित्री सुनीताका यी कविताका रचनाका विशेष सन्दर्भ र उहाँका त्यहाँ अभिव्यक्त कतिपय कामना, सोचाइ, अवधारणा र वैचारिकीको समेत केही अवलोकन र अन्तर्मनन गरेर हेरौँ । यस प्रयोजनका निम्ति सम्बन्धित कतिपय गद्यांश यहाँ यसरी उद्धृत तथा प्रस्तुत छन्–

(क) ‘२०७७ साल चैत महिनाको सुरुवातसँगै अदृश्य जीवाणु कोरोनाको महामारी नेपालमा जुन रूपमा चम्किँदै गयो त्यसबाट अहिलेसम्म त्राण प्राप्त हुन सकेको छैन । ...यहाँ कोरोनापीडित मानवले अब आफ्नो वर्तमान दुर्दशा र अकिञ्चन असहाय अवस्थाका साथै प्रकृति, मनुष्य, समष्टि जीवन र जगत्को तादात्म्यको पाठ पुन: सम्झिन थालेको अभिव्यक्ति दिइएको छ ।’

–‘प्रकृतिको अस्तित्वको सन्देश’ कविताको अन्त्यको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश

(ख) ‘लाग्यो– हाम्रो खुद भोगाइ भने यसै जगत्को एक आयुमा सीमित हुँदो रहेछ ।’

–‘गाईजात्रा’ कविताको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश

(ग) 'तसर्थ नेपाललाई एक समुन्नत राष्ट्र देख्ने अभिलाषा हो यो । नसानसामा देशभक्तिको रक्तको प्रवाह हो यो । राष्ट्रको एकता छिन्नभिन्न हुन खोज्दा दुखेको मुटुको व्यथा पनि हो यो ।'

–'कालो दाग' कविताको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश

(घ) 'मेरो नेपाल आमाको समृद्ध मुहारको मुस्कुराहटको कामना हो यो । दुर्गा भवानीसँग मेरो राष्ट्रका लागि मेरो अन्तर्हृदयको एक पुकार हो यो– राष्ट्रको एकताको ।'

–'नवदुर्गा भवानी : एकताकी सूत्र' कविताको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश

(ङ) 'प्रथमत: यहाँ मैले मेरा अभिन्न सँगीको सदा सत्यनिष्ठ र कर्तव्यपरायण चरित्रको र उनले भोग्नुनपर्ने तर भोगेका केही व्यथाकथाको पनि चित्रण गरेको छु ।'

–'स्थितप्रज्ञ' कविताको रचनासन्दर्भबाट उद्धृत एक गद्यांश

(च) 'ज्ञानको गीतारूपी भावसागरमा प्रवेश गरी... यस भावसागरबाट केही मोती बटुलेर कविताका रूपमा गुँथ्ने प्रयास मैले यहाँ गरेकी छु ।'

–'शून्य र पुण्य' कविताका रचनासन्दर्भबाट उद्धृत एक गद्यांश

माथि 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका उपर्युक्त सातवटा कविताका अन्त्यमा दिइएका र गद्यशैलीमा रचिएका सात रचनासन्दर्भबाट उद्धृत गरी टिपिएका सातवटा (उक्त कवितासङ्ग्रहका कुल तेत्तिस कविताका अन्त्यका गद्यशैलीका तेत्तिसवटै रचनासन्दर्भमध्येका रुन्डै २० प्रतिशतजति) रचनासन्दर्भका प्रतिनिधि सातवटा गद्यांशका नमुनाको पठन र मनन गर्दा समुच्चा ती सन्दर्भबाट ज्यादाजसो सम्बन्धित कविताकृतिको प्रेरक प्रसङ्ग र मूल कथ्य अन्तर्वस्तु, भाव या विचारको सार कतै विस्तृत र कतै संक्षिप्त रूपमा र कतैकतै सूक्तिमय र सूत्रात्मक रूपमा पनि नेपाली गद्यभाषामा यहाँ व्यक्त गरिएको भेटिन आयो । साथै यस्तो

गद्यशैलीमा सुनीता कार्कीले क्रमशः निबन्ध, संस्मरण आदि अरू नेपाली आख्यानेतर गद्य विधामा पनि रचना प्रस्तुत गर्दा राम्रै हुने पनि मलाई लाग्यो ।

## समष्टि कवितागत भाव र रसको सन्दर्भ

अब प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका तेत्तिस कवितामध्येका अनेक कविताहरूमा विभिन्न ढङ्गले अभिव्यक्त भई क्रमशः अन्तर्विकसित र सञ्चित समष्टि भावराशिमध्येका खास गरी स्थायी वा मूल भाव भन्न सकिने कतिपय विशिष्ट भावका साथै आलम्बन तथा उद्दीपन विभाव र अनुभावलगायत सञ्चारी विविध भावहरूको परस्पर संयोजनबाट हुने भावगत उदय वा झुल्को, दुई वा बढी भावको साँधिलो अवस्था, भावशबलता वा भावविकीर्णता र भावप्रशमनका अवस्था एवं कतिपय स्थायी प्रकृतिका भावका सरस परिणतिका बारेमा पनि यहाँ संक्षेपमा केही विमर्श गरौँ । यस सन्दर्भमा यहाँ यस कवितासङ्ग्रहका विभिन्न कवितामा मुख्यतः शृङ्गार, हास्य, भयानक र करुण अनि शान्तरस धेरथोर उद्धृत हुन पुगेका छन् भने उत्साहमूलक वीररस, आश्चर्यपरक वा विस्मयपरक अद्भुत रस एवं घृणापरक र जुगुप्सापरक बीभत्स रस अनि क्रोधपरक रौद्ररसचाहिँ अन्तर्गर्भित रहे पनि व्यक्त रूपमा अपेक्षाकृत कम प्रयुक्त रहेको भेटिन्छ । शृङ्गाररसलाई रसराज पनि भनिन्छ भने प्रस्तुत कवितासङ्ग्रहका यी एकतिहाइजसो कवितामा विशेषतः शृङ्गाररसकै प्रचुर वा आंशिक अन्तर्भूमिका रहेको पाइन्छ भने यहाँ यी कवितामा मुख्यतः विपरीतलिङ्गी नरनारीका बीचका आकर्षण, आसक्ति, मनस्ताप, प्रेम, संयोग, विप्रलम्भ वा विरह, दाम्पत्य, रतिराग, युग्मेच्छा र यौनसम्बन्ध आदिसँग सूक्ष्मतः सम्बन्धित समविषम अन्तर्वृत्तिको मनोगत भावजगत् विकीर्ण रूपमा व्यक्त हुँदै परिणतिमा अन्तरसञ्चितसमेत हुन पुगेको पाइन्छ– 'समर्पित', 'असम्भव प्रायः मिलन', 'अपरिहार्य', 'बिना', 'नारी', 'वेदना एक

मानव भ्रूणको', 'एक भूल', 'कस्तूरी सुवास', 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने' र 'स्थितप्रज्ञ' । त्यसो त यस कवितासङ्ग्रहको आमाको छोरीप्रतिका नजन्मिँदैका गर्भे भ्रूणावस्थादेखि विवाहोत्तर पतिघरमा बिदाइ र अन्भाइका समयसम्मको प्रगाढ अनुराग र असीम वात्सल्य भाव तथा दाम्पत्यजीवनका मङ्गलकामनासमेत अभिव्यक्त भएको 'कुलकी मान' कविता पनि अर्को प्रकारले प्रेम वा प्रीतिभावको परिपाक प्राप्त भएको वात्सल्य भावको एक कविता हुँदै हो । वास्तवमा संयोग वा विरह शृङ्गारको प्रीतिभाव र दाम्पत्यसम्बन्धको पनि दृढता अनि त्यसमा खास गरी स्वार्थी पुरुषसत्ताका कारणले प्रतिकूलता पैदा भई आहत नारीअस्मिताको अन्तर्विद्रोही चेतनाको दोछाया झल्किने बिन्दुसम्मको नरनारीसम्बन्धको र अन्तर्जागृत मुक्त नारीचेतनाको सेरोफेरो नै यस कवितासङ्ग्रहका उपर्युक्त कविताहरूको एक मूल भाव पक्ष हुँदै हो ।

यसपछि प्रस्तुत कवितासङ्ग्रहका 'कालो दाग', 'पृथ्वीको गर्भ', 'उम्लिएर बगोस्', 'अदम्य साहस', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'सुषुप्त महत्त्वाकाङ्क्षा'जस्ता अनेकौँ कवितामा प्रखर रूपमै र उल्लेख्य मात्रामै राष्ट्रप्रेमको उत्साहपूर्ण भावधारा व्यक्त भएको भेटिन्छ । यससँगै यहाँ त्यो त्रासद र करुण पीडाको अनि त्राण र शान्तिका कामनाको भाव पनि कवितामा व्यक्त भएको पाइन्छ जुन समकालीन नेपाली राष्ट्रिय जीवनमा विशेष गरी २०५२–२०६३ सालका बीचमा अप्रत्याशित रूपमा आइपरेको अनि हत्याहिंसा र अशान्तिले पूर्ण माओवादी जनयुद्धकालको दसवर्षजति लामो निकै ठूलो आघातपूर्ण समयको र त्यसका सिलसिला र अन्तर्ज्वालामा नेपाल राष्ट्र र समाजसँगै जनस्तरका साथै स्थानीय स्तरको अत्यन्तै त्रासद र करुण भोगाइ एवं त्राणका आर्तपुकारसँग सम्बन्धित छ । यसै समयसन्दर्भमा यहाँ २०६३ सालको युगान्तकारी ऐतिहासिक लोकतन्त्रात्मक र गणतन्त्रात्मक परिवर्तनक्रमयताका विगत डेढ दशकका अवधिका

खास गरी समकालीन राजनैतिक आर्थिक, सामाजिक र अन्य विभिन्न सार्वजनिक फाँटका प्राय: सत्तालोलुप र धनलुब्ध अनि आचारहीन चरित्रका प्रदर्शनमा देखिने आदर्शच्युति, विचलन र विसङ्गतिप्रति स्थूल र सूक्ष्म दोहोरै स्तरमा जुगुप्सा/घृणा तथा व्यङ्ग्योपहास (हासपरिहासको भाव) जडितसमेत रहेको र विशेषत: शान्तिकामी अनि मूलत: विशेष उत्साही राष्ट्रप्रेमको, राष्ट्रियताको, राष्ट्रको स्वतन्त्र सार्वभौम सत्ताको र राष्ट्रएकताको समुच्चा भावतुमुलता समेटिएको निविड भावजगत् यहाँका कतिपय कविताहरूमा झुल्किन पुगेको पाइन्छ ।

विशेषत: यहाँ उपर्युक्त युगान्तकारी ऐतिहासिक जनआन्दोलन (२०६२–२०६३)को लगत्तैको हिन्दु राष्ट्रको खारेजी र धर्मनिरपेक्षताको घोषणा तथा खारेज हिन्दु राष्ट्रको पुन: स्थापनाको मागका अन्तरचुनौती एवं पक्षमा केही मात्रामा र मुख्यत: नेपालमा नयाँ नेपालको संविधानका निर्माणका क्रममा दुई संविधानसभाका कार्यकालका (२०६४–२०७२) सालका बीचका जातीय र क्षेत्रीय स्वपहिचानअनुसारका प्रदेशदाबीका द्वन्द्वप्रतिद्वन्द्व र आन्दोलनलहरका बेचैनी र अन्तरतापका सन्दर्भमा तथा नेपालको संविधान (२०७२) को निर्माणका पूर्वापर सन्दर्भका कतिपय तप्काका मुखर असन्तुष्टि र विशेषत: परवर्ती मधेस आन्दोलन, नाकाबन्दी र अनि खास गरी सङ्घीय ढाँचा र खासखास प्रदेश दाबीका क्रमका दलीय अन्तर्बाह्य द्वन्द्वप्रतिद्वन्द्व तथा शासनका आरोहअवरोहको उथलपुथलपूर्ण राष्ट्रिय घटनाप्रतिघटनाको क्रम एवं राजनैतिक स्थायित्वका अन्तरचुनौतीजस्ता अनेक पक्षको प्रतिबिम्बन तथा तीप्रतिको चिन्ताको भाव यहाँका निकै कवितामा व्यक्त भएको पाइन्छ ।

यीसँगै यहाँ एकातर्फ नेपालको महाभूकम्प र यसका पराकम्पहरूको कष्ट र कहरको लहरसित नेपाली जीवनको उल्लेख्य सेरोफेरोमा ल्याएको त्रासद, भयानक र करुणप्रचुर अनि पुनर्निर्माणका

उत्साही भावसँग सम्बद्ध 'प्रकृति र यसको त्रिआयामिक दृष्टिकोण' कवितामा र अर्कातर्फ विशेषत: विश्वव्यापी कोरोना महामारीका जैविक लहरप्रतिलहरको नेपालप्रवेशका महा भय, त्रास तथा कष्ट र कहर तथा विशेष जन क्षतिको करुण एवं अद्यावधिक सन्त्रास र प्रतिरोधको अनि केही त्रासको भावसँग सम्बद्ध यहाँका 'प्रकृतिको अस्तित्वको सन्देश' कविता पनि त्यसैका प्रतिपूरक रहेको छ। वास्तवमा यिनै समयुगीन बहुविध घटनाप्रतिघटनाक्रमबाट नेपाली राष्ट्रिय चेतनातल र लोकमानसमा परेका कतिपय आधारभूत प्राप्तिमय उल्लाससँगैका खास गरी कतिपय पीडापूर्ण घातसङ्घातको पनि प्राय: सूक्ष्मतर अन्तरछाया परेको सिर्जनात्मक भावतुमुलताको अभिव्यक्ति 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका यी अरू कविताहरूमा बेसी वा कम मात्रामा तर उल्लेख्य रूपमा व्यक्त भएको भेटिन्छ– 'नमुना नेपाल', 'कालो दाग', 'उम्लिएर बगोस्', 'पृथ्वीको गर्भ', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'अदम्य साहस' र 'सुषुप्त महत्त्वाकाङ्क्षा' आदि कवितामा व्यक्त भएको छ।

यसरी यहाँ स्वयम् मानवीय जीवनसम्बन्धी यो वा त्यो चिन्तनका सन्दर्भमा यहाँ प्रस्तुत कवितासङ्ग्रहका शून्यता वा आध्यात्मिकताका वैचारिक पाटाहरूतर्फ विशेष अभिमुख हुँदै हास्य, राष्ट्रिय उत्साह, करुण, रौद्र, भयानक, बीभत्स, अद्भुत, शृङ्गार र शान्त जस्ता विभिन्न रसका मिश्रित अन्तर्धाराका गौणता या धेरथोर सहकारितासँगै प्रज्ञानप्रधान प्रशान्त भाव प्रधान रहने शान्त रसतर्फ झुकेका अर्का थरी कविताहरू हुन्– 'गाईजात्रा', 'शून्यतामा', 'जलधारा एक रूप अनेक', 'अङ्गुष्ठभ्याम', 'जीवनको रहस्य', 'स्थितप्रज्ञ' तथा 'शून्य र पुण्य'। यहाँ खास गरी उपर्युक्त 'गाईजात्रा' र 'शून्यता' कवितामा विवेकसम्मत ऐहिक र भौतिकवादी चिन्तनको छाप अनि 'अङ्गुष्ठभ्याम' र 'शून्य र पुण्य' कवितामा

पूर्वीय अध्यात्मविद्याको नवव्याख्याको अलि बौद्धिक तर प्राय: भावप्रवण नै अनुभव हुने जागृत मानवचेतनाको अलिकति सांसारिक ताप र अन्तर्राप र ज्यादा अन्तर्बौद्धिक शीतलताको शान्तभाव पनि भेटिने गर्दछ ।

वास्तवमा यो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रह नेपाली समयुगीन राष्ट्रिय जीवनको र स्वयम् कवयित्रीकै समेत अन्तरअनुभूतिमय आत्मिक जीवनकै विशेष सोच पनि पर्याप्त प्रतिबिम्बित रहेको एक मुक्त गद्यकविता स्वरूपको लयपूर्ण कवितात्मक अन्तर्गान हुँदै हो– अलिअलि उहाँकै 'गाईजात्रा' कवितामा भनिएजस्तो पनि 'जीवन फूलको कथा होइन, तर काँडाबीच फुल्नु पनि व्यथा होइन ।'

**'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका कवितामा भेटिने मुक्त गद्यकवितात्मक लय संरचना**

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका पूर्वोक्त तेत्तिस कविताहरूको मुक्त गद्यकवितात्मक अन्तर्लयविधानको अन्तर्विश्लेषण गरेर हेर्दा यहाँ कवयित्री सुनीताको पहिलो 'जानी नजानी' भन्ने कवितासङ्ग्रहकै जस्तो किसिमको पाठ्यश्रव्य र गेय उच्चार वा उच्चार्य वर्ण र अक्षरका स्तरमा आधारभूत रूपमा अति छोटादेखि अति लामासम्मका अनुच्छेदगत प्राय: उन्मुक्त लयात्मक गद्यकविताका लगभग निकटका पङ्क्तिलहरहरूको प्रयोग वा उपयोग गरिएको पाइन्छ । यहाँ नेपाली गद्यकविताका रचनाका क्रममा विगत लगभग पौने एक शताब्दीजतिका समयावधिमा प्रयोग भएको नेपाली समुच्चा गद्यकविताको मुक्त लयविधानसम्बन्धी मेरो अद्यावधिक आधारभूत अध्ययनका साथै स्थापनाअनुरूपकै पर्याप्त अन्तर्गीतिगुण भएको मुक्त गद्यकवितात्मक पङ्क्तिगत लयसंरचनाको मोटामोटी स्वरूपसमेत यहाँ भेटियो । त्यसको निरूपण गर्ने क्रममा यी पाँच थरी प्रतिमानको न्यूनाधिक अन्तर्मिश्रण भएको आन्तरिक साक्ष्य यहाँ विशेषत: देखिन आयो– प्राय: अति छोटा लघुतर वा विशेष लघु (१–४ उच्चार वा

उच्चार्य वर्ण/अक्षरको), छोटो वा लघु (५–९ उच्चारको), मझौलो वा मध्यम (१०–१४ उच्चारको), लामो वा दीर्घ (१५–१९ उच्चारको) र अति लामो वा विशेष लामो (अति दीर्घ : २०–२५/२६ उच्चारको) अनि सासका एक भुल्कामा उच्चारित हुन सक्नेजति वा संस्कृत छन्दशास्त्रले मोटामोटी मापन गरेको लयव्यवस्थाभित्रैको र गद्य र पद्य दुवै थरीका विधाको साँधको अनि २६ उच्चारभन्दा बढीका पङ्क्ति प्रयुक्त हुने अनि दण्डकको तहमा भने खास प्रवेश नगरेको ।

उपर्युक्त सन्दर्भमा प्रस्तुत कवितासङ्ग्रहअन्तर्गत उपर्युक्त केवल अति छोटो विशेष लयपङ्क्तिगत स्वरूप मात्र भएको मुक्त गद्यात्मक लयविधान यहाँ प्राय: कुनै गद्यकवितामा पनि समग्रत: प्रयोग गरिएको देखा पर्दैन भने केही मात्रामा यो अति छोटो उच्चार्य मुक्त लय र उल्लेख्य रूपमा भने अर्को छोटोचाहिँ प्राय: लघु मुक्त लयको भनिने लयसंरचनाको अन्तर्मिश्रित प्रयोग भएका छोटो लयका यी गद्यकविता यहाँ भेटिन्छन्– 'असम्भव प्राय: मिलन', 'गाईजात्रा', 'समर्पित', 'भानु', 'कस्तूरी सुवास' र 'शून्य र पुण्य' (जम्मा छवटा गद्यकविता) । त्यसो त यहाँ नगण्य रूपमा यो अति छोटो मुक्त लयको प्रयोग भई विशेष रूपमा चाहिँ अरू नै मुक्त किसिमको लयको प्रयोग भएका मिश्रित लयका चाहिँ झन्डै दुई दर्जनजति गद्यकविता फेला पर्छन् । प्रस्तुत कवितासङ्ग्रहका लगभग उनन्तिस कवितामा उल्लेख्य रूपमा छोटो वा लघु भनिने मुक्त लयको मिश्रित प्रयोग भएको पाइन्छ भने सत्ताइसवटाजति गद्यकवितामा मिश्रित रूपमा मझौला वा मध्यम मुक्त लयको उल्लेख्य प्रयोग भएको भेटिन्छ । यहाँका आधाजसो गद्यकविताहरूमा नगण्य रूपमा लामो (दीर्घ) मुक्त लयको प्रयोग भएको देखिने भए पनि यस लामो मुक्त लयको प्रयोग अरू थरी लयसँग मिश्रित रूपमा यी दुई कवितामा भएको भेटिन्छ– 'अदम्य साहस' र 'नवदुर्गा भवानी : एकताकी सूत्र' । त्यस्तै यहाँ अति लामो या विशेष लामो (दीर्घतर) पङ्क्तिगत

मुक्त लय मिश्रित रूपमा फाटफुट प्रयुक्त भएको देखिए पनि यसको उल्लेख्य मिश्रित प्रयोगचाहिँ एउटै गद्यकवितामा भेटिन्छ– 'अदम्य साहस' । समुच्चा रूपमा हेर्दा चाहिँ उल्लेख्य रूपमा छोटो (लघु) र मझौलो (मध्यम) भनिने उक्त दुई थरी मिश्रित लयकै प्रयोग यहाँका ज्यादाजसो गद्यकविताहरूमा भएको भेटिन्छ र ती कविता हुन्– 'प्रकृतिको अस्तित्वको सन्देश', 'नमुना नेपाल', 'कालो दाग', 'पृथ्वीको गर्भ', 'शून्यतामा', 'समय', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'कुलकी मान', 'जलधारा एक रूप अनेक', 'वेदना एक मानव भ्रूणको', 'एक भूल', 'बिना', 'अपरिहार्य', 'अधुरो कल्पना', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', 'साथ रहोस् नरहोस्', 'जीवनले कोल्टे फेरेछ भने', 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'बन्दी पुस्तक', 'नारी', 'जीवनको रहस्य' र 'स्थितप्रज्ञ' (प्रस्तुत कवितासङ्ग्रहका तेत्तिस कवितामध्ये झन्डै दुईतिहाइभन्दा बढी, दुई दर्जनजसो गद्यकविता) । खास गरी उच्चार्य तथा श्रव्य लयगत यही उन्मुक्तताभित्रको अन्तर्नियमित आंशिक गीतिगुण नै उहाँको गद्यकवित्वको मूल शक्ति र सीमा ठहर्न आउँछ । वास्तवमा यही मुक्त पङ्क्तिगत लयमाधुर्य भएको र अन्तर्गीतिगुण उल्लेख्य मात्रामा रहेको गद्यकवित्व नै कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' गद्यकवितासङ्ग्रहसम्मको गद्यकवित्वको प्रवाहको त्यस्तो मूल पहिचानजस्तो हुन पुगेको छँदै छ । यिनै विभिन्न परिप्रेक्ष्यमा उहाँको प्रस्तुत दोस्रो कवितासङ्ग्रहका खास गरी क्रमशः छोटा, अति छोटो, मझौला अनि अति लामो उच्चार्य तथा श्रव्य पङ्क्तिगत अमिश्रित वा मिश्रित मुक्त लय भएका केही गद्यकवितांश तल पाठकीय र भावकीय साङ्केतिक आस्वादनका निम्ति विशेष चयनपूर्वक उद्धृत गरी प्रस्तुत गरिएका छन्–

१. छोटो वा लघु उच्चार्यश्रव्य पङ्क्तिगत मुक्त गद्यकवितात्मक लय भएको एक कवितांश–

**'अस्तव्यस्त मेरो हालत**
**लुटिएकी नारी समान**
**जगल्टिएका यी केश**
**लुछिएका जङ्गलसमान'**
–'प्रकृतिको अस्तित्वको सन्देश'बाट

२. मिश्रित रूपमा अति छोटो (लघुतर) र मझौलो (मध्यम) उच्चार्यश्रव्य पङ्क्तिगत मुक्त लय भएको एक कवितांश–

**'जसले**
**नेपाल आमाको अस्तित्व जोगाउनेछ...**
**राष्ट्रलाई विखण्डनबाट बचाउनेछ'**
–'उम्लिएर बगोस्'बाट

३. मिश्रित रूपमा लामो र अति लामो (दीर्घ र दीर्घतर) उच्चार्य श्रव्य पङ्क्तिगत मुक्त गद्यकवितात्मक लय रहेको एक कवितांश–

**'धाँजा परी फाटेका गरामा सुनको बाला झुलाउनु छ**
**बिदेसिएका युवाशक्तिलाई फिराई राष्ट्रनिर्माणमा जुटाउनु छ'**
–'अदम्य साहस'बाट

उपर्युक्त खास गरी दुई, तीन र चारहरफे अनुच्छेदरचना भएका उद्धृत कवितांशलगायतको परिमित पाठकीय र भावकीय लयमाधुर्यगत आस्वादन र अन्तर्मननबाटै पनि कवयित्री सुनीता कार्कीको अद्यावधिको पर्याप्त मार्मिक र सुमधुर मुक्तलयात्मक कवितासृजना गर्ने शक्तिको बढ्दो अन्तर्विकासको पुष्टि हुन आउँछ भन्ने म ठान्दछु ।

## कवितागत अनुच्छेदरचना र पङ्क्तिविधान एवं कवित्वविस्तार

अब यहाँ प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका विभिन्न कवितामा पाइने खास गरी १, २, ३ र ४ पङ्क्तिगत अनुच्छेदसंरचनाबारे केही चर्चा गरौँ । यहाँ एक हरफ वा पङ्क्ति भएको अनुच्छेदसंरचना बिरलै छ भने यहाँ दुईहरफे अनुच्छेद

संरचना निकै परिमित रूपमा 'कुलकी मान', 'एक भूल', 'अङ्गुष्ठभ्याम', 'प्रकाश', 'बिना' र 'जीवनको रहस्य'जस्ता केही कवितामा प्रयोग भएको पाइन्छ अनि तीन हरफको अनुच्छेद संरचना पनि निकै परिमित रूपमा नै 'अधुरो कल्पना', 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' र 'साथ रहोस् नरहोस्'जस्ता केही कवितामा प्रयोग भएको देखिन्छ अनि चारहरफे अनुच्छेदरचनाचाहिँ 'साथ रहोस् नरहोस्' अनि 'जीवनले कोल्टे फेरेछ भने' र 'स्थितप्रज्ञ'जस्ता केही कवितामा बाहेक यहाँका अरू सबै कविताहरूमा कमबेसी मात्रामा उल्लेख्य रूपमा नै प्रयोग भएको पाइन्छ । यहाँको कविताहरूमा चार हरफभन्दा माथिका कविताका अनुच्छेदसंरचना बढ्दो प्रवृत्तिमा नै रहेको भेटिन्छ ।

यहाँका अनेक कवितामा पाँचहरफे र योभन्दा बढी विस्तारका कवितागत अनुच्छेदसंरचना पनि पाइने गर्दछन् अनि सामान्यत: सोह्रदेखि तीसहरफेसम्मका कवितागत अनुच्छेदसंरचना भने अलि बिरलै देखिन्छन् । परम्परागत चतुष्पाद पद्य या श्लोकका हाराहारीका मापमा विचार गर्दा उपर्युक्त विभिन्न कविताका अनुच्छेदमा भेटिने १६ देखि ३० पङ्क्तिसम्मका अनुच्छेद नै पनि कम्तीमा परम्परागत चार श्लोकदेखि बढीमा साढे सात श्लोकसम्मका हाराहारीका ढाँचाका दाँजामा पर्याप्त विस्तारित हुन पुगेको देखा पर्दछ अनि यिनबाट पनि प्रस्तुत 'साथ रहोस् नरहोस्' भन्ने कवितासङ्ग्रहका अनेक कविता अनुच्छेदसङ्ख्या र अनुच्छेदगत पङ्क्तिलहरका दृष्टिले पनि कवयित्रीको भावगत र लयगत बढ्दो प्रवाहशीलता एवं प्रातिभ विस्तार र सृजनात्मक आन्तरिक घनत्व तथा व्यञ्जनशीलताका कौशल र क्षमताका अभिवृद्धिका दृष्टिले पनि विशेष उल्लेख्य रहेको ठान्न सकिन्छ र यसको थप पुष्टि प्रस्तुत कवितासङ्ग्रहको 'प्रकृतिको अस्तित्वको सन्देश' भन्ने पहिलो कविताका तीन भागका तीन

उपशीर्षकका निरन्तरित पङ्क्तिप्रवाहात्मक क्रमिक पङ्क्तिसङ्ख्या ५३, ६४ र ५५ (जम्मा १७२) रहेबाट पनि अवश्य नै हुन आउँछ ।

**विभिन्न कवितामा प्रयुक्त शब्दहरूको भाषागत स्रोतको दिग्दर्शन**

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका जम्मा तेत्तिस कवितामध्येबाट छानिएका आधाजसो कवितालाई नमुना बनाई विश्लेषण गरेर हेर्दा यहाँ प्रयुक्त शब्दराशिका सन्दर्भमा संस्कृत तत्सम र तद्भव नेपाली शब्दका दाँजामा फारसी, अरबी अनि उर्दुहिन्दी र अङ्ग्रेजी आदि स्रोतका बाह्य आगन्तुक शब्दको सङ्ख्यात्मक अनुपात बढीमा सात प्रतिशत (उदाहरणार्थ 'कस्तूरी सुवास') र कम्तीमा एक प्रतिशत (उदाहरणार्थ 'गाईजात्रा', 'सगरमाथा नीर नबगाऊ', 'नारी', 'शून्य र पुण्य') कवितामा देखिन आउँछ अनि ती सामान्य नेपाली लेखापढमा चलेका किसिमका नै छन् अनि उहाँको भावप्रवण कविताशैलीका आवश्यकताका अनुरूप नै छन् । साथै यहाँ यी कवितामा तत्सम संस्कृत शब्दहरूको प्रयोगको औसत अनुपात चालिस प्रतिशत वा सोभन्दा बढी रहेको पाइन्छ– 'गाईजात्रा', 'वेदना एक मानव भ्रूणको', 'पृथ्वीको गर्भ', 'भानु', 'अङ्गुष्ठभ्याम', 'शून्य र पुण्य', 'कुलकी मान' र 'नारी' (५३ प्रतिशतजति) । यी तीव्र भावप्रवणता भएका तत्सम शब्दप्रधान कविता खास गरी आध्यात्मिक प्रज्ञानतर्फ उन्मुख रहेका छन् । साथै यहाँ हास्यव्यङ्ग्यतर्फ उन्मुख 'नमुना नेपाल' कवितामा भने बीस प्रतिशजति तत्सम संस्कृत शब्दको प्रयोगको अनुपात रही तदनुसार अत्यधिक तद्भव नेपाली शब्दको प्रयोग भएको पाइन्छ अनि वर्तमान जैविक महामारीस्वरूप कोरोना या कोभिड– १९ विश्वमहामारीसँग सन्दर्भित र प्रकृति तथा मानिस र अरू सूक्ष्म जीवका बीचका सूक्ष्म अन्तरसम्बन्धप्रति चिन्तनशील तथा व्यङ्ग्योपहासी सङ्कथनशैलीका 'अस्तित्वको सन्देश' जस्तो प्रकृतिमानवसम्बन्धपरक चिन्तनशील कवितामा पनि तत्सम संस्कृत शब्दको प्रयोगको अनुपात बत्तिस प्रतिशतजति

मात्र भई तद्भव शब्दको प्रयोगको अनुपात दुईतिहाइभन्दा बढी (झन्डै छैसट्ठी प्रतिशतजति) देखिन आउनु शैलीगत शुभ सङ्केत हुँदै हो । समष्टिगत रूपमा हेर्दा चाहिँ पूर्वोक्त नमुनास्वरूप झन्डै आधा (१६) कवितामा संस्कृत तत्सम शब्द र तद्भव नेपाली शब्दको मोटामोटी औसत अनुपात क्रमशः चालिस प्रतिशत र सन्ताउन्न प्रतिशत अनि आगन्तुक शब्दको अन्तरचाहिँ तीन प्रतिशतजति रहेको देखिन्छ । यहाँ उहाँको 'जानी नजानी' भन्ने प्रथम प्रकृतिसङ्ग्रहका दाँजामा अरबी, फारसी, उर्दू र हिन्दीका आगन्तुक शब्दको जुन विशेष छनोटपूर्ण प्रयोगशीलता देखा पर्छ त्यो प्रशंसनीय छ ।

**यहाँका कवितामा पाइने मध्योच्च शैलीगत प्रधानता र प्रसाद एवं माधुर्य गुणसँग ओजगुणको सन्तुलन**

वास्तवमा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका तेत्तिसवटै कविताहरूको पठन र अन्तर्मननको अनुप्रभावलाई समेत दृष्टिगत गर्दा यहाँ अलि गहन र सापेक्ष रूपमा उच्च शैलीको प्रयोग परिमित रूपमा विशेष अध्यात्मचिन्तनपरक केही कवितामा मात्र भएको पाइन्छ भने राष्ट्रिय समकालीन नेपाली जीवनका कतिपय विसङ्गतिका चित्रणतर्फ प्रवृत्त रहेका र खरो वा मलुवा किसिमले व्यङ्ग्योन्मुख र हास्यगर्भित केही कविताहरूमा चाहिँ प्रायः घतिलो र सहज बोध्य मध्यशैलीको प्रयोग भएको अनि स्वदेशप्रेमपरक एवं नारीगत प्रेम र दाम्पत्यसम्बन्धका साथै नारीचेतनापरक अधिकांश कविताहरूमा भने प्रायः विशेष सघन भावपूर्ण मध्योच्चशैलीको प्रयोग भएको भेटिन्छ । उपर्युक्त परिप्रेक्ष्यमा यहाँ कवितारचनाका क्रममा प्रयुक्त समुच्चा भाषाशैलीलाई समष्टिगत रूपमा हेर्दा मध्योच्चशैलीले प्रधानता पाएको छ भन्न सकिन्छ ।

यहाँ एकातर्फ अधिकतर कविता अर्थका स्तरमा सहज सम्प्रेष्य र बोध्य अनि पारदर्शक र प्रसन्नताकारी प्रसादगुणले

युक्त हुन पुगेका छन् भने अर्कातर्फ यहाँ पाठक वा भावकको चित्त द्रवित तुल्याई आह्लाद दिन सक्षम किसिमको कोमल भाषाशैलीगत रुचि विशेषत: माधुर्य गुणप्रतिको विशेष झुकाउसँगै त्यस ओज गुणतर्फ पनि केही मात्रामा उन्मुख रहेको प्रतीत हुन्छ जुन अपेक्षाकृत प्रौढ र दीप्तिपूर्ण एवं केही प्रज्वलितजस्तो र जोसिलो पनि हुने गर्दछ ।

**यहाँका कवितामा प्रयुक्त वर्णगतवृत्ति : कोमला, ललिता, मधुरा र परुषा**

यसै परिप्रेक्ष्यमा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका विभिन्न कविताका रचनामा प्रयोग गरिएको शब्द र वाक्य तथा अनुच्छेदतहका साथै उक्ति, सङ्कथन र संरचनाका तहमा प्रयुक्त भएको समष्टि वर्णगत रचनाशैली एकातर्फ कोमल, ललित र मधुर वृत्तिको छ र त्यो विशेषत: प्रेम र दाम्पत्य तथा वात्सल्यका भावको व्यञ्जक रहेको छ भने अर्कातर्फ समयुगीन राष्ट्रिय जीवनका सन्दर्भका विभिन्न प्रकारका विचलन र विकृतिसँग सम्बन्धित जनस्तरीय असन्तुष्टि, अन्तर्ज्वाला, आक्रोश र क्रोध एवं व्यङ्ग्योपहास आदिका अभिव्यक्तिका क्रममा चाहिँ कटु, कडा वा कठोर मानिने परुषा भनिने अर्को वर्णवृत्तिको रचनाशैली प्रभावी रहेको छ अनि यहाँका चिन्तनपरक तथा आध्यात्मिक प्रज्ञानतर्फ विशेष उन्मुख कविताहरूको रचनाशैलीगत वर्णवृत्ति वा वर्णप्रवृत्ति भने प्राय: अलि गहन, प्रौढ, प्रगल्भ, भद्र र प्रशान्त प्रकृतिको देखिन आउँछ ।

**यहाँका कवितामा पाइने प्रचुर अन्त्यानुप्रासीयताको प्रवृत्ति**

अब प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका संरचनागत पङ्क्ति अनुच्छेद र अनुच्छेदलहरका अन्तरलयविधानसँग अंशत: अन्तरसम्बन्धित अन्त्यानुप्रासीय अनि गद्यकवितागत वैशिष्ट्यलगायतका विषयमा पनि यहाँ अलिकति चर्चा गरौँ । जस्तै यहाँका सबैजसो कविताका विभिन्न स्थलमा विभिन्न स्वरव्यञ्जनवर्णका आवृत्ति तथा

अन्तरछाँदबाट पैदा हुने श्रुतिरम्य अनुप्रासीयताको सिर्जना गर्ने प्रवृत्ति उल्लेख्य रूपमा देखिन्छ त्यहीँ अनुच्छेदगत वा अन्तरअनुच्छेदगत निरन्तरित वा विकल्पी पङ्क्तिहरूका बीचको प्राय: समान वा समान किसिमको लामो उपान्त्यलगायत अन्त्यानुप्रासको रचनाको रुचि र सामर्थ्य पर्याप्त रूपमा रहेको पाइन्छ । यस सन्दर्भमा यहाँ खास गरी 'प्रकृतिको अस्तित्वको सन्देश'जस्तो तीन उपशीर्षक दिई कवितालाई तीन भागमा विभाजन गरी ती उपशीर्षकअन्तर्गतचाहिँ अनुच्छेद विभाजन नगरी निरन्तरित पङ्क्तिप्रवाहका अन्तढाँचामा रचिएको कवितारचनाको पहिलो उपशीर्षक 'म प्रकृति हुँ अस्तव्यस्त मेरो हालत'का सुरुका अनेकौँ कवितापङ्क्तिहरूमा उपमावाचक 'समान' शब्दको विकल्पी अन्त्यानुप्रासको आवृत्तिको सिलसिला लामो छ– एघार पल्टजति । यहाँ अनुच्छेदको विभाजन भएका अरू कविताको अनुच्छेदरचना पनि अनेकौँ पङ्क्तिहरूमा फिँजारिएको छ र कवयित्रीको रुचि क्रमिक दुई या बढी कवितापङ्क्तिका बीच विकल्पी र निरन्तरित दुवै ढङ्गले मीठोसँग खास ढाँचाको उपान्त्य र अन्त्यानुप्रासको सिलसिलालाई अनेकौँ पङ्क्तिहरूसम्म विस्तारित गर्नेतर्फ आकर्षित रहेको देखिन्छ– अन्तरपङ्क्तिगत, अनुच्छेदगत र अन्तरअनुच्छेदगत रूपमा पनि ।

वास्तवमा प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका सबै कवितामा उपर्युक्त ढङ्गको लामो अन्त्यानुप्रासी सिलसिलाको न्यूनाधिक आवृत्ति गर्ने रुचि र प्रवृत्ति देखिन्छ भने यस सन्दर्भमा सापेक्ष रूपमा यी कविता विशेष उल्लेख्य देखिन आउँछन्– 'नमुना नेपाल', 'गाईजात्रा', 'कालो दाग', 'उम्लिएर पोखियोस्', 'भानु', 'सगरमाथा नीर नबगाऊ', 'सगरमाथा परेली नभिजाऊ', 'अदम्य साहस', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'जीवनले कोल्टो फेरेछ भने', 'जलधारा एक रूप अनेक', 'एक भूल अपरिहार्य', 'अधुरो कल्पना', 'साथ रहोस् नरहोस्', 'बन्दी पुस्तक' र 'नारी' ।

## उक्तिगत अर्थालङ्कारका परिमित दृष्टान्तको अवलोकन

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका प्राय: सबैजसो कवितामा उक्तिगत अर्थालङ्कारको न्यूनाधिक प्रयोग भएको पाइन्छ । यहाँका विभिन्न मर्मस्पर्शी कवितामा अनेकौँ अन्तगर्भित र विमिश्रित स्फुट वा अर्धप्रस्फुटित अर्थालङ्कारहरूको उल्लेख्य प्रयोग भएको छ भने विभिन्न कविताका कतिपय स्थलमा भने खुलेर नै केहीमा शोभाकारी र ज्यादाजसो शोभावर्द्धक रूपमा र मिश्रित रूपमा पनि अंशत: स्वभावोक्तिको र विशेषत: कतिपय अरू सादृश्यमूलक, अभेद वा अभिन्नता आरोपित भएको या अन्तर्विरोधगत सम्बन्ध रहेका जस्ता उक्तिमार्फत विभिन्न अर्थालङ्कारहरूको वैचित्र्यकारी र मर्मस्पर्शी मनोरम प्रयोगसमेत भएको भेटिन्छ । यसै सन्दर्भमा यहाँका कतिपय कवितामा पाइने अर्थालङ्कारगत मनोरम प्रयोग भेटिने केही कवितांश नमुनाका रूपमा तल उद्धृत छन्–

(क) विस्तारित उपमा शृङ्खला (र अन्तर्गर्भित आक्षेप आदि) अलङ्कारसँग स्वभावोक्ति अलङ्कारको सम्मिलन भएको देखिने कवितांश–

**'सिंहले मृगको बथानमा**
**आक्रमण गर्दा**
**जसरी हुन्छ तितरबितर**
**गोरखा, सिन्धुपाल्चोक, दोलखा, काभ्रे**
**भूकम्प तिम्रो आक्रमणले**
**त्यसरी नै पाऱ्यो सोत्तर'**
–'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण', भाग १ अनुच्छेद २)
**'गोमन सर्पले जिब्रो लपलपाएझैँ**
**एक लप्कामा अजिङ्गरको श्वास बनी**
**सोहोरेर क्षतविक्षत कति मृत अहो बनायौ**
**काठमाडौँ सहर पनि'**
–पूर्ववत्, अनुच्छेद ३

(ख) अन्तर्गर्भित विरोध अलङ्कारसँग स्वभावोक्ति अलङ्कारको सम्मिलनसमेत अन्तर्गर्भित रहेको देखिने एक कवितांश–

**'सहरपिच्छे खडा गर्‍यौ महल**
**आज चार दिवारभित्र मात्र छ चहलपहल**
**चारपाँच सवारी आँगनभरि**
**एकको काम छैन अब यो बन्दाबन्दी लकडाउनभरि'**

–'प्रकृतिको अस्तित्वको सन्देश' कविता, भाग २)

(ग) समासोक्ति, विरोध, अपह्नुति, रूपक आदि अन्तर्गर्भित स्वभावोक्ति झल्किने एक कवितांश–

**'अर्थतन्त्र पारिदिएँ सखाप**
**न त सक्छ छुन क्षेप्यास्त्रले**
**न त सक्छ मार्न कुनै शास्त्रले...**
**जसलाई भेट्छु छाड्दिनँ म...**
**एक छिउँको छ मेरो अस्त्र**
**एक ख्याक्क छ मेरो शस्त्र...'**

–पूर्ववत्

वस्तवमा यहाँ प्राकृतिक स्रोतसँगै जनजीवनका विभिन्न पक्ष र सन्दर्भबाट लिइएका अनि पुराण र इतिहासका साथै अरू ज्ञानस्रोतबाट ग्रहण गरिएका समेत उपमाकारी, रूपकीय, उत्प्रेक्षणीय, अन्तर्विरोधशील वा अरू प्रकारका दँजाइप्रति दँजाइका सामग्रीको प्रयोग गरी बिम्बअनुबिम्बगत र बिम्बप्रतिबिम्बगत अर्थगत उक्तिका परम्परित र अभिनवसमेत विशेष शोभावर्द्धक र सौन्दर्यकारी उद्भावना गरिएको भेटिन्छ । यहाँ स्वभावोक्तिगतभन्दा पनि बढी वक्रोक्तिपरक वा अतिशयोक्तिपरक विविध रम्य अर्थालङ्कारको सृष्टि गर्ने जुन परिमित रुचि र क्षमता कवयित्रीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहमा देखा पर्छ त्यो प्राय: रुचिर र रम्य नै रहेको छ ।

**कलाकार सुनीता कार्कीको सुरुचिपूर्ण र सुन्दर चित्रकारिताको दोस्रो नयाँ खेप**

कवयित्री सुनीता कार्कीको पहिलो कवितासङ्ग्रह 'जानी नजानी'का अलग अन्तिम खण्डका रूपमा उहाँको कलाकार व्यक्तित्वलाई व्यक्त गर्ने तेह्रवटा श्वेतश्याम आरेखचित्र पनि सँगै राखिएका थिए र तीमध्ये धेरैजसो विशेषत: रङ्गको छनोट तथा प्रकाश र छायाको चित्रगत अनुपातको संयोजन अनि रेखाहरूको अभिप्रायपूर्ण प्राय: अर्धमूर्त विन्यास गर्ने कोमल तूलिकाका स्पर्शका साथै दृष्टिमनोरम हृदयस्पर्शिताका सन्दर्भमा मलाई प्राय: रोचक र आकर्षकसमेत लागेका हुन् भने उहाँको प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका अन्तिम पृथक् खण्डअन्तर्गत पनि त्यसरी नै 'मेरा थप चित्रहरू' भनी एक अलग पृष्ठको शीर्षक राखी उहाँको कलाकार व्यक्तित्वलाई थप चिनाउने अरू पन्ध्रवटा प्राय: दृष्टिमनोरम र हृदयाह्लादक श्वेतश्याम चित्रकलाकृतिको समावेश भएको पाइन्छ र त्यो उहाँको कवितारचनासँगै कलासृजनासमेत रुचाउने पाठकका अतिरिक्त तिनका दर्शक तथा भावकहरूका निम्ति प्रिय र सुखद ठहर्ने विशेष सन्दर्भ हुँदै हो । प्रस्तुत दोस्रो 'साथ रहोस् नरहोस्' भन्ने कवितासङ्ग्रहका पूर्वोक्त अन्तिम खण्डअन्तर्गत रहेका यी पन्ध्रवटा श्यामश्वेत चित्रात्मक कलाकृतिका क्रमाङ्कित छायाप्रतिकृतिहरू सरसरती हेर्दै जाने क्रममा तीमध्ये केहीमा उहाँका प्रस्तुत दोस्रो कवितासङ्ग्रहका कतिपय कविताशीर्षक र तिनका कविताक्रमको उल्लेख रोमेली वा देवनागरी लिपिमा भएको पाइयो र यस सन्दर्भमा प्रथम दृष्टिमै चाक्षुष र मानस तलका आधारभूत संवेदनाकै तहमा पनि यीमध्येका अधिकतर श्यामश्वेत चित्रहरू हृदयस्पर्शी, सुकोमल र मनोरम तथा स्निग्ध, भावपूर्ण र रुचिकर प्रतीत हुन्छन् । यहाँ रहेको चित्रक्रमका यी कतिपय चित्रसँग सम्बद्ध रहेका उहाँका 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका नेपाली कविताशीर्षक यी हुन्– 'भानु' (चित्र १), 'सुषुप्त महत्त्वाकाङ्क्षा' (चित्र २), 'पृथ्वीको गर्भ' (चित्र ३), 'वेदना

एक मानव भ्रूणको' (चित्र ६), 'एक भूल' (चित्र ७), 'भानुशशीको मिलन' (चित्र १३), 'बिना' (चित्र १४) र 'समर्पित' (चित्र १५)। यसरी यहाँ उपर्युक्त पन्ध्रवटा चित्रहरूमध्ये जम्मा आठ चित्रसँग सम्बद्ध कविताशीर्षक फेला पर्छन् र प्रस्तुत कवितासङ्ग्रहका प्रकाशनका क्रममा केही कविताशीर्षक (यथा 'भानुशशीको मिलन' 'असम्भव प्राय: मिलन' हुन पुगेको) र कतिपय कविताक्रम फेरिएको समेत भेटिन्छ र यहाँ अरू सातवटा चित्र (चित्रक्रम ४, ५, ७, ८, ९, ११ र १२) को भने शीर्षक दिइएको पाइन्न।

कलाकार सुनीता कार्कीका उपर्युक्त पन्ध्रवटै चित्रहरूमध्ये प्रत्येकका सम्बन्धमा यहाँ समीक्षात्मक निरूपण गर्नु सम्भव भएन; त्यसलाई भविष्यका कुनै अवसरका निम्ति सुरक्षित राखौँ।

कलाकार सुनीता कार्कीका यी पन्ध्रवटा चित्रहरूका सम्बन्धमा समष्टिगत रूपमा हेर्दा यहाँ उहाँको अभिरुचि मानिस, पशुपन्छी तथा अरू जीव र वनस्पति हुँदै प्रकृतितर्फ पनि उन्मुख रहेको देखिन्छ र मानवकृत वस्तु र आभियन्त्रिकी तथा संरचनाप्रति भने अलि कमै चासो रहेको देखिन्छ। यहाँ स्वयम् मानिसका चित्रहरू र तिनमा पनि खास गरी अर्ध कदका र मुहारका सुन्दर र गहिराइपूर्ण चित्र बढी देखिन्छन् अनि लगभग पूर्ण कदको मानवचित्र यहाँ कमै भेटिन्छ। यी मानवचित्रहरूमध्ये चाहिँ यहाँ ज्यादाजसो नारीचित्रहरू नै रहेका छन्– एक्ली बैँसालु या अधबैँसे नारीका केही चित्र अथवा दुई नारीका केही सहचित्र। त्यस्तै यहाँ स्त्रीपुरुषका केही युगल वा दाम्पत्य चित्रहरू छन् र एक्लै पुरुषको चाहिँ कुनै मानवचित्र यहाँ परेको छैन भने यहाँ स्त्री कलाकारका रूपमा उहाँ यतातिर प्रवृत्त नभएजस्तो र उहाँको अलि हिचकिच रहेजस्तो पनि देखिन आउँछ। त्यस्तै एक चित्रमा गर्भे दुई मानव भ्रूणको पनि मिश्रित उपस्थिति यहाँ पाइन्छ। यहाँका मानवचित्रका रचनामा कताकति अङ्गविकलतातर्फको सङ्केतसँगै अधियथार्थवादी र स्वैरकल्पनाशील विशेष भावाभिव्यञ्जन पनि पाइन्छ। यहाँ वन्य पशुको एकल चित्र एउटै रचिएको छ भने

मानवकृत अनियन्त्रित वनकटानीको प्रभाव देखिने वनविनाशसम्बन्धी चित्ररचनामा पीडित सङ्कटापन्न केही पशुपन्छी पनि चित्रित छन् अनि एउटा चित्रमा देवीको वाहनस्वरूप सिंहको सुन्दर सहचित्रसमेत रचिएको छ भने अरू केही चित्रमा पनि केही पशुपन्छी आदिको कताकति साङ्केतिक उपस्थिति भेटिन्छ । उहाँका चित्ररचनाका खास गरी मानव नरनारी पात्रहरूका स्वरूप र जैविकीका यथार्थवादी वस्तुगत धरातलमा टेकी दैवीकृत र पौराणिकीकृत कल्पनाशीलता र स्वैरकल्पनापरक अधियथार्थवादी र अभिव्यञ्जनावादी पाराको अर्धमूर्तन, आंशिक अमूर्तन तथा अमूर्तनका मिश्रित प्रवृत्तिको सृजनात्मक स्पर्श परेको कलात्मक विशेष छापसमेत यहाँ भेटिन आउँछ । यहाँ प्रकृतिपरक वा प्रकृति, वनवनस्पति र जीवजगत्का चित्रको सहप्रस्तुति भएका चित्रका क्रममा भने वस्तुवादी र यथार्थवादी आंशिक मूर्तनसँगै विशेषत: अभिव्यञ्जनवादी प्राय: अर्द्धमूर्तन र विशेष अभिव्यञ्जकताको अन्त:स्पर्श पनि खास गरी बहु चित्रखण्डका गुजमुजे भावतुमुलतामा विशेष प्रभावशाली रहेको भेटिने गर्दछ । यहाँ उपर्युक्त प्रकृति र वनस्पति तथा खास भौतिक या जैविक दृश्यपरिदृश्य वा रूप, अवस्था, क्षण आदिको अनि मानवकृत निर्माणकलाका विविध वस्तु र वास्तुका संरचनासमेतका चित्रणका क्रममा कतै रुचिर एकोन्मुखताका साथै प्राय: सघन बहुसमावेशिता र विशेष सघन भावतुमुल चित्र (कोलाज) रच्नेजस्ता कलात्मक सृजनात्मक प्रवृत्तिको प्राय: मिश्रितता रहेको पाइन्छ । यहाँका अधिकतर चित्रमा मूल चित्रका संरचनाअन्तर्गत अनेक प्रतीकधर्मी ससाना बहुचित्रखण्डहरूको विस्तार विशेष सङ्केतशील हुनाका अतिरिक्त विशेष अभिव्यञ्जक शोभाकारी अलङ्कार वा कलात्मक विशेष फूलबुट्टाका रूपमा समेत रहने गरेको भेटिन्छ । यी सन्दर्भमा उहाँका यी श्यामश्वेत चित्रहरूमध्ये विशेषत: मानिस, वनस्पति र वन्यजन्तुलगायतका सूक्ष्म र मसृण भावाभिव्यञ्जक सुन्दर चित्रका रचनामा उहाँलाई कलात्मक विशेष सिद्धि र उल्लेख्य विशेष सफलता प्राप्त हुन आएको देखिन्छ । वस्तुत:

उहाँका विशेष सफल चित्ररचनामा वर्ण्य अन्तर्वस्तु एवं कलाकारीय आत्मपरक तथा कल्पनाशील भाव र सोचको सिर्जनशील आन्तरिक रूपका वस्तुताको आधारभूत सौन्दर्यात्मक मूर्तनका सूक्ष्म धरातलमा अडी विशेष कल्पनाशील र सृजनशील रही संयमपूर्वक छाया र प्रकाशबीच अन्तरसन्तुलनशील र विशेष रचनात्मक तूलिकागत स्पर्श र आघातसँगै वाञ्छित रङ्ग र रेखाको विशेष भावाभिव्यञ्जक कुशल अन्तर्विन्यासद्वारा सृजित विशेष प्रगाढ एवं समुज्ज्वल र दृष्टिमनोरम अनि भावाभिव्यञ्जनशील हृदयस्पर्शी चारुता र वैचित्र्य एवं विस्मयकारी र सम्मोहक गहिराइ र लालित्य प्राय: रहने गरेको देखिन्छ । त्यसैले उहाँका यस्ता कतिपय श्यामश्वेत चित्र हेरिरहूँजस्ता दृष्टिसुखद, हृदयाह्लादक र मानस स्तरमा पनि अमिट वा नमेटिने चारु उज्ज्वल अन्तरप्रभाव सिर्जन सक्षम किसिमका रहेका छन् ।

त्यस्तै कलाकार सुनीता कार्कीको यहाँका श्यामश्वेत चित्रमध्ये कतिमा समुज्ज्वल गाढा रङ र रेखाका विमोहक अन्तरसंरचना र हृदयाह्लादक संयोजनमा चढ्का चाक्षुष एवं मानसिक उल्लास र प्रसन्नता तथा आनन्दका अनुप्रभावका विशेष भावगत अभिव्यञ्जनमा जोड दिइएको पाइन्छ भने कतिमा चाहिँ अलि हल्का प्रकाशमा रङ र रेखाको अलि मलिन एवं घुर्मैलो र धमिलो गाढापनको अन्तरसंयोजनबाट उदासी, विषाद र वेदना प्रभृति भावलाई उद्दीप्त तुल्याउने सृजनशील कल्पनामूलक संरचना र प्रभावको सृष्टि एवं अभिव्यञ्जना गर्ने रुचि विशेष रूपमा व्यक्तिएको देखिन्छ । यहाँका श्यामश्वेत केही चित्रमा उत्साह र शौर्य अनि अरू निकै चित्रमा खेद, आक्रोश र क्रोध अनि कति चित्रमा उदासी, विषाद एवं बीभत्सताको अलि खल्लो अन्तर्भावना, कति चित्रमा प्रेम र रतिभावको आकर्षक प्रफुल्लता, कतिमा बेचैनी तथा छटपटी एवं अश्रु, रोदन र अन्तरकरुणाको मर्मस्पर्शी आकर्षणशीलता र विकर्षणशीलता दुवै अनि कतिमा व्यङ्ग्य र उपहासको अन्तरप्रवृत्ति पनि भेटिन्छ अनि अरू केही चित्रमा विस्मय, अद्‌भुतता र प्रशान्तिको अन्तर्भाव पनि झल्किने गर्दछ । केही चित्रमा चाहिँ भय, त्रास, घृणा,

जुगुप्सा र विकर्षणशीलताजस्तो भावगत प्रभाव यहाँ सञ्चारित हुने गरेको छ र यहाँ केही चित्रमा भने विविध भावगत उद्दीपन तथा अनुक्रियाको सहसम्प्रेषण तथा केही वा निकै अपरूपण वा विरूपण गरिएका र खण्डित कतिपय अभिव्यक्तिमा अर्थिनुबाट उन्मुक्तिका साथै अन्तरविसङ्गतिको तुमुलता पनि यहाँ देखिनाका साथै अनुभूत हुने गर्दछ । यस चित्रमालाका चित्रका बीचका अनुपातका दृष्टिले हेर्दा चाहिँ यहाँ एकातर्फ केही चित्रमा अनुभूति रङ्ग र रेखाको समुज्ज्वल अन्तरसन्तुलन गरी सिर्जिएको उल्लास र प्रसन्नताको अभिव्यक्ति र अर्कातर्फ केही चित्रमा तिनै रङ रेखाको प्राय: धमिलोपन र घुर्मैलोपन प्रधान रहने गरी सिर्जिने उदासी, विषाद र वेदनाको दोहोरै अभिव्यक्तिसँगै अरू केही चित्रमा यिनको बीचको र अन्तर्वर्ती एवं मिश्रित मध्य स्थितिका अनि अर्धमूर्त वा मिश्रित मूर्तामूर्त किसिमका विशेष अभिव्यञ्जक सृजना पनि लगभग एकएकतिहाइवरपरका अनुपातका परिमितिमा देखिन आउँछन् ।

अन्त्यमा यहाँ यति भन्नुपर्ला– केही बेर यी प्रत्येक चित्र ध्यानपूर्वक गहिरिएर हेर्दा र सोच्दा अनि यिनका बारेमा कल्पनाशील रही थोरै मनन पनि गर्दा मेरा दर्शकीय र भावकीय सहज चेतनामा यिनले तत्काल पारेका अन्तरप्रभावका सन्दर्भमा मेरा आँखा र मन दुवैलाई क्रमश: छुँदै पारेका कतिपय द्रुत समष्टिप्रभावका रूपमा संवेद्य अनुप्रभावपूर्ण र स्वतन्त्र साहचर्यपरक सामान्य र सहज दर्शकीय बुझाइ तथा अर्थ्याइकै आधारमा यी विशिष्ट चित्रमा मैले अलि गढेर हेरी सोची जेजस्तो तत्क्षणिक र आरम्भिक अनि प्राय: दृष्टिसुखद र विस्मयकारी भावको अनि संवेदनशील र मार्मिक उज्ज्वलता, मलिनिमा, गहिराइ र प्रगाढपन एवं रुचिरता र चारुता अनि अन्त:स्पर्शिताजस्तो जुन कलात्मक अनुभव गरेँ तिनैलाई यहाँ सटासट र चटाचटसँग नेपाली भाषामार्फत उतारेको सम्म हुँ ।

निष्कर्षमा कलाकार सुनीता कार्कीका उपर्युक्त पन्ध्रवटा चित्रहरूमध्ये १, २, ३, ४, ५, ६, ७ र ८, ९, १०, ११, १२ र १४ मलाई विशेष मन

परे भने तिनमा पनि चित्र २, ४, ५, ६, ७, ८, ९, १० र १४ (लगभग आधासरोजति चित्र) बढी सुरुचिपूर्ण, कल्पनाशील, गहिराइपूर्ण, विशेष अभिव्यञ्जक अनि दृष्टि र हृदय दुवैका निम्ति चारु र रुचिर अनि मनोरम र उत्कृष्टजस्ता अनि प्रतिभाशाली र विशेष कल्पनाशील दर्शक र भावकका निम्ति अलि खुलाजस्ता पनि लाग्न पुगे ।

यहाँ यो पनि भनूँ– कलाकार सुनीता कार्कीका चित्रकलाका कृतिहरूको एकल वा संयुक्त कलाप्रदर्शनी भएको छ छैन मलाई थाहा छैन; तर अबचाहिँ उहाँको चित्रकलाको कलाप्रदर्शनी हुनु वाञ्छनीय छ अनि उहाँको कलाकारिताले पनि लगभग सिद्धि प्राप्त श्वेतश्याम आरेख वा चित्रमा मात्र सीमित नरही सापेक्षत: बढी रङ्गवैभव र रचनासौष्ठव तथा सृजनात्मक सघन अभिव्यञ्जकता व्यक्त हुन सक्ने अरू पनि प्रभावकारी विधागत र अन्तर्विधागत थप माध्यमको प्रयोगतर्फ रुचि बढाउनुसमेत बेसै होला ।

**समीक्षात्मक टुङ्ग्याउनी**

यहाँ अहिलेसम्ममा प्रथमत: कवयित्री सुनीता कार्कीको प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका विभिन्न प्रमुख कवितामा प्राय: अन्तर्निहित रहेको विषयवस्तु या अन्तर्वस्तु एवं भाव तथा रससम्भाव्यता एवं सोचसोचाइ र चिन्तनको विशेष मर्मस्पर्शिता र विशेषत: नेपाली प्रकृतिजगत्प्रति रुचि र अनुराग, देशप्रेम तथा राष्ट्रियता र राष्ट्रिय एकताका भाववेगको प्रबलता अनि नेपाली समकालीन राष्ट्रिय जीवनका कतिपय विसङ्गतिप्रतिको आक्रोश तथा व्यङ्ग्योपहासलगायत नेपाली नारीहृदयका प्रेम र रतिराग तथा विरहका अनि प्रगाढ दाम्पत्य भावका सुकोमल अभिव्यञ्जना एवं नारीमुक्तिको चेतनाका तीक्ष्णता र जगत् तथा जीवनसम्बन्धी स्थूल तथा सूक्ष्म चिन्तन आदिसम्बन्धी विवेकसम्मत दृष्टि र आध्यात्मिक वृत्तको विस्तृत र प्राय: मर्मस्पर्शी मूल सन्दर्भ र सेरोफेरो आदिबारे जुन समीक्षात्मक चर्चा गरियो त्यो उहाँको कवित्वको मूल कथ्यगत वैशिष्टच हुँदै हो । त्यसपछि यहाँ प्राय: अन्तर्गीतिपूर्ण मुक्त लयात्मक गद्यकवित्वका खास गरी कतिपय छोटा, मझौला र

लामा आदि संरचनाका अन्तर्ढाँचाका विशिष्ट श्रुतिरम्यता र सुबोध्य अभिव्यक्ति तथा सहज सम्प्रेष्यताको रोचकतासमेत भएको मध्योच्च शैलीका प्रायः सुललितता अनि अनुभूतिगत गहिराइ र सौन्दर्यपूर्ण एवं अभिव्यञ्जक रम्यतासमेत भएका कविताका सूक्ष्म संरचना र मर्मस्पर्शी सङ्कथनका विशेष ढाँचाका रुचिरता र कविताकथनको प्रथम पुरुषप्रधान तथा प्रभावपूर्ण विशिष्ट दृष्टिबिन्दु एवं शैलीगत पङ्क्तिविन्यासका क्रमका पङ्क्तिभित्रको र अन्तरपङ्क्तिबीचको वर्णवितरणका श्रुतिसुखद अन्तरअनुप्रासीयता र पङ्क्तिगत, अनुच्छेदगत र अन्तरअनुच्छेदगत अन्त्यानुप्रासविधानको निरन्तरित एवं विकल्पी सुमधुर छटा र विशेष लामा श्रुतिरम्य अनुप्रासीय र अन्त्यानुप्रासीय पङ्क्तिशृङ्खलाप्रतिको विशेष मोह, स्वभावोक्तिलगायत विभिन्न वक्रोक्ति तथा अतिशयोक्तिका अन्तरसन्तुलनबाट सृजित चारुतापूर्ण अर्थालङ्कारका र बिम्बविधानका सहज स्वस्फूर्त अस्फुट तथा स्फुट अन्तर्मिश्रण र संश्लिष्टताका रछाया एवं दोछायासँगै कतिपय स्थलका अर्ध प्रस्फुटित तथा विशेष प्रस्फुटित वैचित्र्य र आह्लादकतालगायत अरू पनि कतिपय भावगत तथा शिल्पगत अभिव्यञ्जक शोभाकारी र शोभावर्धक अनेक पक्ष र विस्मयकारी पाटाहरूको तथा रम्य अन्तर्युक्तिहरूप्रभृति उहाँका कवितागत अर्को थरी अभिव्यक्तिगत मुख्यतः भाषाशैली र उक्तिलगायतका बारेमा यहाँ जुन समीक्षात्मक चर्चा गरियो त्यो पनि उहाँका कवित्वका अर्का थरी प्रमुख वैशिष्टच हो भन्ने मलाई लाग्दछ । यहाँसम्म उहाँका कवित्वका उपर्युक्त दुवै थरी अन्तरप्रवृत्ति र तिनका मुख्य वैशिष्टचका सम्बन्धमा समीक्षात्मक यति आकलन र अनुशीलन एवं पर्यवलोकन गरिसकेपछि अब अन्त्यमा यस ‘साथ रहोस् नरहोस्’ कवितासङ्ग्रहका अनेक प्रमुख कविताको सापेक्ष र सन्तुलित गुणवत्ताका बारेमा पनि यहाँ सरसरती समीक्षात्मक आकलन गर्ने प्रयास गरेर हेरौँ ।

उपर्युक्त सन्दर्भमा प्रस्तुत ‘साथ रहोस् नरहोस्’ कवितासङ्ग्रहका तेत्तिस कविताहरूमध्ये सापेक्ष रूपमा प्रायः उपर्युक्त सबै दृष्टिले उत्कृष्ट कविता हो– ‘अस्तित्वको सन्देश’ । त्यस्तै प्रस्तुत

कवितासङ्ग्रहको 'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताका तीन उपशीर्षकसँग सम्बन्धित तीन भागमध्येको तेस्रो उपशीर्षक वा भागअन्तर्गतको अन्तरचाहनास्वरूप वार्तातत्त्व, कामना वा सन्देशको केही बढी चाप हुनाका साथै कतिपय स्थलमा सानातिना अरू केही कसर भेटिए पनि आधारभूत रूपमा र कवित्वका समष्टि स्तरमा यो कविता पनि प्रायः उत्कृष्ट नै छ । त्यस्तै अर्को 'स्थितप्रज्ञ' कवितामा कवयित्रीका आफ्ना विशेष भावना, सोच र दृष्टिकोणका शक्ति एवं परिसीमा र कतिपय स्थलमा कतिपय सानातिना अरू केही कसर रहे पनि कवित्वका समुच्चा सन्तुलनमा र आधारभूत स्तरमा चाहिँ यो कविता पनि प्रायः उत्कृष्ट नै ठहर्न आउँछ । यस कवितासङ्ग्रहका यी विशेष उत्कृष्ट तीन कवितापछिका कवित्वका उच्चमध्यम स्तरबाट तल खास नडग्ने र अंशतः उत्कृष्टता वा उच्चतातर्फ उन्मुखसमेत रहेका अनि यिनका कतिपय स्थलमा खास केही सानातिना कसर र कमजोरी भेटिए पनि समुच्चा कवित्वका आधारभूत स्तरका दृष्टिले भने प्रस्तुत कवितासङ्ग्रहका प्रायशः अनि अंशतः राम्रै र प्रायः बेसै लाग्ने यी केही (थप दसवटा) कवितासमेत पटकपटक पढ्दा र अन्तर्मनन गर्दा राम्रा कविताका रूपमा यहाँ क्रमशः विशेष उल्लेख्य देखिन आउँछन्– 'अपरिहार्य', 'अधुरो कल्पना', 'एक भूल', 'साथ रहोस् कि नरहोस्', 'जीवनको रहस्य', 'शून्य र पुण्य', 'कुलकी मान', 'गाईजात्रा', 'शून्यतामा' र 'समर्पित' शीर्षकका कविता; यहाँ समष्टिमा पूर्वोक्त तीन उत्कृष्ट कवितासहित यी तेह्रवटा प्रायः व्यञ्जनाशील र मर्मस्पर्शी कविता मलाई विशेष राम्रा कविता लागे ।

प्रस्तुत 'साथ रहोस् नरहोस्' कवितासङ्ग्रहका जम्मा तेत्तिस कविताहरूमध्ये न्यून दोष तथा कसर एवं कवितागत गुणको आधक्य रहेका र आधारभूत कवित्वका स्तरका दृष्टिले बेसै लाग्ने अनि राम्रा र स्तरीय भनी यहाँ भनिएका जुन उपर्युक्त तेह्रवटा कविता छन् ती सङ्ख्यागत दृष्टिले यस कवितासङ्ग्रहका झन्डै चालिस प्रतिशतजति

अनुपातका राम्रा कविता हुँदै हुन् । यस कवितासङ्ग्रहका अरू बाँकी बीसवटा कवितामध्ये यी कविताचाहिँ मध्यम स्तरबाट तल खासै डग्दैनन् अनि क्रमश: लगभग उच्चमध्यम स्तरतर्फ प्राय: अभिमुख रहेका र अंशत: राम्रा कविता ठहर्छन्– (क) 'नारी', 'जीवनले कोल्टे फेरेछ भने', 'अङ्गुष्ठभ्याम', 'सुषुप्त महत्त्वाकाङ्क्षा', 'बन्दी पुस्तक' र 'असम्भव प्राय: मिलन अनि' (ख) 'कस्तूरी सुवास', 'बिना', 'भानु', 'वेदना एक मानव भ्रूणको', 'अदम्य साहस', 'कालो दाग', 'उम्लिएर बगोस्', 'समय', 'नवदुर्गा भवानी : एकताकी सूत्र', 'सगरमाथा नीर नबहाऊ', 'सगरमाथा परेली नभिजाऊ' र 'जलधारा एक रूप अनेक' एवं (ग) 'नमुना नेपाल' र 'पृथ्वीको गर्भ' कविता ।

वास्तवमा निकै लामो (लगभग त्रिचालिस) वर्षजतिको प्राय: नेपथ्यसाधनापछि नेपाली कविताजगत्मा पहिलो कवितासङ्ग्रह 'जानी नजानी' (वि.सं.२०७०) बाट कवयित्री सुनीता कार्कीको कवित्वका साथै नारीकविको व्यक्तित्वसमेत उदाएको र क्रमश: नेपाली कविताजगत्मा परिचित हुँदै आएको हो भने २०७८ सालको प्रस्तुत 'साथ रहोस् नरहोस्' दोस्रो कवितासङ्ग्रहका प्रकाशनबाट उहाँका कविताको आधारभूत प्रवृत्तिगत विस्तारका साथै प्रकाशित समुच्चा कविताहरूको रचनापरिमाणको उल्लेख्य अभिवृद्धिशील मात्रा (क्रमश: ३७/३३ सत्तरीवटा केही लामा र धेरैजसो छोटा खाले फुटकर कवितासङ्ख्या) पुगेसँगै कवित्वका आधारभूत गुणवत्ताका दृष्टिले पनि उहाँको समष्टि कवित्व अरू प्रतिष्ठित हुन पुगेको देखिन्छ र अब उहाँ नेपाली नारीकविताजगत्की एक विशेष प्रतिभावती र प्रतिष्ठित वरिष्ठ कवयित्रीको अनि विशिष्ट नेपाली नारी कविप्रतिभाको विशेष पहिचान बनाउन पनि सफल हुनुभएको छ । म यहाँ उहाँको कवित्वको निरन्तर विस्तारका साथै उत्तरोत्तर अरू परिष्कृति र परिपाक एवं सिद्धिका निम्ति पनि उहाँप्रति हार्दिक सद्भाव र शुभेच्छाका साथै आशीर्वादस्वरूप यी शुभ शब्दसुमन सादर टक्र्याउँछु– यहाँसम्मका उहाँका प्राय: विशिष्ट र चारु कविताप्राप्तिका निम्ति भावपूर्ण उच्च बधाईसहित !

# लेखकीय

मेरो पहिलो कवितासङ्ग्रह ‘जानी नजानी’ प्रकाशनपश्चात् प्रफुल्लताले मेरो हृदयमा पूर्ण डेरा जमाउन सफलता हासिल गरेको थियो । मेरो उत्साहित हृदयले सँगालेका अरू भावहरूको सलबलाहटको सुरुवात तीव्र गतिमा उछाल मार्दै थिए । एकदुई वर्षको अन्तरालमै अर्को सङ्ग्रह प्रकाशित गर्ने लक्ष्यका साथ अघि पढेका कलमहरू निरन्तर बग्ने सरिताझैँ एकनास अघि बगिरहेका थिए । समुद्री आधी सुनामी आएर सब तहसनहस गरेझैँ अप्रत्याशित रूपमा अकस्मात् जीवनमा आएको सुनामीले मेरो उद्देश्य पूरा गर्नुअघि नै विशाल छेकबारको रूपमा बीचमा खडा भइदियो ।

जीवनमा सधैँ एकरूपता हुँदैन । सुख दु:ख, हाँसो रोदनको समिश्रण नै जीवन हो । यी दुवै विपरीतबीच समभाव राख्न सक्ने व्यक्तिलाई दु:खले दु:खी र सुखले सुखी हुनुको अनुभूति दिँदैन तर हामी मानव यति संवेदनशील छौँ, यी अनुभूतिहरूबाट अछूत रहनै सक्तैनौँ ।

घर, समाज र राष्ट्रको दूषितलाई स्वच्छतामा परिवर्तन गर्ने सोचका साथ अघि बढ्ने क्षमताका धनीको खुट्टा तान्न यहाँ हर पाइलामा निम्न सोचका जमात खडा छन् । ती विपरीत दिशातर्फ फर्केकाहरू पनि आफ्नो पद प्रतिष्ठा बचाउन आफ्नो कुकृत्य लुकाउन एक हुन कति लाज मान्दैनन् । यस्तै उथलपुथलले म र मेरो कलमबीच पर्खालको काम गरे ।

समय यस्तो ओखती हो जसले च्यातिएर चराइरहेको घाउमा मलहमको काम गर्दछ । रोकिएका मेरा कलमले समयसँगै मलाई पुन: साथ दिन थाले । तर दुर्भाग्यवश प्रकाशित प्राय: अवस्थामा पुगेको यो सङ्ग्रह कोरोनारूपी प्रकोपले जगत् नै निश्चलप्राय: हुन पुगेको अवस्थामा मृतप्राय: हुन पुग्यो । समयभन्दा अघि या पछि मानवले चाहेर पनि केही नहुँदो रहेछ । कहिले प्राविधिक, कहिले प्राकृतिक, कहिले मानविक प्रकोप कुनै न कुनै रूपमा यसको प्रकाशनमा बाधास्वरूप खडा भइ नै रह्यो । हुन त जो हरेक आधी विचलित हुँदैन, जसको डायरीमा असम्भव शब्द नै छैन ऊ नै सफल पनि हुन्छ । यही सत्य पनि हो ।

मेरो यो दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्' कुनकुन परिस्थितिमा प्रकाशित भए त्यसको टिपोटको रूपमा पनि मैले केही व्यक्त गर्न चाहेकी छु ।

प्राय: अदृश्य जीव कोरोनाको कोपले एउटा राष्ट्र मात्र होइन विश्वलाई नै निश्चल बनाइदियो । यही अदृश्य जीवको मानवप्रति, मानवको स्व: आत्मविश्लेषण र प्रकृतिको दृष्टिकोण यी तीन धारमा त्रिपक्षीय दृष्टिकोणमा, राष्ट्र विखण्डनको पीडामा आफ्नै राष्ट्रको कुमारी रहेका स्रोत सम्पदाको उचित सदुपयोगका लागि घचघचाउनमा, यी पुर्खाको आशीर्वादले फलेको फुलेको स्वाधीन तथा स्वाभिमानी नेपाली भएर बाँच्न पाउँदाको गर्वको क्षणमा र कतै पदलोलुपतामा चुर्लुम्म डुबेकाहरूका कारण शरणार्थीको पीडा भोग्नु नपरोस् भन्ने त्रासमा, भ्रष्टाचाररूपी धमिराले देशलाई सखाप पार्नुअघि नै निर्मूलीकरण र निवारणार्थ कदम बढाउन प्रोत्साहन दिनमा, लुटिएकी नारीको कोखबाट अवतरित हुनुको ग्लानिमा, २०७२ सालमा गएको विनाशकारी भुकम्पको ताण्डप रूपको वर्णनमा, भ्रष्टाचार निर्मूल गर्ने प्रणका साथ सानाठूला सबै माछाको मुखौटा हटाई असली मुहार पर्दाफास गर्ने क्रममा, भ्रष्ट घोषित हुने त्रासमा

त्रिशङ्कुहरूको अपत्यारिलो मिलाप र स्वच्छ छवि धमिल्याउन भएको निम्न प्रयासमा, पुण्य र शून्यको खोजको प्रयासमा कोरिएको केही अंशहरूको सानो आकार हो यो कृति ।

म भावहरूबीच फुल्दछु, गुनगुनाउँदछु, बग्दछु अनि रम्दछु । भावहरू मभित्र सलबलाउँछन र मेरो नसाहरूमा बग्दछन् । त्यही भावहरूलाई समेटर म पानाभरि छताछुल्ल पार्दछु । तब कविता बनेर त्यो आर्विभाव हुन्छ, आत्मसन्तोष बनेर ममाथि वर्षित हुन्छ । कविता मेरो जीवनको ऊर्जा हो जो एकान्तको क्षण सङ्गिनी, निराशाको क्षण आशाको किरण, उत्साहित क्षण प्रेयसी र अलमलिएको क्षण पथप्रदर्शक बन्छ । यही मेरो हतियार हो । यही मेरो प्रेम पुकार हो । यही मेरो क्रोधको बार हो । यही नै मेरो जीवनको उत्तम पुरस्कार हो । आज यहाँहरूसमक्ष यो ‘साथ रहोस् नरहोस्’ कवितासङ्ग्रह लिएर उपस्थित भएकी छु । कसैलाई ठेस पुऱ्याउने मेरो मनसायले यी कविताहरू कोरिएको नभई एक सत्य तथ्यको रूपमा गरिएको एक सत्य परख सङ्ग्रह हो ।

मेरो यो दोस्रो कवितासङ्ग्रह ‘साथ रहोस् नरहोस्’का विषयमा नेपाली कविता, खण्डकाव्य, महाकाव्य, गीत, निबन्ध, बालसाहित्य, नेपाली साहित्यसिद्धान्त समालोचना आदि विषय गरी सबैभन्दा बढी रचना गर्ने र गुणतमक समालोचना लेख्ने महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीद्वारा मेरो यस कृतिको समालोचना हुनु नै मेरो भाग्य हो । उहाँले मेरा भावहरूका शब्दशब्द मात्र होइन अक्षरअक्षर गहिरिएर पढेर त्यसको यथार्थ दर्पण नै प्रस्तुत गरिदिनुभएको छ । उहाँले यति धेरै गहिराइका साथ यसको भावहरूको विस्तृत रूपमा जसरी सूक्ष्मदर्शक यन्त्र बनेर समालोचना गरिदिनुभएको छ त्यसका लागि म महासमालोचकप्रति कृतकृत्य छु र उहाँप्रति अन्तस्करणबाट हार्दिक आभार व्यक्त गर्दछु । यसरी नै उहाँको कृपा म सदैव पाइरहूँ यही मेरो कामना छ ।

मेरो पहिलो कवितासङ्ग्रह 'जानी नजानी' र यो दोस्रो कवितासङ्ग्रह 'साथ रहोस् नरहोस्'लाई प्रकाशित गरिदिएर मेरो सपनालाई साकार पार्ने र मूर्त रूप दिने नइ प्रकाशनलाई अन्तर्हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु ।

मेरा हरेक उतारचढावमा स्तम्भ बनी मेरो हौसला बढाउने मेरा श्रीमान् लोकमानसिंह कार्कीप्रति मेरो हरपल श्रद्धा र आभार रहेको छ ।

'साथ रहोस् नरहोस्'मा मेरा आफ्नो सिर्जनाका केही श्वेतश्याम चित्र पनि संलग्न गरेकी छु ।

**• सुनीता कार्की**

# साथ रहोस् नरहोस्

# प्रकृतिको अस्तित्वको सन्देश

**म प्रकृति हुँ**

म प्रकृति हुँ
अस्तव्यस्त मेरो हालत
लुटिएकी नारीसमान
जगल्टिएका यी केश
लुछिएका जङ्गलसमान
उछिट्टिएका दन्तलहर
हिमाल पग्लिई खिइएका नाङ्गा पहाडसमान
उर्वर मेरा यी छाती सुकेर
मरुभूमिको बलौटे माटोसमान
विश्वदृश्य सामर्थ्य भएका यी नयन
जलबिन्दु आहत छन्
अदालतमा आँखामा पट्टी बाँधिएकी नारीसमान
नाभीद्वारा सिञ्चित मेरा रक्तरक्तका कणधारा
कोसीका बाँध फुटी सुनामी आएसमान
नासाग्रका वासना शक्ति पखालिएर
दुर्गन्धित वाग्मती अनि गङ्गासमान
बाहुरूपी यी दुई स्तम्भ
ढलेको धरहरा अनि भस्मशेष जोर बुर्जा ट्विन टावरसमान
सम्पूर्ण विश्व अटाउने आँत आज
भकभक जलेका वर्षावन रेनफरेस्ट अनि अस्ट्रेलियाली जङ्गलसमान

पहाडझैँ अटल अनि विशाल गोडा
भार थाम्न नसकी कृष्णभीरमा पहिरो गएसमान
जगत् अटाउने जाँघ मेरा
बिनाआहार सुकेका सोमालिया अनि सिरियाका मानवसमान

श्वासप्रश्वासका लागि
स्वच्छ वायुको अभाव
गगनचुम्बी भौतिक संरचनाको
होडको प्रभाव
द्रव्यपिचासहरूको अतृप्त
कति हो धनप्रति मोह झुकाव
पर्यावरण ह्रासले
वातावरण प्रदूषणले
विकसित राष्ट्रले
निम्त्याएको भूमण्डलीय तापमानको ऊर्ध्वबहाव

प्रकृति म हुँ धर्ती आकाश
जलथल नभ मै हुँ वायु सौर प्रकाश
मेरै सन्तति सब जीव वनस्पति
यस विश्वका सकल प्राणी
मेरै प्रिय कान्छो सन्तान
तिमी मेधावी मानव
विकास त गऱ्यौ खुबै
तर उपद्रो पनि हदै
कति सहूँ उपद्रो तिम्रा
सहिरहूँ कति ओऱ्याइँ तिम्रा
मेरो यो बेहालको तिमी कारण
यी सब पर्यावरण उथलपुथलको
तिमी मूल कारण

अब त झन् बढ्दो महाभय
हुन्छ कि विश्वसृष्टि सकल विसर्जित
म प्रकृति हुँ अझै कति प्रदर्शित गरूँ
नरम अनि शान्त स्वभाव
भूक्षयले निम्त्याएको
बाढी पहिरोले गरेको विनाशको आज के भाउ
जब चक्षुले अदृश्य जीवले पनि
हल्लाएको छ, डुबाएको छ
जीवरूपी नाउ
राष्ट्ररूपी नाउ
विश्वरूपी नाउ

**कोरोना भाइरसको स्पष्टीकरण**

हुँ म एक अदृश्य जीव
मानिस तिम्रै जैविक आविष्कारले बनेर सजीव
सल्किँदै छु, फैलिँदै छु मुसासरि
सुरु भएथेँ जहाँ एक नगरीबाट फैलिएसरि
त्यहीँबाट आज पुगेको छु जगतैभरि
गर्थ्यौ दम्भ धनको
कपटी भयौ मनको
सधैँ एकअर्कालाई गिराउने होडहरू
राजनीतिको दुर्गन्धित मोडहरू
भ्रष्टाचारको त जिज्ञासा नै छोडौँ
जब वृद्धाश्रममा पुऱ्याई
बाबुआमाको सपना तोड्यौ
जन्तुलाई त झन् के गन्थ्यौ
जब दम्भले मनुष्यलाई जन्तु सम्झन्थ्यौ

संस्कार बस्यो थाती
चुम्बन अङ्कमाल नानाभाँती
सहरपिच्छे खडा गऱ्यौ महल
आज चार दिवारभित्र मात्र छ चहलपहल
चारपाँच सवारी आँगनभरि
एकको काम छैन अब यो बन्दाबन्दी लकडाउनभरि
बनेको छ आज शृङ्गारसाधनसरि
विदेशतिर जानेको भीड कमिलासरि
एकअर्कालाई उछिन्न
तँछाडमछाड गरी
आज बनेको छ स्वदेश नै विदेशसरि

अब के मिल्छन् ती हात
सद्भाव या होस् दुर्भावका साथ
एकअर्का बीचको दूरी
अब बन्यो हे मनुष्य
तिम्रो विशाल मजबुरी
जति नै गऱ्यौ प्रविधिको विकास
छुने उद्देश्य लिई आकाश
आज भए ती सब धराप
अर्थतन्त्र पारिदिएँ सखाप
न त सक्छ छुन क्षेप्यास्त्रले
न त सक्छ मार्न कुनै शस्त्रले, शास्त्रले

धर्म, न्याय जान्दिनँ म
इसाई, हिन्दु, मुसलमान, जैन, बौद्ध
छान्दिनँ म

धनी गरिब पनि मान्दिनँ म
राजा हुन् या जनताजनार्दन
या त राजनीतिज्ञ
स्वास्थ्यकर्मी, प्रहरी या त वैज्ञानिक विशेषज्ञ
जसलाई भेट्छु छाडदिनँ म
चाहे दिऊन् आहुति या गरून् तप यज्ञ

एक छिउँको छ मेरो अस्त्र
एक ख्वाक्क छ मेरो शस्त्र
गर्न कठिन छ मलाई परास्त
मूर्ख भई जब भौँतारिन्छौ प्रशस्त
हालत म बनाउन सक्षम अस्तव्यस्त
छु म निशस्त्र
तापनि छु सशस्त्र

भार कम गर्न पृथ्वीको
प्रयुक्त एक माध्यम हुँ प्रकृतिको
बनायौ योजना वर्षौंवर्षको
प्रश्न छ केवल एक रत्तिभर श्वासको
प्रकृतिविनाशको हौ मेरुदण्ड
धकेली विश्व जीर्ण अवस्थामा
गर्छौ अझ दम्भ
गर्‍यौ क्षेप्यास्त्र आविष्कार
संसार गर्ने विध्वंस
प्रकृतिचक्रको तादात्म्य पनि
गर्‍यौ ध्वस्त
सुगम गतिमा चलायमान छ

मनुष्यबाहेकको यो प्रकृतिचक्र
आज दूरबीनले खोज्नुपर्ने 'म' परजीवी
सक्षम भएँ गर्न हरेकको
अहङ्कार भस्म
छोड्दैनौ यस विषम परिस्थितिमा पनि
पाए लुट्न बनेर भ्रष्ट
लाग्दछ मरणपश्चात् पनि
छातीमा लानेछौ सम्पूर्ण द्रव्य
गरे परिस्थिति यस्तो सृजित
भो बाध्यता बस्न एक्लो
भयौ परिवारबाट पनि वर्जित
माटोसरह भयो जेजति मानसम्मान
अनि धन गऱ्यौ आर्जित
बनाएर भुस्याहा कुकुर, बिरालोसरह
लास बनेपश्चात् या भयौ जब निर्जीव

यस परिस्थितिमा पनि
राग, द्वेष एकअर्काप्रति
कारक तत्त्व बनाई मलाई
विध्वंस गर्न पसेका छौ
जमाती पनि
अहिले पनि धनी राष्ट्र
मेरै आडमा यी भ्रष्ट
मानवता राखी थाती
कालो धन कमाउने
उद्देश्य राखी
गर्दै छन् मानव स्वास्थ्यसँग खेलबाड

मेरो माध्यमबाट फूटको खेतीबाट
अब जैविक बारुद हैन
प्रयोग गरी मलाई
बन्नेछ विषाणु सङ्क्रान्तमानव बारुद
ध्वस्त गर्न विद्रोहीलाई

**कोरोनापीडित मानव**

मनुष्य 'म' गर्थें अति दम्भ
उच्च पदमा हुँदा आसीन
आफूलाई ठान्थें प्रभुकै प्रतिबिम्ब
मै हुँ प्रकृति र आफूबीचको
तादात्म्य तिरोहित गर्ने
मधुर सम्बन्ध
प्रकृतिको चक्र तोडी
आफैँलाई विज्ञानसँग जोडी
परीक्षण गर्न के नै राखें बाँकी
ओजोनको पत्रपत्र तोडी
भ्वाङभ्वाङ पार्न नछोडी
गिज्याएथें अस्तित्वलाई पनि
आफ्नो शक्तिप्रदर्शनमा झन्झन् समर्थ बनी
आज गाँज्यो एक तुच्छ जीवले
हल्लाइदियो मेरो अस्तित्व उसले
बनाइदियो निरीहतुल्य
बुझाइदियो जीवनको मूल्य

धन होइन रहेछ मेरो उद्देश्य
बन्धन पशुपक्षीको पनि रहेछ

निर्मम कृत्य
एकाङ्गी जीवन कति कष्टपूर्ण
त्रास मृत्युले कम्पित अङ्गअङ्ग
आज भए बिरानो सब
जसको संरक्षण अनि प्रेममा
गुजारेँ जीवन सम्पूर्ण

आमा भन्दथिन् धर्तीलाई माता
मामा चन्द्र
पाइला त्यहीँ टेकी अनुसन्धान अनेक
जो गर्दथे आविष्कार अनेक भाँतीको
खोइ ! सकेको पत्ता लगाउन ओखती यस महामारीको
तातो तरल, शाकाहारी आहार
सन्तुलित जीवन, आराम प्राणायाम
सम्पूर्ण प्राणीसँग एकसमान व्यवहार
तब निश्चित आउनेछ जीवनमा बहार

वासना कामना पाप पुण्य जेजति थियो सञ्चित
त्यही सब साथमा लिई भयो जन्म किञ्चित्
छैन म जीवनसँग अब
रत्तिभर त्रसित
यी सब नभोगे मुक्तिबाट पनि हुनेछु वञ्चित
जन्म, मृत्यु कहाँ छ मेरो वशमा
यो त सब छ परम शक्तिको अदृश्य हस्तमा
गर्दछु म अदना कर जोडी प्रार्थना
प्रकृति, मनुष्य समष्टि जीवजगत्का बीच रहोस्
अटुट तादात्म्य
यस अर्थमा विश्व सन्तुलनका तात्पर्यमा !

**उपर्युक्त 'प्रकृतिको अस्तित्वको सन्देश' कविताको रचनासन्दर्भ**

२०७७ साल चैत महिनाको सुरुवातसँगै अदृश्य जीवाणु कोरोनाको महामारी नेपालमा जुन रूपले चम्किँदै गयो, त्यसबाट अहिलेसम्म त्राण प्राप्त हुन सकेको छैन । यसले आफ्नो सङ्क्रमणका चपेटामा पारी एक सिङ्गो राष्ट्र मात्र होइन, सम्पूर्ण विश्वलाई नै आतङ्कित पारी प्रचुर नरसंहार गरी हल्लाइदिएको छ । सर्वत्र एक महात्रासको वातावरण, मानिससित मानिस त्रसित भएर निश्चित दूरी कायम गर्नुपर्ने, घरको चार दिवारीभित्र कैद भई बस्नुपर्नेजस्ता जुन बन्देजहरू र महामरणको भय र जोखिमको सिर्जना गरेको छ त्यसै रचनासन्दर्भमा मैले माथिका कविता कोर्ने प्रयास गरेकी हुँ ।

यो 'प्रकृतिको अस्तित्वको सन्देश' कविता 'कोरोना' या कोभिड– १९ भनिने वर्तमान विश्वमहामारीको सङ्क्रामक कारणका रूपमा रहेको एक थरी अदृश्य विषाक्त जीवाणुस्वरूप भाइरस या जैविक विषाणुको विश्वव्यापी प्रसार र सङ्क्रमणले सम्पूर्ण नेपालीलाई र पूरै मानवसमुदायलाई समेत ठूलो सङ्ख्यामा प्राणहरण गरी सताइरहेको वर्तमान भयावह अवस्थासँग सम्बन्धित मेरो सोचाइको एक सिलसिला कविताको रूप लिन पुगेको हो । यो कविता तीन भागमा विभाजित भएको छ तीन उपशीर्षकमा– 'म प्रकृति हुँ अस्तव्यस्त मेरो हालत', 'कोरोना भाइरसको स्पष्टीकरण' र 'कोरोनापीडित मानव'मा । यहाँ प्रथमत: प्रकृति (धर्तीका जलथल, नभ/आकाश, वायु र सौर प्रकाशलगायत) विश्वसृष्टिमयी आमाको आफ्नो वर्तमान बेहाल अवस्थाप्रतिको विलाप/आत्मालाप र कान्छो सन्तान मेधावी मानवप्रतिको तीव्र गुनासो अनि सृष्टिकै विसर्जन हुन सक्ने वर्तमान महाभय पनि व्यक्त भएको छ । त्यसपछि यहाँ आजको विश्वव्यापी सङ्क्रामक महामारीको हेतुस्वरूप कोरोना भाइरस (कोभिड– १९) विषाणुले दिएको आफ्नो स्पष्टीकरण प्रस्तुत भएको छ । यस कविताको

अन्तिम र तेस्रो भागमा यहाँ कोरोनापीडित मानवले अब आफ्नो वर्तमान दुर्दशा र अकिञ्चन असहाय अवस्थाका साथै प्रकृति, मनुष्य, समष्टि जीव र जगत्को तादात्म्यको पाठ पुनः सम्झिन थालेको अभिव्यक्ति दिइएको छ । कविताका यी तीनवटै भागको समुच्चा अनुभूतिपुञ्जको बीजहेतु वर्तमान कोरोनात्रास नै यस कविताको प्रेरक रचनासन्दर्भ हो ।

# नमुना नेपाल

कुर्सीमा आसीन हुने
अभिलाषा फगत बोकेकाहरू
स्वार्थका साधनाका निम्ति
नित्य निरन्तर कस्सिएकाहरू
सत्तालोलुपताका आहालमा
चुर्लुम्म डुबेकाहरू !
आफू गर्भमा छँदा
गर्भवहन गर्ने आमाको सपना त सोच
आफ्ना स्वार्थको परिपूर्ति होइन
मातृभूमिप्रतिको दायित्व त सोच

एकअर्कालाई दोषारोपण गरी
भएको अस्तित्व पनि बेची
आत्मसम्मान बन्धक राखी
भागबन्डामा अल्झिने खेल छोड अब

६०१ को जमातमा हामी सबै
एकै नेपाली हौँ भन्ने पुर्खाको पौरख
मुटुमा धड्केको साझा अनुभव गर्न सकौँ
नबिर्सौं हाम्रो एकता, हाम्रो गौरव

मधेस, पहाड, किरात, लिम्बुवान
यी सबै हुन् हाम्रा दोस्रो पहिचान
नेपाली हौँ भन्ने अस्तित्व जोगाउन सके
अटल रहनेछन् ती सब हाम्रा पहिचान
एक जुगमा आएको छ एक दिन
किन कलह, रचौँ साझा संविधान
हुनेछ अनि विश्वमा
नमुना नेपालको पहिचान

जनता फकाई, छकाई सत्ताको लुछाचुडी
कति दल नेताहरूको मनपरी
कोको बोक्छौ किन काँधभरि
राष्ट्रलाई निरीह, लुलो, लङ्गडो बनाउनुअघि
नेपाल र नेपाली सम्पूर्ण बोक दिलभरि

हामी सम्पूर्ण नेपालीको साझा
एक बलियो सरकार
बनाउने भावविस्तार
गर तिमी

जनताको सोझोपनको
फाइदा लुट्नुअघि
जुका बनी राष्ट्रको एकता चुस्नुअघि
दुखेको देशको मुटुको
घाउ चहऱ्याएर
अराजकताको पीप बनी
फुट्नुअघि

शरणार्थीको कारुणिक वेदना
भोग्नुअघि
छटपटाएको छातीले पोलेर
आफ्नो देश खोज्नुअघि

फगत निजी महत्त्वाकाङ्क्षाका
अनि स्वार्थका डङ्गुर
चितामा जलाइदिँदै
राष्ट्रको खोजीमा
मुर्दा हुनुअघि
जिउँदो राष्ट्रको
जिउँदो नागरिक
हुन सर्नु छ अघि
'म' र 'मेरो' भन्ने स्वार्थ भावबाट पर
'हामी' र 'हाम्रो' भन्ने भावविस्तार गर

नत्र जङ्गिएर जनता जागे भने
कठघराबाट तिनको
उम्कने जुक्ति सोच्नुपर्ला
सपूतहरूको मुहार मलिनै रहेमा
अपराधी बनी सजाय भोग्नेछौ तिमी
कल्पीकल्पी रुनेछिन् नेपाल आमा
तिमीहरूजस्तो कपूत जन्माएकोमा ।

**'नमुना नेपाल' कविताको रचनासन्दर्भ**

राष्ट्रको चिन्तन गर्नुपर्ने ठाउँमा र पदमा आसीन तर स्वार्थमा डुबेका व्यक्तिहरूसँगको असन्तुष्टि हो यो । छिमेकी राष्ट्र चीनको प्रगति र उन्नतिको मूल कारण त्यहाँको अनुशासन, एकदलीय पद्धति र दृढ सङ्कल्प नै हो ।

हामीसँग पनि कुनै कुराको कमी छैन तर जरुरी छ राष्ट्रप्रतिको भावनाको; तर सत्तामा पुगेपछि त्यसको प्रतिपादन गर्ने क्षमताको अभाव, स्वार्थपूर्ति, धन आर्जन र नातागोतावादको चपेटाबाट कोही उन्मुक्त हुनु नसक्नु ? यही आक्रोशमा उम्लिएको रगतको थोपाहरूद्वारा कोरिएका राष्ट्रप्रेमको एक पुकार हो यो । भोलि राष्ट्र भन्न नपाउने स्थिति सिर्जना नहोस् भन्ने यो एक चेतावनी पनि हो । यो सकल नेपालीको एकताको पुकार हो । पहिले हामी सबै नेपाली हौँ भन्ने भावना जागृत गरौँ भन्ने होस्टेमा हैँसैको आह्वान पनि हो यो ।

# असम्भव प्रायः मिलन

प्रभाकर तिमी तेज फैलाउँछौ
विश्वलाई प्रोज्ज्वल बनाउँछौ
आफूभित्र चन्द्रवदन लुकाई
दीपज्योति बनी मुस्कुराउँछौ

प्रकाशका विस्तारक
अन्धकारका विनाशक
सकल प्राणीका जीवनरक्षक
तिमी आदित्य, तिमी नै दिवाकर

शशी तिमीमा के क्षमता
सूर्यलाई प्रकाश देखाउने
त्यसैले मधुर ज्योति तिम्रो
भानुभित्रै हराउने

हुन सक्छ त्यसैले
तिम्रो उपस्थितिमा
मुस्कुराउने रात
प्रभातको आगमनसँगै
बन्न पुग्छ आफ्नो अस्तित्व मेटाउने

तिमी रातकी रानी
उनी दिनको सम्राट्
तिम्रो अनि उनको मिलन
प्रकृतिकै अस्तित्वको अभिशाप

उनको प्रचण्डतामा
आकुलव्याकुल प्राणी
तिम्रो शीतलतामा
रोमाञ्चित हर नरनारी

उदयकालमा उनको
जगत् थकित आलसित
आगमनमा तिम्रो
तनमनमा प्रोज्ज्वल शीतबिन्दु प्रवाहित

उनी चन्द्र बने
तिमी बन्नु कसरी चकोर
दिन रातको दूरीले
हुनु स्वयम् कसरी आत्मविभोर

नलजाऊ शशी
क्षमता कतै कमी छैन तिमीमा
लाखौँ तारा टिलमिलाउँछन्
तिम्रो उपस्थितिमा

नजिक जति कदम बढाउँछौ
विलीन हुन्छ उति तेज
तिमी जब जगमगाउँछ्यौ
उनी हुन्छन् पूरै निस्तेज

जस्तो नदीको दुई किनारा
जस्तो आकाश जमिन
त्यस्तै भानु शशी तिम्रो
असम्भव प्राय: मिलन ।

**'असम्भव प्राय: मिलन' कविताको रचनासन्दर्भ**

बाहिर बरन्डामा बसेर साँझपखको मीठो वातावरणको रसास्वादन गरिरहेकी थिएँ । सूर्य अस्ताउँदै गरेको क्षितिजपारिको दृश्यले ममा एक अनौठो कौतूहलको जागरण त अवश्यै गरायो अनि अर्कातर्फ भानु र शशीबीचको दूरीबारे सोच्न पनि बाध्य गरायो ।

हामी दिन अनि रातको विषयमा कति सजिलै व्याख्या गर्छौं तर यी दुई शब्दबीच रहेको भानु र शशीको असम्भव प्राय: मिलन र दूरीको आभास नै अनुभव गर्दैनौँ । भानुको तेज दिनभर व्याप्त हुन्छ । उसले चन्द्रलाई आफैँभित्र लुकाएको हुन्छ तर पनि चन्द्रको दृश्य उपस्थिति भानुको अस्तकालपछि मात्र सम्भव छ । चन्द्रसूर्य नामले त सधैँ साथ गाँसिन्छन् तर मिलन भने नदीको दुई किनारजस्तो छ । यही भावनाले उत्प्रेरित हो यो कवितारचना ।

# गाईजात्रा

मरेपछिको यात्रा
गाईजात्रा
जिउँदै मरेको थियो
मरेर पनि मरेकै छ

छोरी भन्छे–
'मरेको' शब्दको
प्रयोग नगर्नू
'स्वर्ग' भयो भन्नू

स्वर्ग कहाँ छ ?
नर्क कहाँ छ ?
जे जस्तो भोग्नु छ
यस धर्तीमै त छ

विजय यहीँ छ
पराजय यहीँ छ
सुख-दु:खबीच
सामञ्जस्य स्थापित गर्नु
बुद्धिमानी हुनेछ

यहाँ अन्धकारलाई मेट्न
एक दीपको कमी छ
दीपप्रकाशलाई विस्थापित गर्न
एक फुक नै बढी छ

रुनु नीर बहाउनु हो
हाँसो जगत्लाई खिज्याउनु हो
मुस्कुराउनुको परिधिभित्र
परिमित हुनु नै
वरदान हुनेछ
जीवन फूलको कथा होइन
तर काँडाबीच फुल्नु पनि व्यथा होइन

जीवनरूपी वृक्षको जडतर्फ
प्रेरित हुनु
अधोगतितर्फ उन्मुख हुनु हो
उँभोतर्फ रक्त प्रवाहित गर्नु
'आत्मज्ञान'तर्फ अग्रसर हुनु हो

बुझूँ जीवनलाई विवशताको कमीमा
रोजूँ यात्रा यथोचित मध्यम मार्गमा
रस, माधुर्य, विलासिता
अनि सन्त प्रवृत्तिबीचमा

जान्नु, बुझ पचाउनु
आफूमै निहित छ
त्यागनु, रोज्नु
आफैँलाई विदित छ

समय आउँछ पर्खिंदैन
सत्य मार्ग रोज्नु उचित हुनेछ
पछुताउनुमा बुझ्नु मूर्खता जीवित छ

लाग्छ
हाँस्नु, रुनु, सुखदु:ख
कथाव्यथा, अधोगति आत्मज्ञान
विलासिता सहिष्णुता, रसमाधुर्य अनि सन्तपन

सबै यसै जगत्‌को
एक जुनीमै सीमित छ,
एक आयुमै सीमित छ ।

**'गाईजात्रा' कविताको रचनासन्दर्भ**

सबै परिवार साथ बसेर रमाइलो वातावरण सिर्जना हुने क्षणहरू अब निकै पातलिसकेको पाइन्छ तापनि एक दिन सबै साथ बसेर रमाइलो वार्तामा समय बिताइरहेका थियौँ । विषय एक अत्यन्तै निकटको मित्रको देहावसानको प्रसङ्ग थियो ।

प्राय:जसो धेरैको स्वभाव अगाडि सबैसँग अत्यन्तै मृदुल भाषामा प्रस्तुत हुने सम्मानजनक शब्द (हजुर) प्रयोग गर्ने तर पछाडि जान अनजानमै भए पनि अलि ठाडो भाषा (तँ, तिमी) प्रयोग गर्ने बानी समाजमा रहेको छ ।

कुराको सिलसिलामा एक जना पारिवारिक सदस्यले 'ऊ त मरेछ नि !' भन्न नपाउँदै मेरी छोरी आध्याश्रीले 'मर्‍यो नभन्नू, स्वर्गे भयो' भन्नु राम्रो हुन्छ भनिन् ।

सायद उनका मनमा पनि मेरो बुबा (ससुरा)को कुराको छाप परेको होला । मलाई उनको कुराले अकस्मात् उहाँ (ससुरा)को कुरा

हेक्का आयो । उहाँ पनि पछाडि 'माग्ने मान्छे'कै कुरा गर्दा पनि 'माग्ने पाहुना' भनेर सम्मानजनक शब्दले सम्बोधन गर्दा यसले हामी कसैको पनि कद छोटो हुँदैन भन्नुहुन्थ्यो । त्यो ठीक हो; उहाँजस्ता महापुरुषको महत्ता पनि हो ।

त्यही सिलसिलामा कोर्दाकोर्दै यस कविताको सिर्जना हुन पुग्यो । लाग्यो– हाम्रो खुद भोगाइ भने यसै जगत्को एक आयुमा सीमित रहँदो रहेछ पुनर्जन्मको ज्ञान नहुन्जेल ।

# कालो दाग

देश
विकासका लागि छटपटाइरहेछ
राजनीति
सत्ताका द्वन्द्वमै रमाइरहेछ
जातीयताको चक्करमा चहराइरहेछ

सदुपयोग गर अङ्गअङ्ग
प्रकृति चिच्च्याइरहेछ
आन्तरिक द्वन्द्वको चपेटामा रहेको नेपाली
प्रकृति विखण्डन गरी
त्रासमय सुनकोसीको इतिहास दोहोऱ्याइरहेछ

हिमशिखर कञ्चन स्वरूप
विश्वसामु दर्साउन घचघचाइरहेछ
देख्दा आपसी भागबन्डामा अल्झिएकाहरू
हिमशिखर निरन्तर खस्किइरहेछ

पहाड हरियाली यौवनले
आकर्षित गरी बोलाइरहेछ
वनजङ्गल नै विनाश गरी
रक्षक भक्षक बनी को मोटाइरहेछ

नदीनाला, झरना चञ्चलता समेटी
प्रकाश सिर्जना गर्न
आमन्त्रण गरिरहेछन्

झोलामा खोला बोक्नेहरू
समाज, देशलाई गहन अन्धकारमा
धकेलिरहेछन्

कान्लाकान्ला, गरागरा
पोषक तत्त्व पैदा गर्न झकझकाइरहेछन्
स्वार्थको धरातलमा भास्सिनेहरू
कालस्वरूप विष उत्पादन गर्न सलबलाइरहेछन्

विश्व शिक्षाको दियो बाल्न
जुरमुराइरहेछ
यहाँ नक्कली प्रमाणपत्र
र झोले विद्यालयले
आफ्ना अमूल्य सन्ततिको भविष्य
धमिल्याइरहेछन्

दक्षिण
विकासका लागि
ढोका ढकढक्याइरहेछ
उत्तर
ढोका सिँगारी
भित्र्याउन समुन्नति जमजमाइरहेछ
सत्ताताबेदार द्रव्यपिपासुहरू
विकास हैन परिवारवादकै
घेरामा रङमगाइरहेछन्

आज
बरु सुनकोसीको छातीको पीडा
भुल्न सजिलो होला
भोलि विखण्डनको नेपालको इतिहास
तिम्रो काँधको बोझ बन्छ होला
तिम्रो चरित्रमा कालो दाग लाग्छ होला ।
तिम्रा चिनारीमा कालो दाग बस्छ होला ।

**'कालो दाग' कविताको रचनासन्दर्भ**

हाम्रो देश नेपालमा प्राकृतिक सम्पदा, साधन, स्रोतको कुनै कमी छैन । यसको सही सदुपयोग हुन नसक्नुमा अरूभन्दा पनि हामीले आफ्नै कमीकमजोरी खोतल्नु जरुरी छ । भाषणमा जे, जति ठूला सपना बाँडे पनि यथार्थको धरातलमा टेकेर राष्ट्रिय सम्पदा र स्रोतको पूर्ण सदुपयोग गर्दै मुलुकलाई एक सुन्दर, विकसित राष्ट्रमा परिवर्तन गर्ने एक आह्वानस्वरूप कोरिएको रचना हो यो । राष्ट्रप्रेमले ओतप्रोत हृदयको बौछार पनि हो यो । समय आउँछ पर्खिंदैन; तसर्थ बुद्धिमान् व्यक्ति त्यो हुन्छ जो आजमा बाँच्दछ कारण भोलि कहिल्यै आउँदैन ।

तसर्थ नेपाललाई एक समुन्नत राष्ट्र देख्ने अभिलाषा हो यो । नसानसामा देशभक्तिको रक्तको प्रवाह हो यो । राष्ट्रको एकता छिन्नभिन्न हुन खोज्दा दुखेको मुटुको व्यथा पनि हो यो ।

# समर्पित

परिकल्पनामा उसको
चिहाउन
त्यस सपनीमा
रातकी रानी बनी
महकिन
अनि बिपनीको मूल पात्र बनी
अभिभारा वहन गर्न चाहन्छु

पवनको शीतल
झोक्का बनी
पीडा परिताप कम तुल्याउन
गङ्गाको पावन धार बनी
पवित्र अभिषेक बर्साउन
जूनको मधुर किरण बनी
जीवनलाई उजिल्याउन
सुशीतल तुल्याउन चाहन्छु

सारङ्गीको तार बनी
झङ्कार तरङ्गित गर्न,
इन्द्रेनीको रङ चोरी

रङ्गीन माहौल सृजना गर्न,
बरको वृक्ष बनी
शीतल छाया प्रदान गर्न चाहन्छु ।

चन्द्रको चकोर बनी
काखको सिरानीमा सुस्ताउन
गुलाबको सुगन्धले
जीवन सुवासित तुल्याउन
कल्पवृक्ष बनी
हर इच्छा, आकाङ्क्षामा
लालमोहर लगाउन
अनि केवल
तिमी अनि तिमीमै
लय हुन चाहन्छु
तिमीमै समर्पित हुन चाहन्छु ।

यो जीवन
तिमीलाई नै
अर्पित गर्न चाहन्छु ।

**'समर्पित' कविताको रचनासन्दर्भ**

यो केवल एक प्रेयसीको प्रेमीप्रतिको समर्पित भावहरूको संयोग मात्र हो । कुनै खास कारणविशेषको रचनाभन्दा पनि कागजकलमको सुखद मेलको कारण प्रेयसी मनका कामनाले जन्म लिएको एक रचनाको स्वरूप हो यो ।

# पृथ्वीको गर्भ

पृथ्वीको गर्भमा रहेको
एक सुन्दर प्रदेशको
जहाँ देख्छु म सपना
आफ्नो स्वदेशको

प्रकृतिको अनुकम्पाको
अखण्ड भण्डार
हामी पनि घनीभूत छौँ
धनी छौँ
यस सम्पदाले अपरम्पार

त्यहाँ वरिपरिबाट वेष्टित
सागरको निर्मल जल
चार विशाल नदीबाट
फलीभूत छ हाम्रो पनि थल

संरक्षित घना हरिया वन त्यहाँ
वरिपरि विकासको बहाली जहाँ
कहाँ कमी छ हरियाली यहाँ
चारकोसे झाडी, निकुञ्ज र आरक्षण केन्द्रहरू छन् जहाँ

विकासको पराकाष्ठा नाघे पनि
हरवर्ष डँढेलोबाट मुक्त
कहाँ छ र त्यहाँ
अशिक्षा र अन्धविश्वासको मार बरु
भोग्नुपरेको छ यहाँ

राष्ट्रध्वजा फहराउन
गर्व गर्छन् त्यहाँ
राष्ट्र इतिहास बोकेको विश्वकै
चन्द्रसूर्यजडित फरक ध्वजा
हाम्रै गौरवगाथा बयान गर्छ यहाँ

साना, होचा पर्वतमै
प्रफुल्लित, पुलकित, गर्वित त्यहाँ
विश्वकै उच्च शिखरबाहेक
चौधमध्ये आठ हिमशिखर पर्दछन् यहाँ

आफ्नो संस्कृति, इतिहास
किल्ला अनि सङ्ग्रहालयमा
गर्वित ती मन
धर्म, संस्कृति धरोहर
मठमन्दिर, दरबार कला वैभव
कहाँ कमी छ र यहाँ झन्

पराधीन रहेको इतिहास
बोक्न लाज मान्दैनन् त्यहाँ
स्वाधीनता अनि स्वाभिमानमा
मौलाएको हाम्रो राष्ट्र
प्रिय नेपाल यहाँ ।
भूस्वर्ग नेपाल यहाँ ।

**'पृथ्वीको गर्भ' कविताको रचनासन्दर्भ**

पटकपटक विदेश भ्रमण गर्ने शुभअवसर मैले प्राप्त गरेकी छु । सबैभन्दा प्रभावित छिमेकी राष्ट्र चीनले तुल्याएको छ । त्यहाँको पाँच प्रान्त बेइजिङ, साङ्घाई, खान्जाऊ, छेन्दु र सिन्जोक अवलोकन गर्ने सुअवसर प्राप्त भयो । त्यहाँको विकासको पराकाष्ठा, रोजगारीको सुनियोजित अवसर, नयाँ प्रविधिको प्रयोग, अनुशासन, एकदलीय पद्धति हाम्रो जस्तो मुलुकका लागि मननयोग्य सत्य हो । त्यस्तै अस्ट्रेलिया जाँदा त्यहाँको अतुलनीय विकासको संवृद्धिको अनुकरणीय अर्को पाटो देखेँ । चाहे हामी जहाँसुकै जाऔँ, अरू राष्ट्र संवृद्धि र विकासको शिखरमा पुगे पनि हाम्रो राष्ट्र नेपाल प्राकृतिक सम्पदा, स्रोतदेखि संस्कृति कुनै कुरामा पनि कम छैन तर त्यसको वास्तविक रूपमा सदुपयोग हुनु पऱ्यो । तिब्बतजस्तो पठार र पहाडीक्षेत्र पनि विकासको परिभाषाको पर्यायवाची बनेको देख्दा लाग्छ– हाम्रो राष्ट्र पनि प्राकृतिक सम्पदाको खानी छ तर यहाँ केवल त्यसको सही सदुपयोगको कमी रहेको छ ।

अरूको समुद्र होला हामी विशाल नदीहरूका नागबेलीले धनी छौँ, करिब एक लाख मेगावाटभन्दा बढी बिजुली उत्पादन हुन सक्ने प्राकृतिक क्षमता र सम्भाव्यताका धनी छौँ । हामी सबै नेपालको विकासमा लागिपरे राष्ट्रले गरिबीको काँचुली फेर्न सक्ने अवस्था स्वत: सिर्जना हुन सक्छ भन्ने मनसायले कोरिएको र आफ्नो राष्ट्रको गौरवगाथा प्रस्टयाउन खोजिएको एक प्रयास हो यो । नेपालीलाई उत्साहले जगाउने एक इमानदार सृजनप्रयत्न हो यो ।

# उम्लिएर बगोस्

गोरखनाथ, गोरखकाली कल्पिरहेछन्
एक दोस्रो पृथ्वीनारायणको पदार्पण पर्खिरहेछन्
जो अखण्ड नेपालको इतिहास दोहोऱ्याओस्
विनाश, विभाजन पन्छ्याओस्

प्रकृतिदेखि विकाससम्म
सम्भावनाको
भण्डार प्रशस्त छ
अवसर सँघार नाघी
ढोका ढकढक्याउन तत्पर छ ।

अब त केवल कुर्सीको मोह फ्याँक
अवसरमुखी राजनीतिको मार्ग त्याग
नेपाली एक भई
नेपाल बचाउन जाग
अनेकताभित्रको एकतालाई जगाउन लाग

अस्ताउन लागेको भानु पनि
नभलाई रक्तिम तुल्याउँदै
आफ्नो आक्रोश व्यक्त गरिरहेछ
एक देशभक्त नवीन युगपुरुषलाई पुकारिरहेछ

जसले
नेपाल आमाको अस्तित्व जोगाउनेछ
उनको जलधारा बिदेसिनबाट रोक्नेछ
राष्ट्रलाई विखण्डनबाट बचाउनेछ
आमालाई बलात्कृत हुनबाट जोगाउनेछ
जो नयाँ नेपालको मार्गचित्र कोर्न सफल हुनेछ
समुन्नत राष्ट्रको रूपमा मातृभूमि नेपाललाई
विश्वसामु खडा गर्न सफल हुनेछ

जसमा
क्षेत्रीयता, वर्गीयताभन्दा
सबको साझा सुखको सोच होस्
राष्ट्रएकता काटीकुटी भरिएको होस्
विखण्डन होइन अनेकताभित्रको
प्रिय एकता समाहित होस्
धर्तीमाताको ऋण तिर्न
देह पनि दाउमा राख्न
जो समर्पित होस्

जसको
अठोटमा जनताको पीडाको संवेदना होस्
साझा अस्तित्व बोध होस्
जसका सोचाइमा हरेक समस्याको
अकाटच उपचार होस्
जसका बढेका हर कदममा
अटल विश्वास होस्
दृढ सङ्कल्प होस्
जसको नसानसामा

विकास अनि संवृद्धि
उम्लिएर बगोस्
उर्लिएर बगोस् ।

**'उम्लिएर बगोस्' कविताको रचनासन्दर्भ**

२०७० असोज १६ गते महाअष्टमीको दिन गोरखकाली तथा गोरखनाथ दर्शन गर्न हामी बिहानै गोरखातर्फ प्रस्थान गऱ्यौँ। सपरिवार दर्शन गर्ने हाम्रो प्रचलनअनुसार दर्शन गर्न माथि चढियो । महान् पर्व र त्यो पनि अष्टमी भएको हुँदा भक्तजनको भीड हुनु स्वाभाविकै थियो । परम्पराअनुसार चढाइएको बलिको डङ्गुर नै थियो । सुखद दर्शनपश्चात् गोरखा दरबार अनि गोरखनाथको दर्शन गर्दा नेपाललाई एकीकृत गर्ने राजा पृथ्वीनारायण शाहको स्मरण हुनु अस्वाभाविक पनि थिएन । दर्शनपश्चात् फर्किने क्रममा त्यहाँका संस्कृतिविद्बाट कसरी सानासाना राज्यहरूलाई एकीकृत गरी बलियो राष्ट्र बनाइयो भनी विस्तृत रूपमा सुन्दा हाल राष्ट्र जुन अवस्थाबाट गुज्रिरहेको छ त्यसको दर्दनाक चित्र मेरो मानसपटलमा घरीघरी प्रतिबिम्बको रूपमा स्थापित भइरहेको थियो । नेपाली भन्नुको गर्वलाई धमिल्याउन हामी आफैँ किन लागिपरिरहेका छौँ भन्ने प्रश्नले एकातिर विचलित तुल्याइरहेको थियो भने अर्कातर्फ राष्ट्र बनाउन मात्र एक व्यक्तिको योगदानले कति ठूलो महत्त्व राख्छ त्यो सोच्न पनि विवश तुल्याइरहेको थियो । आक्रोश व्यक्त गरिरहेको अनुभूति सँगाल्दै हामी सबै नेपाली एक हौँ भन्ने भावनाले भरिएका र अखण्ड नेपालको कामना गर्दै कोरिएका हरफहरूको अभिव्यक्ति हो यो कविता ।

# शून्यतामा

एक बीज रोपिन्छ जमिनमुनि
जड मौलाउँछ जमिनमुनि
अन्धकारको गर्भमा बसेर अङ्कुराउँछ
रस चढ्छ
पालुवा पलाउँछ जमिनमाथि

अन्धकारलाई चिरेर
उज्यालोमै फुल्दछ, फल्दछ
रमाउँछ, मुस्कुराउँछ
आफ्नो मधुमासले, सुवासले
हरेकको आकर्षण जगाउँछ
अपार शक्ति अचम्म
औँलाको टुप्पोभन्दा
आकार छ सूक्ष्म
विशाल वृक्षमा परिणत हुने
सिर्जनक्षमता लुकेको छ अदम्य

केही वर्षको अन्तरालमै
धारण गर्छ विशाल वृक्षको रूप
कसले विश्वास गर्न सक्छ
बीजको यो नयाँ ब्याँगिएको स्वरूप

आकार बीजको छ नङसमान
तर
राख्दछ असीम उर्वरा शक्ति
ईशको सृष्टिसमान
भन्दछन् बिरुवा हो यो
कहाँ छ र प्राण
जीवन उर्वरा र ग्रास मृत्युको
कहाँ हुन सक्छ योभन्दा अर्को प्रमाण

एक सीमित क्षणभरमै
अन्ततोगत्वा
झरेर, मरेर जमिनमै
माटो बनेर
अन्धकारमा विलीन हुन पुग्दछ
जहाँ सुरुवात
अन्त्य पनि त्यही
उही शून्यतामा ।

एक मानव भ्रूण दौडिन्छ, खेल्दछ, गोता खान्छ
घरी त्रसित भएर भाग्न खोज्छ
घरी आनन्दित भएर पलेटी मार्छ
नौ महिना बिताउँछ अन्धकारमै रहेर
पहिलो रोदन हुन्छ उसको
यस संसारको उज्यालोमा पदार्पण गरेर
एक थोपाबाट सुरु गर्दछ

यो खेल
बुझ्न अति कठिन छ

यो रहस्यको भेल
बालक जवानी अनि वृद्धावस्था
जीवनरूपी चक्रको
तीन थरी व्यवस्था पार गर्दै
मरेर, जलेर, डढेर
खरानी बनेर
विलीन हुन्छ माटोमा
अन्धकारमा समाहित हुन्छ
अन्त्यमा गएर
उही शून्यतामा

कटु सत्य हो यो
यथार्थ हो यो
उज्यालो अँध्यारोको रहस्य हो यो

जहाँ सुरुवात, अन्त्य पनि त्यही
यस ब्रह्माण्डको नियति पनि हो यही
उही शून्यतामा
परिणति शून्यतामा ।

**'शून्यतामा' कविताको रचनासन्दर्भ**

प्रकृतिसँग रम्ने मेरो प्रवृत्ति छ, यस्तै एक प्रभातकालीन प्रकृतिको सुन्दरतामा डुबिरहेको क्षणमा एक बुटालाई देख्दा एक बीजको भित्र रहेको वृक्ष बन्न सक्ने असीमित विशाल रहस्यले मलाई उसको उर्वरा मातृत्व र संसार आकर्षित गर्न सक्ने क्षमतामा रमाउन बाध्य गरायो तर अर्को बिरुवाको मृतप्राय: अवस्थाले मार्मिक पनि हुन पुगेँ म । यही सानो बोधले मलाई शून्यताको रहस्यभित्र डुबुल्की लगाउन बाध्य बनाएको क्षणकै अभिव्यक्ति हुन् यी कविताहरफ ।

# भानु

मिरमिरे बिहानीको
मधुर स्पर्श
म हृदयभरि अङ्कित गर्न चाहन्छु

क्यानभासको सादा पानाभरि
रङ्गीन चित्र रच्न
कूचीले जीवन्त स्पर्श गर्न चाहन्छु

मेरो सुकुमारी आगमनको
पदचाप संसारभरि
छताछुल्ल पार्न चाहन्छु

यो रक्तिम गगनको
कणकणमा सिन्दूरे लज्जा
प्रकाशित गर्न चाहन्छु

श्वेत बादलको कुतकुत्याउने
निश्छलता
परेलीभरि कैद गर्न चाहन्छु

जगत्लाई नै स्वर्णिम पार्ने
अलौकिक शक्ति
जागृत गर्न चाहन्छु

नवज्योति छर्न यी
पहरा, कन्दरामा
आशाको दीप प्रज्वलित गर्न चाहन्छु ।

उच्चताको पराकाष्टा
हिमशिखरको मौलिकता
आलिङ्गन गर्न चाहन्छु ।

निशाको सान्निध्य भङ्ग गर्दै
प्रकाशको नवकिरण
प्रस्फुटित गर्न चाहन्छु ।

निस्तब्ध रजनीको
निस्सासिएको श्वासजस्तो
कालो रातको शिर
उठाउने पिचासको
विनाश गर्न चाहन्छु ।

एक मेरो आगमनले हुनेछ
हर समस्याको निकास
म भानु प्रभात बनी
छरिदिनेछु मेरो प्रकाश;
छरिदिनेछु पूर्व आकाश उजिल्याई मेरो प्रकाश ।

**'भानु' कविताको रचनासन्दर्भ**

बिहान उठेर आफ्नो नित्य क्रिया सुरुवात हुन्छ । यसै सिलसिलामा एक बिहान निद्रादेवीको कोखबाट जागृत अवस्थामा आएपछि अत्यन्तै प्रचण्ड भास्करको मिरमिरे बिहानीको कोमलस्वरूप र आभासले म रोमाञ्चित हुन पुगेँ । प्रभातलाई अवलोकन गर्दै मानौँ, उनले आफ्नै लवजमा यी सब अनुभूति दिइरहेको आभास मानसतलमा सङ्कलन गर्दै कोरिदिँदा रूप लिन पुगेको एक सिर्जना हो यो ।

# समय

जीवनको सर्वोत्कृष्ट सूचनाको प्रतीक
जीवनको दुर्घटनाको व्यथा अधिक
लाग्दछ यो सत्य हिँड्ने मार्ग हो
फूटको छाया सलबलाउन पनि
चाहिने यही समय अपरिहार्य हो

समय संसारको गतिशीलता
अनि प्रबलताको प्रतीक हो
यो मानिसका दुर्बलता लुकाउने लिपि हो
समय दुई विपरीत ध्रुव
पहिल्याउने एक घडीस्वरूप हो

जीवन एक क्षणमै तुहाउँछ
जीवन अर्को क्षणमै ब्यूँताउँछ
जय पनि पराजय पनि
सफलता अनि असफलताको पनि
अनुभूति दिलाउने
जीवन मृत्युको यथार्थ प्रत्याभूति गराउने

सुखमा जगतैलाई आफन्त बनाउने
दु:खमा आफन्तै पनि पराई गराउने

कहिले पिरोल्ने,
कहिले समाधि कस्ने
स्वर्ग नर्कको आभास
यसै पृथ्वीमै दिलाउने
कटु सत्यलाई इतिहास बनाउने

चित्त मनोदशा वर्णन गरेर देखाउने
पीडा जलनको अनुभूति आफैँ दिलाउने
क्षणभङ्गुरताको अन्तरालमा मलहम लगाउने
सम्पन्नताका उन्मादले पनि छेक्न नसक्ने
दरिद्रताको इच्छाले पनि दगुराउन नसक्ने
सुखद परिवेशमा यो बन्छ क्षणिक
दु:खद पलहरूमा यो हुन्छ अधिक

प्रतीक्षाको क्षण पनि द्रुत नहुने
विलम्बको क्षण पनि क्षीण नहुने
जेजति छ यही जिन्दगीमा छ
जिउन सके, चिन्न सके परमात्मा यहीँ छ
खेलबाडमै बिताए जीवन अन्धकारमै
जुनी व्यतीत हुनेछ

यो आउँछ पर्खिंदैन
सुई चलुन्जेल आभास नै नदिने
रोकिएपछि
फर्किएर हेर्नै नमिल्ने
फर्किएर सोच्नै नमिल्ने

भन्छौँ हामी
समय काटिरहेका छौँ

तर मूर्ख हामी समयले हामीलाई काटिरहेछ
छोट्टचाइरहेछ
पुनर्जन्मको मार्गतर्फ धकेलिरहेछ

प्राणी त आउँछन्, जान्छन्
स्थिर छ समय सदा
यो त हो पर्याय काल अनि क्षण
जो छ अचल सदा ।

**'समय' कविताको रचनासन्दर्भ**

आजको यो एक्काइसौँ शताब्दीमा नवनव प्रविधिले गर्दा विश्व कहाँबाट कहाँ पुगिसक्यो । विकरालताको पराकाष्टा यसले नाघिसक्यो । मरुभूमि (दुबई) हरियालीमा परिवर्तित भइसक्यो, समुद्रमाथि सहर बनिसक्यो । यो सबै समयको खेल हो । समय परिवर्तनशील छ भन्ने सत्य सुनेका र भोगेका पनि छौँ ।

समयलाई चिनेर यसको सदुपयोग गर्न नसकेको खण्डमा पछुताउनु जस्तो मूर्खताको विकल्प छैन । समयले हरेक अवस्थाको अनुभूति गराउँछ । न त दु:खको बेला यसलाई दौडाउन सकिन्छ, न त सुखको क्षण तन्काउन या स्थिर गराउन सकिन्छ । यही सत्य बेहोर्नुपरेको समयलाई समयबाटै चोरेर कोरिएका यथार्थ शब्दचित्र यी कवितापङ्क्ति हुन् ।

# सगरमाथा नीर नबहाऊ

सगरमाथा नीर नबहाऊ
यहाँ चाँदी कटाइ हुँदै छ
आमा काख फैलाऊ
यहाँ देश विखण्डित हुँदै छ
हिमाल, पहाड, तराई रुँदै छ

यहाँ आमाको गर्भ तुहिन्छ
भविष्यको हत्या गरिन्छ
नदीनाला गोजीमा थन्किन्छ
झोलामा शिक्षा तड्पिन्छ

अब त
सपूत जन्माऊ
जो भ्रष्टाचारविरुद्ध लड्नेछ
संस्था यस्तो बनाऊ देशमा
जसले सुशासनको बिगुल फुक्नेछ

यहाँ प्रकृति विनाश हुन्छ
जल विषाक्त बन्छ
अन्धकार व्याप्त हुन्छ
एकता श्रापित हुन्छ

अब त
जनता,
आयोग,
सरकार जुरमुराऊ

सहकार्यको हात बढाऊ
देशका संस्थाहरूलाई प्रबल बनाऊ
अनि साझा भविष्य जोगाऊ ।

**'सगरमाथा नीर नबहाऊ' कविताको रचनासन्दर्भ**

यहाँ सगरमाथाले जति नै आसुँ (नीर) बहाए पनि चाँटी काट्नेवाला या भनूँ भ्रष्टहरूको प्रवृत्ति बदलिएको छैन । जब देश नै विखण्डनतिर लम्किँदै छ भने आमाले काख फिँजाउनु व्यर्थ छ ।

मिसोप्रोस्टेलजस्ता नाउँका गर्भ सजिल्याउन बनेका तर मिति गुज्रिसकेका ओखतीका दुष्प्रभावले एकातिर आमाको गर्भ तुहिन्छ भने अर्कातर्फ जन्मन नै नपाई भ्रूणको भविष्यको हत्या पनि हुँदै छ । ऊर्जाशक्ति बोकेका नदीका लाइसेन्स या अनुमतिपत्र केवल गोजीभित्र शोभायमान भएर बसेका छन् भने स्थापित नै नभएका विद्यालयका लागि वार्षिक रकम विनियोजन पनि रोकिएको छैन । एकातिर वनजङ्गल प्रकृतिको विनाशले वातावरणको विनाश भइरहेको छ भने मिलावटले गर्दा पिउने जलसमेत विषालु बन्दै छ । लोडसेडिङ या बिजुलीको भार कटौतीको मारले राष्ट्रमा अन्धकारको पीडा भोग्न पनि हामी कति वर्ष बाध्य रह्यौँ । आफूभित्र जातजाति, भाषाभाषीको द्वन्द्व भेदले एकतासमेत श्रापित छ ।

२०७१ साल माघ २८ गते तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको नेतृत्वमा मनाइएको अख्तियार दिवसको उपलक्ष्यमा देशमा छाएका केही विसङ्गतिहरू अवलोकन गर्दै मेरो नजरले कैद गरेका केही सत्यहरू शब्दमा पोख्दा रचिएको एक रचना हो यो ।

# सगरमाथा परेली नभिजाऊ

सगरमाथा परेली नभिजाऊ
बरु पीडाविरुद्ध बोल्न प्रेरणा देऊ
म बोल्छु, देशको पीडा बोल्छु
तिम्रा वेदना म खोल्छु

यहाँ भ्रष्टता अनि भ्रष्टाचारले देश ग्रसित छ
आमाको चीत्कार पहिल्याऊ
यहाँ अखण्डता विसर्जित हुँदै छ
भूकम्प, भ्रष्टाचार अनि द्वन्द्वले देश रुँदै छ

पर्वत नजर नझुकाऊ
यहाँ सत्ता बलात्कृत हुँदै छ
पशुपति तिमी बचाऊ
यहाँ तिम्रै महिमाको मोलतोल हुँदै छ

यहाँ धर्मको व्यापार हुन्छ
युवा शक्ति कहाँ पलायन हुन्छ
राहतमा पनि भागबन्डा हुन्छ
राष्ट्रको ढुकुटी स्वार्थसाधनामै रित्तिन्छ

यहाँ अपेक्षा ठूला राखिन्छ
भ्रष्टलाई चोख्याउन खोजिन्छ
काला बजारी तस्करी मौलाउँछ
जनताको चरम शोषण गरिन्छ

जून प्रकाश नलुकाऊ
यहाँ अन्धकारमा प्रश्नपत्र बेचिन्छ
दैव शीतलहर नबहाऊ
यहाँ केवल गरिबको लास ढल्दछ ।

**'सगरमाथा परेली नभिजाऊ' कविताको रचनासन्दर्भ**

सगरमाथाले परेली भिजाएर के गर्नु, यहाँ राष्ट्रका नाममा नाबालकको बलिसमेत चढिसकेको छ । नेपालको अखण्डताका लागि नेपाल आमाले गरिरहेको चीत्कार सुन्ने फुर्सद यहाँ धेरैलाई छैन पनि ।

बारम्बार परिवर्तन हुने राजनीतिक अस्थिरताले गर्दा सत्ता टिकाउ हुन नसकेको अवस्था छ । पशुपतिनाथ सर्वव्यापी छन्; उनैको माटोदेखि बालुवा र ढुकुटीमा पनि आँखा लगाउन नछोडिएको हामीसामु स्पष्टै छ । धर्मलाई पनि यहाँ व्यापारको रूपमा हेर्न थालिसके, जसले गर्दा धार्मिक आस्थामै प्रश्नचिह्न लाग्ने अवस्था छ । राष्ट्रको यस विषम परिस्थितिमा राष्ट्रनिर्माणमा लाग्नुपर्ने युवाशक्ति परदेशमा पराई कामदारको जीवन व्यतीत गरिरहेका छन् । राजनीतिज्ञ, पत्रकारदेखि जनताको ठूला माछा पक्रिने अपेक्षालाई आत्मसात् गर्दै अघि बढेको अख्तियारको स्वागतयोग्य कार्यलाई नसहेर खुट्टा तान्नेहरूको कमी छैन । आफू परे बेठीक र अरू परे ठीकको भावनाबाट प्रेरित हुन् यी । शिक्षाजस्तो राष्ट्रको मेरुदण्ड मानिने विषयलाई समेत वास्ता नगरी प्रश्नपत्र बेच्ने र किन्ने काम हुन्छ र राष्ट्रकै भविष्यमाथि खेलबाड हुन्छ ।

शीतलहर चल्दा ढल्ने केवल गरिब नै हुन्छ । भूकम्पपीडित वेदना अहिले सुल्झाउने त कुरै छोडौँ । उनीहरूको पीडा त पैतालामुनि हराएको छ ।

नाकाबन्दीले गर्दा ठूला र मध्यमवर्गीय जनतालाई त ज्यादा फरक परेको छैन बरु काला बजारीले प्रोत्साहन पाइरहेको छ । सङ्गठित अपराधको हालीमुहाली छ ।

राष्ट्रिय ढुकुटीको दुरुपयोग भइरहेको छ । यस्तै राष्ट्र हरेक क्षेत्रमा जर्जर भएको स्थितिप्रति पीडित मनको वेदनारूपी प्रस्तुति हो यो ।

राष्ट्रलाई भ्रष्टाचारमुक्त बनाउन आफ्नो कार्यकालमा सक्दो प्रयत्न तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीद्वारा भइरहेको थियो । भनिन्छ, त्यो 'न भूतो न भविष्यति' थियो । उनको निडर स्वभाव र कार्यकुशलताले धेरै थर्कमान थिए । २०७२ सालमा अख्तियार दिवसकै सुअवसरमा कुशासन, भ्रष्टाचारविरुद्ध आवाज उठाउने सानो प्रयासस्वरूप जन्मिएको एक रचना हो यो ।

# कुलकी मान

तिमी सुवास बनी आयौ
सुकुमारी पदचाप लुकाई
मेरो कोख सफल तुल्याई
रोमरोम भयो पुलकित
तिम्रो शुभ आभास पाई

जीवनको पहिलो मृदुल किरण
सङ्घार नाघी पहिलो पदचाप
कुमारीको छमछमाहट
सरिताको सुरिलो सङ्गीतको झङ्कार
सप्तरङ्गी वसन्तको आगमन
दिवाकरको स्वर्णिम वर्ण पदार्पण
सुवर्ण वर्णित नभ
कुहकुहको सुरिलो गुञ्जन

सरस्वतीको सौम्य वरदान
विद्या, बुद्धि, विवेककी पहिचान
मृदुल सुकोमल सुसंस्कृत शोभा
कुलकी मान
रस, रूप, माधुर्यकी सुन्दर सङ्गम
कञ्चन पुनीत गङ्गासरह मन

उजेली रातकी रङ्गीन सुषमा
हाम्रा नजरकी उर्वशी तिलोत्तमा
वात्सल्य मातृत्व अभिभावकत्वकी बोध
अमूल्य रत्न तिमी पाउनु हाम्रो संयोग

परेलीभित्र अटाएकी
हृदयबीच समाएकी
किन रजनीमा निस्सासिन्छ श्वास
लरखरिन्छ बोली
निद्रादेवी पनि तर्किन्छिन्
अलि आजभोलि

साथ थियौ, छौ, हुनेछौ
कहाली लाग्छ सोच्दा
अब अर्को घरकी दीप्ति हुँदै छौ
तर पनि सम्हाल्दछु यो मन घरीघरी
अब नूर दुई परिवारकी हुनेछौ

जसरी सिँगार्‍यौ हाम्रो जीवनसंसार
शुभ किरण छर्नू त्यहाँ पनि
जब पहिलो कदम राख्छयौ
नाघी सँघार

नजर कहीँ कतै नपरोस्
यस पापी संसारको
पुष्प वृष्टि गरून् ईशले
सुख परम सौभाग्यको
स्नेह, प्रेम सधैँ भरिपूर्ण रहून्

नव पदार्पण शुभ साइतको
तिम्रो घर संसारको
मङ्गलमय दाम्पत्य बहारको
तिम्रो अभिनव संसारको ।

**'कुलकी मान' कविताको रचनासन्दर्भ**

जीवनमा आएको यो क्षण एकातर्फ अत्यन्तै सुखद अर्कातर्फ अत्यन्त पीडायुक्त पनि हुन्छ । मङ्गलमय बिहे सम्पन्न गरी छोरी अन्माई उनको नयाँ घर संसार सुरु भई वंशवृद्धिसमेत हुने एकातर्फ सुखद अनुभव हुन्छ भने अर्कातर्फ आफ्नो शरीरकै एक अङ्ग काटेर अरूलाई सुम्पिन लागेको व्स्को पनि यथावत् छ । फेरि आफैँ मन बुझाउँछु, अरूलाई दिन लागेको भन्दा अरूलाई आफ्नो बनाउन लागेको सम्झे हृदय हल्का हुँदो रहेछ ।

प्रसङ्ग हो छोरीको विवाहको ! तत्पश्चात् आज घोरिएर बस्दा छोरीको सानैदेखिका सबै दृश्यहरू चलचित्रसरह आँखामा खेल्न थाले अनि हातमा भएको कलम पनि कागजमा अघि बढ्न थाल्यो यी कवितापङ्क्तिको रचना या सिर्जना गर्दै ।

आमाको हृदय आफ्नो सन्तानका लागि मातृत्वको भावले सधैँ ओतप्रोत हुन्छ । मातृहृदय सन्तानको उन्नति र प्रगतिमा छेकवार नभई बरु पथप्रदर्शक रहन्छ । तर पनि छोरीसँग टाढा हुने कल्पना मात्रले पनि आमा कति विचलित हुन्छे यो आफूलाई परेपछि सत्य रूपमा थाहा हुन्छ र आफैँलाई पनि लागू हुन्छ ।

# जलधारा एक रूप अनेक

जलधारा जलको धारा
धरतीको आँतबाट फुटेको धारा
नभ बर्सी छुटेको धारा

पानी तिमी आफूभित्रै
नभ पनि समाहित गर्छौ
वृक्षको हरियाली पनि
प्रतिबिम्बित गर्छौ

भानुको प्रचण्ड स्वरूप पनि
प्रक्षेपित गर्छौ
जूनको सुन्दरता पनि
प्रदर्शित गर्छौ

निशाको आलिङ्गनमा तारालाई
गरिबको झुप्रोमा टिमटिमाउने
दियोसरह स्थापित गर्छौ

कहिले जलको रूप धरी प्यास
बुझाउने प्रयास गर्छौ

कहिले जीवनधारा बनी
प्राणी मात्रको प्राथमिकता बन्छौ

कहिले बर्सात्को रूप धरी
प्रकृतिलाई हरियालीले रङ्ग्याउँछौ
कहिले साउनको झरी बनी
पेटको आगो सुल्झाउन अघि सर्छौ

नवरङ्गी पुष्पहरूलाई
रङ्गीन मादकताले रङ्गाउँछौ
धर्तीलाई सिञ्चित गरी
अन्नको अपरम्पार बर्सात् गरिदिन्छौ
रविको तापलाई शान्त पार्दै
शीतलताले भरिदिन्छौ

कहिले ऊर्जाशक्ति बनी
अन्धकार विनाश गर्छौ
प्रकाश उत्पन्न गर्ने माध्यम बनी
जीवन धन्यधन्य पार्छौ

ऊर्जा शक्तिस्वरूप बनी
जगत्लाई प्रकाशित गर्छौ
सागर बनी राष्ट्रको
विकासको मार्ग प्रशस्त गर्छौ

विश्वलाई डँढेलोमा परिवर्तन गर्ने
अग्निज्वालालाई
क्षणमै शान्त पार्दै

मानव मात्रको कल्याण गर्छौ
कहिले पवित्र जल बनी
पहरा, पाखा, पर्वत पुनीत पार्छौ

जब तिमी चलबलाउँछौ
लाग्दछ यो जगत्लाई
आफूभित्रै समाहित गर्छौ

आफैँ कोर्छौ, आफैँ मेटाउँछौ
कहिले प्रकोप बनी
सुनामीको विकराल रूप प्रदर्शित गर्छौ
अनि कहिले कोसी र सुनकोसीजस्तो
इतिहास दाहोऱ्याउँदै
अघि बढ्छौ
कसैको इहलीला समाप्त पार्दै
कसैलाई अनाथ निरीह भई बाँच्न
बाध्य पार्छौ
हजारौँको बास उजाडी जीवन
विस्थापित गर्छौ

सायद यो पापी संसारको
भार कम गर्न
उग्र जलधारा बनी
जगत् जलमग्न गर्छौ

तिमी अपरिहार्यको
दोस्रो नाम हौ
नहुँदा प्यास जगाउँछौ

निर्जलीकरणले कष्ट गराउँछौ
तिमी नहुँदाको जीवनको स्वरूप नै छैन
ज्यादा हुँदा विनाशबाहेक अरू रूप नै छैन

त्यसैले हे जलधारा !
तिमीबिना न अस्तित्व छ, न जीवन छ
तिमीमै हाम्रो मरणपश्चात्
परम मिलन छ ।

**'जलधारा एक रूप अनेक' कविताको रचनासन्दर्भ**

२०७१ सालमा म र मेरा श्रीमान् केरलाको आयुर्वेदिक केन्द्रमा पुग्यौँ । त्यहाँको वातावरण अत्यन्तै मनमोहक थियो । त्यो सुन्दर दृश्य कुनै पनि व्यक्तिको अति व्यस्त जीवनबाट उब्जिएका एकतिहाइ रोग कम गर्न यथेष्ट थियो ।

सानोसानो कटेज या कुटीर शून्य विलासिताको प्रतिरूप थियो । मनोरञ्जनका माध्यम (टेलिभिजन, रेडियो, किताब, पत्रिका) वर्जित थिए । केवल आफूभित्रको एकान्त खोज्ने र त्यसैलाई नियाल्ने प्रयास गर्नु त्यहाँको एक विशेषता नै थियो ।

त्यहाँका केही नियमहरूमध्ये खाना खाँदा हलमै गएर खानुपर्ने पनि एक नियम थियो । हलको ठीकअगाडि रहेको सागरीय अवरुद्ध जल (ब्याक वाटर)ले अझै दृश्यमा सुन्दरता भरेको थियो ।

पन्ध्र दिनसम्म त्यही स्थानमा बसेर खाँदै त्यही अवरुद्ध वा मूल प्रवाहसँगै नबगी पछिल्तिरै रहेको पानी र समुद्रतल नियाल्दानियाल्दै त्यहाँ प्रक्षेपित हुने नभ, वृक्ष, बादल, तारा, लाग्दथ्यो सारा जगत् नै त्यही जलमा प्रतिबिम्बित र समाहित छ; म पनि त्यहीँ ध्यानमग्न हुन पुगेँ ।

कताकता त्यस दृश्यले मन तथा पानीको एक मेल भएजस्तो लाग्थ्यो । पानी पनि जब शान्त समाधिस्थ हुन्छ मनजस्तै हुन्छ, पूरै स्थिर हुन्छ । मन पनि शान्त हुँदा ध्यानस्थ हुन्छ भने जल पनि शान्त हुँदा समाधिस्थ अवस्थामा हुन्छ । जब यी दुवै चलायमान हुन्छन्, दुवै अशान्त र अस्थिर रहन्छन् । जलको आवश्यकता, अपरिहार्यता र अनेक रूप गुन्दागुन्दै कोरिएका लहरहरूको सम्मिश्रणको प्रतिरूप हो यो रचना ।

# वेदना एक मानव भ्रूणको

आज शून्यताको गर्भमा रुमलिरहेको
हुँ म एक मानव भ्रूण
आन्द्राको त्यान्द्रामा झुन्डिएको
जीवन सङ्घर्षमा
कूपमय अन्धकारमा
नौमहिने अवधिभर
पाएको कष्टको
हुँ म एक रूप

जीवनरूपी आस
बोकिनसक्दै
सुरुङ्गमार्गद्वारा
ओडार छिर्दाछिर्दै
जीवन मरणको सँघारमा
पाइला टेकिनसक्दै
ओल्टाई, कोल्टाई, खोतल्दै
वंशगुणसूत्र क्रोमोजोमको रहस्य पहिल्याउँदै
बाँचेको हुँ म एक जीवनस्वरूप

मौनता अनि शून्यतामा विश्रान्त
गहन अन्धकारको एकाकीपनबाट त्रसित

ओल्टो कोल्टो फेर्दै
जगत्को रङ्गमञ्चमा पदार्पण गर्न सक्छु भन्ने
प्रयासमा भ्रमित
विफल प्रयासपश्चात् उही
ओडारमा समर्पित
एक थोपा भ्रूणबाट
विकसित आकृतिको
हुँ म एक स्वरूप

गर्भ सजिल्याउन बनेका ओखती
विषाक्त गुज्रिसकेका मिति
आन्द्राका त्यान्द्राबाट
मसम्म पुग्दा
यस जगत्मा पदार्पण
हुनुअगावै
यस जीवनबाट
पाइसक्थेँ मुक्ति
मभित्र पनि सम्पादन हुन सके
अभिमन्युको मातृकोखभित्रको श्रवणशक्ति;
सुन्दो हुँ चक्रव्यूहभित्र पस्न सक्ने जुक्ति

दोषी चाहे जत्रो ठूलो हुन् व्यक्ति
दिने थिइनँ पापी दुष्टलाई
कुनै विशेष परिस्थितिमा
पनि उन्मुक्ति

यही ओडारभित्रबाट पुकार्दै छु
कालो वस्त्रधारीलाई गुहार्दै छु

न्यायका मूर्ति भन्नेलाई गुहार्दै छु
मेरो आत्मक्रन्दन सुनाउँदै छु

रिट निवेदन हाल्ने क्षमता छैन
अपिल गर्न पूर्ण छैन
निस्साका लागि पुकार पुग्दैन
तसर्थ
यही अँध्यारो ओडारबाटै
रिट याचिका हाल्छु
अपिल गर्छु
निस्सा माग्छु

बन्न देऊ मलाई पूर्ण स्वस्थ, सुरक्षित
अनि
जन्मन देऊ
सग्लो, क्षमतावान् नबनाई अपाङ्गकृत
नमार रहन देऊ मलाई जीवित
अनि हुनेछ सत्यमा
स्वर्णिम नेपालको भविष्यको वास्तविक जित ।

**'वेदना एक मानव भ्रूणको' कविताको रचनासन्दर्भ**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा २०७१ सालमा तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको कार्यकालमा औषधि अनुगमन गर्न पठाउँदा धेरै मात्रामा यस्तो औषधि पाइयो जसको मिति गुज्रिसकेको थियो । अझ आश्चर्यजनक लज्जित एक यथार्थ अगाडि आउँदा मन खिन्न हुन पुग्यो ।

एक गर्भवती महिलालाई लक्षित गरेर बनाइएको औषधि हुँदो रहेछ मिसोप्रोस्टल, जुन गर्भधारण गरेका महिलाको गर्भ कुनै कारणवश

यदि तुहाउन पर्ने स्थिति आयो भने सुरुमा प्रयोग गर्दा यस औषधिले सरलताका साथ गर्भ पतन गराउन (तुहाउन) सकिने रहेछ भने अन्त्यमा प्रसूति हुने समयमा पनि यस औषधिको प्रयोगले सुत्केरी हुन गाह्रो भइरहेका महिलालाई सुगमताका साथ बच्चा जन्माउन, गर्भ बैडिन सजिल्याउन प्रयोग हुने रहेछ । तर यस्ता औषधि पनि म्याद गुज्रिसकेका अवस्थामा वितरण गर्दा आमा हुने सुखद सपना बोकेकाहरूको पनि गर्भ तुहिने सम्भावनाका साथ आमाको ज्यानकै पनि जोखिम हुन सक्ने सम्भावना नब्बे प्रतिशत हुँदो रहेछ ।

यही दु:खद सत्य सुन्दा आहत मनबाट निस्किएका सुस्केरा हुन् यी कविताहरफ !

एक भ्रूणले यस संसारमा पदार्पण गर्नुअघि नै 'छोरा'को अभिलाषा बोकेका आमाबाबुले गर्भको लिङ्ग (छोरा/छोरी) हुने भ्रूण पत्ता लगाउने प्रविधिको उपयोग गरेर छोरी भए गर्भ तुहाउने सन्दर्भमा छोरा भएर जोगिएर बाँचेको भ्रूणले पनि मिति गुज्रेको यस्ता औषधि प्रयोग गरिने आपराधिक वृत्तिले जन्मिनुअघि नै जीवन गुमाउन बाध्य हुने अवस्था आउन सक्छ ।

यस्तै एक भ्रूणको वेदना, रोदन, मर्म तथा अपिल पुनरावेदन प्रस्तुत गर्ने सानो प्रयास हो यो ।

# एक भूल

वसन्ती बागमा नाङ्गिएर लुटिएकी
एक फूल हुँ म
जवानी मदको मातमा
चुकेको एक भूल हुँ म

हरियाली प्रकृतिको कोखमा
लुटिएकी पतझडकी वृक्ष हुँ म
बिनामौसम बर्सातकी धारासरह
परिणाम हुँ म

प्रेम हैन विपरीत प्रकृतिको आकर्षणकी
स्वरूप हुँ म
बिनासिँचाइ रोपाइँ गरेकी
धानको पिसिएकी
ढुटो हुँ म
बैँसका मदका मातमा तानिएर
फ्याँकिएकी जलेकी ठुटा हुँ म

बास्नाको कामनामा अँठ्याइएकी
कलिली कोपिलाको नियति हुँ म

गोधूलि साँझमा रङ्गीन आकाशमा
अस्त हुँदो रविको
अस्तव्यस्त छायास्वरूप हुँ म
दुर्गन्धित हिलोको कुण्डबाट जन्मिएकी
कमल हैन जलकुम्भी हुँ म

प्रभुको चरणमा अर्पण हुनुअगाडि नै
अपवित्र घोषित वेगमबेली हुँ म
आँधीको प्रकोपमा चुँडिएर फ्याँकिएकी
निरीह पुष्प हुँ म

मायाको आभास
प्रतिभूति हुनुअगावै
लछारिएर घृणाको
दलदलमा भास्सिएको
अक्षम्य नियतिको
अस्वच्छ रङ्गमञ्चकी
कठपुतली हुँ म
कोरा क्यानभासमा उतारिएकी
एक नाङ्गो चित्र हुँ म
पाशविकताकी
एक जीवित सिकारको सग्लो नमुना हुँ म ।

**'एक भूल' कविताको रचनासन्दर्भ**

सपरिवार बसेर चलचित्रघरमा सिनेमा नहेरेको पनि दसौँ वर्ष भइसकेछ । सुखदुःखको माझबाट व्यक्त अव्यक्त परिस्थितिबाट, जीवन मृत्युसरह समयको माध्यमबाट गुज्रिँदै कति प्रहर बिते, कति वर्ष बिते यकिन नै भएनछ । जीवनमा हरपल एक नयाँ पलको एक

नयाँ अपेक्षा गर्दै अघि बढनु नै नकारात्मक भाव र समयमाथि विजय स्थापित गर्नु रहेछ ।

सम्पूर्ण परिवार बसेर एक दिन अत्यन्तै कारुणिक, सत्यपरक र भावपूर्ण चलचित्र 'बजरङ्गी भाइजान' हेरिरहेका थियौँ । दुई राष्ट्र भारत र पाकिस्तानको द्वन्द्वसँग सम्बद्ध हृदयस्पर्शी कथानक चलचित्र रहेछ यो; साथमा लटक, मटक, ऊटकरहित पनि । कुनै पनि चलचित्र सफल हुन वास्तवमा विषयवस्तु महत्त्वपूर्ण हुन्छ र अश्लीलताको प्रदर्शन उति महत्त्वपूर्ण रहँदैन भनी यस चलचित्रले प्रमाणित गर्दछ । कुन बेला सकियो थाहा पनि भएन । कहिले हाँस्दै र कहिले अश्रुको बर्सात् गर्दै चलचित्र सकियो । एक तथ्यपरक यथार्थमिश्रित र उत्कृष्ट चलचित्रको निर्माण गरिएको रहेछ यो ।

एक दृश्यमा यो पापी समाजले एक सानो बालिकालाई समेत बेच्न पछि नपर्ने जुन परिस्थिति प्रस्तुत गरिएको छ त्यो अत्यन्तै मार्मिक छ । त्यहाँ बेचिने ठाउँको वातावरण पनि प्रस्तुत गरिएको छ । त्यहाँ उभिएका अर्धनग्न युवतीहरू र उनीहरूको अधरको जुन कामुक मुस्कान देखाइएको छ, त्यसभित्रको पीडा अनि जुन उत्तेजक प्रस्तुति देखाइएको छ, त्यसभित्रको विवशताका साथै जुन नजरको कटाक्ष देखाएको छ, त्यसभित्रको पवित्रता तथा जुन कामुकता देखाइएको छ, त्यसभित्रको लज्जाबोध यी सब मेरो नजरबाट लुक्न सकेनन् भनूँ या त्यसभन्दा गहिराइमा म गोता लगाउन पुगेँ, मलाई थाहा छैन । तर ती युवतीहरूको विवशता, त्यो बाध्यात्मक अपराधबोध मेरो हृदयभरि छताछुल्ल भएर पानाभरि पोखिन गएको कविता प्रतिरूप हो यो रचना ।

# बिना

मेरो
प्रेम,
विश्वास,
प्रार्थना,
भक्ति,
शक्ति
अनि जीवन
कसैका लागि एक रङ्गमञ्च होला
तर
एक यथार्थ हो यो,
निष्कामनाको पवित्र भाव हो यो

जीवनले धेरै उकाली,
ओराली देखायो
तर
तिमी साथ हुँदाको पलले
हर कष्ट बिर्सायो

आज भन्छ कसैले
यो तेरो भाग्य हो

आश्चर्य हुनु व्यर्थ छ
किनकि
नौटङ्की संसारको यही
रीतिरिवाज छ
कामना पवित्र छ
अन्तरात्मा तिम्रै लागि
जीवित छ
राष्ट्रको अपरिहार्य बन
यही कामना ममा
सीमित छ
कहीँ, कतै साधारणपनाको
दाग नलागोस्
कीर्ति बखान गर्न
जनताको अन्तरात्मा नथाकोस्

कसैको दुर्भाग्यले
कसैको चन्द्रमामा
ग्रहण नलागोस्

उदाउँदो सूर्यको बखान गर्न
आकाशदेखि धर्ती तत्पर छ
तर उदाइरहन दिन
के हर भवितव्यलाई
स्वीकार छ ?

हल्का छायाले नछोओस्
भारी प्रतिष्ठा जोगाउनु छ
शत्रुहरूबीच तिम्रो विजय
सुनिश्चित गराउनु छ

न त दियो हुँ
न त रातको चन्द्र हुँ
स्वअस्तित्व जोगाउन
एक विषाक्त नागिनीसरह हुँ
न त 'बाहेक' सोच्छु
न त 'बिना' सोच्छु
संयोग जसले गरायो
'बिना' सोच्नै नसक्ने गरी
उसैले बाध्य गरायो ।

**'बिना' कविताको रचनासन्दर्भ**

यो एक नारीको हृदयको पवित्र पुकार हो । उसको हृदयभित्र रहेको कसैप्रतिको आस्थाको गुञ्जन यो हो । 'ऊ'प्रति उनको आसक्तिको पराकाष्ठा हो । उनका लागि ऊ प्रकाशपुञ्ज हो । यो सफलताले उसको पाउ चुमेको हेर्ने नारी आकाङ्क्षा हो । यो केवल उसैप्रति समर्पित रहने इच्छाको बोध हो । शत्रुहरूबीचबाट पराजयको शिरै काटी विजयको बिगुल उसले फुक्ने अभिलाषा हो यो । यो उसका उठेका हरेक कदममा साथ दिने शङ्खनाद हो । सायद यिनै कामनाहरूका साथ जन्म लिएको एक अटल विश्वासको सिर्जना हो यो ।

# अङ्गुष्ठभ्याम

रूप कुरूपबाट
अछुतो अमर बनी
नित्य शाश्वत म
अजात अजन्मा पनि

अनन्त वस्त्र लाउने र छोड्ने
अन्तिम श्वासको घुटघुटीसम्म
जालोरूपी शरीरमै जोडिने
विश्वको कुनै अस्त्रले नतोड्ने
जीवनरूपी वृत्तचित्र सजिलै मोड्ने
जन्मचित्र मृत्युचित्र एक जन्ममै कोर्ने

आकाश अनि धर्तीभन्दा पर
न त हुँ प्रकाश, न त अन्धकार
न त अग्नि हुँ, न त शीतज्वर
बुरून मलाई पस्न सक्नुपर्छ देहद्वार

अजर, अविनाशी
न त मार्छु
न त मर्छु

केवल जीवनरूपी
देह फेर्छु

पञ्चतत्त्वनिर्मित देह
पञ्चतत्त्वमै हुने विलीन
एक 'म' नै हुँ जो
सन्तदेखि मृतमा पनि जीवित
इन्द्रिय तिम्रो सक्रियता अनि
निष्क्रियता 'म'मै निहित
भिन्न अवस्था जड अनि चेतनामा
पनि चेतनशील

अन्तिम अणुसम्म
ब्रह्माण्डमा कणको
नाश नहुने
जीवनमरण
अवश्यम्भावी
भुल्नै नहुने
बुद्धत्व महावीरमा पनि
हरयुगमा जीवितै रहने
अङ्गुलीमाल, कालिदासमा
पनि मरण नहुने
सत्ययुगदेखि कलियुगसम्म
जीवित नै रहने
हर युगमा उपयुक्त शरीरको
आवरणको खोजीमै रहने

न त अग्नि, बाढी
अनि शस्त्रले छुने

नवजीवनको जीवन्त तत्त्व
चोला निरन्तर बदलिइ नै रहन्छ
तर
हर जन्ममा छ 'मेरै' महत्त्व

शरीरसँग बाँधिएको आत्मा हुँदैन
जन्मदेखि मृत्युसम्म के परमात्मा हुँदैन ?

'म' एक छु
आवरणले पाउँछ अनन्त नाम
दुष्ट अनि पुनीत दुवैमा जीवित छु
तर वास्तवमा छु बेनाम
मेरो रहस्य अनि परिचय पाउनु
अत्यन्तै कठिन काम
बुझ
श्रुतिअनुसार म हुँ जान अपर पुरुष
उपनिषद्अनुसार 'म' हुँ
मध्यहृदयमा रहने
अङ्गुष्ठभ्याम ।

**'अङ्गुष्ठभ्याम' कविताको रचनासन्दर्भ**

व्यायाम जीवनको सुस्वास्थका लागि एक अत्यावश्यक, अनिवार्य, अपरिहार्य कार्य हो तर यस विषयमा मेरो अल्छीपना सायद एक मूढपना हुन सक्छ । हरेक बिहान एक घण्टाको हिँडाइले स्वस्थता र स्फूर्ति दिलाउँछ, यो त सत्य नै हो तर त्योभन्दा पनि मनको स्फूर्तिका लागि साथ दिने गरेको छ ओशोको जीवनसत्यले । एक घण्टा उहाँको मधुर तथा ओजस्वी र यथार्थपरक सत्यको नियमित श्रोता हुने सौभाग्य पाएकी छु र यसैको लालसामा एक घण्टा त यसरी

व्यतीत हुन्छ, लाग्छ हर क्षण बल्ल सुरुवात गरेछैँ । उहाँको मुखारबिन्दबाट ओर्लिएका वाणीहरूको प्रभावले गर्दा कताकता आत्माको विषयमा केही कोर्ने जिज्ञासा जाग्यो । हुन त जोकोहीसँग यस विषयमा सोधे पनि 'आत्मा मर्दैन' भन्ने तमतयार (रेडिमेड) एक जबाफ पाउन सजिलै सकिन्छ ।

उपनिषद्अनुसार हृदयको बीच भागमा अनुभव हुने अङ्गुष्ठभ्याम बूढी औँलाजत्रो लम्बाइको प्रकाशलाई नै आत्मा भनिन्छ र त्यसको अभ्यास गरिन्छ । यो पढेपछि आत्माको विषयमा केही गहिरिन वा भनूँ केही लेख्न हौसला प्राप्त भयो । त्यही कोर्ने प्रयास गरेकी छु । त्यसैले यस विषयमा छचल्किएका यी भावहरूमा कतिसम्म सफल भएँ भन्ने प्रश्नको उत्तर यहाँहरूमाथि नै छोड्ने जमर्को गरेकी छु ।

# कस्तूरी सुवास

उर्लिएको जवानी
भड्किएको प्यास
छचल्किएको प्याला
पोखिएको जाम

थोपाथोपा सुराको
प्यासको आशमा
तिम्रो
मोहनी लगाउने
कामना बढाउने
भोक जगाउने
लालसा तर्साउने
उही तिम्रो
कस्तूरी सुवास ।

आँचल लहराउँदै
मस्किएर तर्किँदै
जाल बिछ्याउने
मदहोस बनाउने
मार्ग धमिल्याउने
अङ्गअङ्गमा

रसास्वाद छचल्काउने
उही तिम्रो
कामदेव कामपाश ।

कर्के दृष्टि लगाउँदै
कुटिल मुस्कान बिछ्याउँदै
नजरनजर जुधाउने
प्यासी अधर रसाउने
दिग्भ्रमित तुल्याउने
धड्कन बढाउने
तिम्रो रसास्वादमा
विवश बनाउने
उही तिम्रो
पद्मिनी रूपजाल ।

कालो मेघ केश फिजाउँदै
दूरी नजिक्याउँदै
तनमन मत्याउने
हृदय विवश बनाउने
मनमस्तिष्क लट्ठ्याउने
तिम्रो सामीप्यको
लालच जगाउने
उही तिम्रो
कसिलो बाहुपाश ।

**'कस्तूरी सुवास' कविताको रचनासन्दर्भ**

आजकल टेलिभिजन या दूरदर्शनका सिरियल या शृङ्खला नहेर्नेहरू थोरै नै होलान्, ती थोरैमध्ये म पनि पर्दछु । धेरै व्यस्त

भएर या समय नभएर होइन । यसप्रति मेरो त्यति धेरै चाहना नभएर नै होला सायद ।

एक मित्रका निवासमा गएकी थिएँ । उनी पनि यो टेलिसिरियल या दूरदर्शनी शृङ्खला हेर्ने रोग भनूँ या भोक भनूँले पूरै ग्रसित र त्यसमा पूरै लिप्त थिइन् । तसर्थ यति लामो अवधिपश्चात्को भेटघाटको पश्चात् पनि उनी त्यसबाट मुक्त हुन सकिनन् । इच्छा, अनिच्छा जे भए पनि विवशताका साथ त्यहाँ त्यसमा म पनि संलग्न हुनु पऱ्यो । त्यसका दृश्यमा प्रसारित युवाहरूको हाउभाउ कटाक्षले यी हरफ कोर्न मलाई बाध्य बनायो, जसको फलस्वरूप जन्म लिएको हो यस रचनाले ।

# अपरिहार्य

पहिलो प्रभातको किरण बनी
तिमीभरि उदाउने मेरा रहरहरू
नढाकून् काला मेघले
कहीँ, कतै वर्षात् बनी

शीतल पवनको लहर बनी
शीतलता प्रवाहित गर्ने मेरा रहरहरू
नरोकून् पहाड, पर्वतले
कहीँ, कतैँ छेकवार बनी

जूनको शीतलता चोरेर चन्द्रमुखी बनी
तिम्रो जीवन उजिल्याउने मेरा रहरहरू
नगलाऊन् पृथ्वी भानुले
कहीँ, कतै ग्रहण बनी

पुष्प गुलाफी गुलाफ बनी
अधर रङ्ग्याउने मेरा रहरहरू
नतुल्याऊन् रक्तिम
कहीँ, कतै धारिला काँडा बनी

विशाल कल्पवृक्ष बनी
आकाङ्क्षा फलीभूत गर्ने मेरा रहरहरू
डसेर मृतप्राय: नबनाऊन्
कही, कतै गोमन सर्प बनी

सप्तरङ्गी इन्द्रेणी बनी
तिम्रा जीवनका क्यानभासमा रङ भर्ने
मेरा रहरहरू
नलागून धब्बा अनजानमै
कहीँ, कतै कालो स्याही बनी

सङ्गीतको सात सुर बनी
जीवनलाई जीवन्त अनि तरङ्गित गर्ने
मेरा सकारात्मक रहरहरू
नतोडिदिऊन् ती सारङ्गीका तारहरू
कहीँ, कतै धारिला हतियार बनी

काला मेघका घनघोर वर्षा उधारो मागी
तिम्रा सुषुप्त बास्ना
तृप्त तुल्याउने मेरा रहरहरू
विश्वासरूपी ढाल बनी
तिमीलाई सर्वसुरक्षित बनाउने मेरा रहरहरू
बाटो नकाटून काला बिरालाले
कहीँ, कतै अपसगुन बनी

तोड्नेछु,
काट्नेछु हरेक छेकवारलाई
एक विश्वस्त धारिलो हतियार बनी
जीवनभरका लागि एक 'अपरिहार्य' बनी ।

**‘अपरिहार्य’ कविताको रचनासन्दर्भ**

एक स्त्रीको आफ्ना प्रिय पतिको सकारात्मक दृष्टिकोणको चित्रण यहाँ गरिएको छ भने यसबारे अरू चर्चा आउँदो ‘अधुरो कल्पना’ कविताका रचनासन्दर्भमा गरिएको छ जुन यसै कविताको प्रतिपूरक अर्को कविता पनि हो ।

# अधुरो कल्पना

पहिलो प्रभातको किरण बनी
तिमीभरि उदाउने मेरा रहरहरू
छताछुल्ल भएर पोखिएर गए
मेरा सँघारभरि

शीतल पवनको लहर बनी
शीतलता प्रवाहित गर्ने मेरा रहरहरू
तुषारापात भएर गए
शीतलहर बनी

जूनको शीतलता चोरी चन्द्रमुखी बनी
तिम्रो जीवन उजिल्याउने मेरा रहरहरू
मधुर टिमटिमाहट बने ताराका
औँसीको रात बनी

पुष्प गुलाफी गुलाफै बनी
अधर रङ्ग्याउने मेरा रहरहरू
रक्तरञ्जित भएर गए
अति विषाक्त काँडा बनी

विशाल बरवृक्ष बनी
ओत तिमीलाई दिने मेरा रहरहरू

ग्रहण लगाएर लक्ष्मीउपर
शनिश्चरबाहेकको पीपलवृक्ष पो बनी

वसन्त ऋतुको रङ्गीन रङ्गेली लुटी
तिम्रा जीवन रङ्गीन तुल्याउने मेरा रहरहरू
क्यानभासभरि छचल्किए
एक मूक चित्र बनी

काला मेघका घनघोर वर्षा उधारो मागी
तिम्रा सुषुप्त बास्ना तृप्त तुल्याउने
चुलबुलाहटहरू साउनको झरी बनी
बगी गए खहरे खोल्सा बनी

सङ्गीतको सात सुर बनी
जीवन जीवन्त अनि तरङ्गित गर्ने मेरा रहरहरू
टुक्राटुक्रा भई छरपस्ट भए
एक निःशब्द झङ्कार बनी ।

विश्वासरूपी ढाल बनी
तिमीलाई सर्वसुरक्षित बनाउने मेरा रहरहरू
कुठाराघात भई गए
एक विश्वासघाती धोका बनी

न त तोड्न सक्छु,
न त काट्न सक्छु
कुनै छेकवारलाई
कुण्ठित भई तड्पिरहेछु

म
जीवित नै जलिरहेछु
एक आधा अधुरो सपना बनी
आधा अधुरो कल्पना बनी ।

**'अधुरो कल्पना' कविताको रचनासन्दर्भ**

'स्त्रियाश्चरित्रं पुरुषश्य भाग्यम्'; यो एक संस्कृत कथन वा उखान हो । प्राय: यो एक चरित्रहीन नारीका लागि बढी प्रयोग हुन्छ । हुन त यस पुरुषप्रधान समाजमा एक स्त्रीलाई हेरिने यस्तो दृष्टिकोण तथा उपेक्षा भाव हुनु कुनै नौलो कुरा भने होइन । एक वा दुई नारीको कारण कथन नै बन्नुपर्ने आवश्यकता पनि होइन । पुरुषको दाँजोमा नारी नै अझ यस विषयमा संवेदनशील हुन्छन् ।

एक स्त्री जब आफ्नो प्रियसँग सम्बद्ध हुन्छे तब केवल उसैलाई आफ्नो मानसपटलभरि सजाउँछे, ऊ त्यहाँ दोस्रोको प्रवेशको त कुरै छोडौँ, पदचाप पनि सुन्न वर्जित गर्छे । यति गहिरो अन्तस्करणबाटै उसको प्रेम समर्पित हुन्छ अनि ऊ केवल उसैका बारेमा मात्र कल्पिन्छे, उसैलाई सजाउँछे, उसैको तस्बिर नयनभरि कैद गर्छे र उसैमा मर्दछे । यो अगिल्लो 'अपरिहार्य' शीर्षकको कविताको सकारात्मक अनि रचनात्मक भाव हो भने यो 'अधुरो कल्पना' भन्ने कवितामा चाहिँ त्यसैको प्रतिपूरक नकारात्मक अवस्थाको चित्रण गरिएको छ ।

यस स्थितिमा आफ्नो प्रियप्रति सकारात्मक दृष्टिकोण र नकारात्मक दृष्टिकोण राखेर हेर्दा उसको मनोभाव कस्तो हुन्छ भन्ने भाव मनमा उब्जिँदाको अवस्थाको कवितात्मक चित्रण गर्ने प्रयास हो यो । अगिल्लो 'अपरिहार्य' कविता सकारात्मक दृष्टिकोणको र यो 'अधुरो कल्पना'चाहिँ नकारात्मक पक्षको चित्रण हो ।

# भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण

मान्छेको गुनासो
पशुपतिको भूमिमा
शिवको ताण्डव रूप
अस्तित्वको यस्तो पनि हुँदो रहेछ
विकराल स्वरूप

सिंहले मृगको बथानमा
आक्रमण गर्दा
जसरी हुन्छ तितरबितर
गोरखा, सिन्धुपाल्चोक, दोलखा, काभ्रे
भूकम्प तिम्रो आक्रमणले
त्यसरी नै पार्‍यो सोत्तर

गोमन सर्पले जिब्रो लपलपाएझैँ
एक झट्कामा अजिङ्गरको श्वास बनी
सोहोरेर क्षतविक्षत कति मृत अह्रो बनायौ
काठमाडौँ सहर पनि

देव र ऋषिहरूउपर
जसरी विध्वंस

मच्चाएथे राक्षसहरूले
सुन्दर राष्ट्रको सर्वनाश गऱ्यौ
प्रकृति अस्तित्व थरथरायो
उसरी नै तिम्रो कोपले
धरहरा निमोठ्यौ त्यसरी
मात्तिएको हात्तीको सुँडले
कमल निचोर्छ जसरी

न छोड्यौ सांस्कृतिक धरोहर
न सुन्यौ गरिबको पुकार
नेत्र बन्द गरेर खर्लप्प निल्यौ
वसन्तपुर, भक्तपुर
नुवाकोट अनि गोरखाका दरबार

अझै घरीघरी
ओर्काईफर्काई
ब्वाँसोले सिनो चुसेसरह
खोतलीखोतली
झम्टिरहेछौ
लाग्छ बदला लिँदै छौ बनाई निरीह

लासको डङ्गुर लाग्यो
रगतको खोला बग्यो
राष्ट्रका सन्तति
बने अनाथ, अपाङ्ग, असहाय कति
कसैको रगत पसिना त
कसैको लुटेको सम्पत्ति
एकक्षणमै खाक भयो

अनाथ, अपाङ्ग अनि असहाय भई
जनता रोई, कराई भागिरहेको दृश्य
सम्झीसम्झी अघोर पीडामा
कल्पिन्छ मन कृष्ण

निमेषका लागि जोडिएका तीन पुरलाई
जगत् स्थिर गरी
जसरी गरेथ्यौ भस्म
त्रिशूल उठाई तेस्रो नेत्र उघारी
हे त्रिपुरारि
उसरी नै जीर्णजीर्ण बनायौ
तन नेपाल आमाको विदीर्ण

दुष्कर्म गरी थुपार्नेको सम्पत्ति
खाक बनाएको भए
अन्तर्हृदयदेखि गर्थ्यौं स्तुति
गरिब, निमुखाको पनि
पसिनाको धारा बगाई
जोडेको पाईपाई
छिनमै लुटचौ ध्वस्त बनाई

के गरूँ
भन्न डर लाग्छ
तर गर्‍यौ काम
जस्तो गर्छ कसाही

कुर्लीकुर्ली, घरीघरी
उसकै आँत निचोर्दै छौ

लाग्छ बाँकी रहेको पनि
सिध्याएरै छोड्नेछौ

बडो मेहनतले
जोडेको जमिनज्यथा
हरेको मात्र हैन दिएका छौ
आफन्तसँगको वियोग व्यथा
विष पिएर बन्ने नीलकण्ठ
कसरी बन्यौ आज यस विनाशको कालखण्ड ।

**प्रकृतिको मानवसितको गुनासो**

वनपाखा, उकाली, ओराली
तराई, पहाड, हिमाल या होस् भिराली
उब्जाउ भूमि होस्
या बन्जर भूमि

रगतको थोपाथोपा सिँचेर
हरेकको पेटको अग्नि क्षुधा मेटाउन
अङ्गअङ्ग प्रयोग गर्दै लागिपरे
सम्पूर्ण जुनी
प्यास मेटाउन
नदीनाला, झरना
छाती चिरीचिरी मैले बगाएको
के भयो कुन्नि ?

आज मेरै भुँडी फोरेर
अनन्तसम्म तल रहेको
मेरो आँत खोतलेर

हजारौँ स्थानमा प्वाल पारेर
खिचीखिची मेरो रगत
अनि गर्भलाई
खोक्रो तुल्याएर
के पो पायौ
आज मलाई नाङ्गो बनाएर

पेटको अग्निज्वाला
अनि प्यास मेटाउन मात्र होइन
शीत, तापको कहरबाट
भीषण आँधीबेहरी मात्र होइन

वर्षाको विकराल स्वरूपबाट
प्रकृतिको हर विपत्तिबाट
आङ जोगाउन दिएथेँ सुरक्षाको छत

पाएको अधिकारभन्दा
बढीको अपेक्षा
औँलो दिँदा डुँडुलो
निल्ने उखानको सत्यता
चालिसबर्से अन्तरालमा यहाँ
दोबर भएको जनसङ्ख्या
शक्ति प्रदर्शित गर्दै
फैलिएको विभिन्न तप्का
द्रव्यपिचासका
अतृप्त महत्त्वाकाङ्क्षा
बलियो जगबिनाका
तिम्रा गगनचुम्बी भौतिक संरचना

आज यी नै बने
यस प्राकृतिक प्रकोपको कारक विडम्बना

वातावरणको क्षयीकरणमा अग्रसर
ती मानव तिम्रा हात
वनजङ्गल विनाश भयो
तोडचौ मानव हरियालीको साथ
पराकाष्ठा नाघ्यो आज गर्मी अनि जाडो तिम्रै कारण
प्रकृतिको पर्यावरणीय सन्तुलन समाप्त पार्ने
तिमी नै हो मानव
आज छल्कीछल्की बगेको मेरो रक्तस्राव
बुझ मानव
फुटेर छल्किन बाध्य पार्‍यौ तिमीले नै
प्रकृतिविनाशक दानव

जटिल भौतिक संरचनाले निम्त्याई
बारम्बार प्राकृतिक प्रकोप
बनायौ कङ्गाल
तर पनि जननी बनेर
सम्पूर्ण छाती चिरेर दिएँ
चाहेँ तिमीहरूकै मङ्गल

अझै पनि लोभीपापी मुसुन्डा
यस विषादको अवसरमा पनि
ओढेर मुखुन्डो
वास्तविक पीडितलाई पन्छाउँदै
आएको राहतमा पनि खोज्दै छन्
राजनीतिक अराजनैतिक भागबन्डा

**उत्थान, पुनर्निर्माण अनि विकासको विश्वास**

विपद्को बेला गुनासो पन्छाई
बनौ परोपकारी हात
राहत पीडितलाई पुऱ्याई
विषादमा बनौ बलियो साथ

यस विषम परिस्थितिमा
एक यही छ प्रार्थना
मर्ने त विलीन भए, गए
बाँच्नेको आँखा उघार्नु छ
यस अर्थमा

कुनै भिन्न अन्य जात हैन
सबै नेपाली हौँ
यस नेपाली धर्तीमा
नघटाई जोस, जाँगर
पाका र युवाशक्ति जुटाउन सके
नदी बन्नेछ सागर

चाहिएको छ
राजनीतिक भेदभावको अलाप छोडी
सामाजिक उत्थानको पुनीत लक्ष्य
साधनस्रोतको सदुपयोग गर्ने
आर्थिक समृद्धिको उन्नायक विज्ञ
राष्ट्रियता, राष्ट्रभक्ति, राष्ट्रप्रेम
राष्ट्र उन्नतिले ओतप्रोत चित्त
उपेक्षित उत्पीडित वर्गको पनि लिँदै सहयोग
गलत आशय मनोभावरहित

नेपालको अखण्ड भावना नटुटाउने
तीन कोटि नेपालीको दृढ सङ्कल्पसहित

चिरा परेका गराहरूमा
सुनका बाला झुलाउने
कामनाका पूर्णतातर्फ लक्षित
च्यातिएका हृदयमा जोस
जागृति बढाउन समर्पित
पन्छाएर भत्किएका संरचना
एक सुन्दर, पूर्ण विकसित
नवराष्ट्र निर्माणका अनुष्ठानमा
जुटेर जो गर्नेछ
जीवन अर्पित

यस दु:खद परिवेशबाट
सिकौँ एकता, सिकौँ सीप
नेपाली सारा एक भई जुटे
माग्नुपर्ने छैन भीख

आफ्नै पौरखी पुरुषार्थको गर्दै प्रयोग
आफूआफू लड्दै
राष्ट्रको नबनाई बिजोग
एक भई नवनेपाल निर्माणको बनौँ संयोग ॥

**'भूकम्प र यसको त्रिआयामिक दृष्टिकोण' कविताको रचनासन्दर्भ**

नववर्ष २०७२ को सुरुवातसँगै एक नयाँ आशा अनि विश्वासको सुरुवात भएको थियो । सबैको मनमा उमङ्ग अनि उत्साह प्रवाहित भइरहेको क्षण, नयाँ प्रतिबद्धतासहित नयाँ सालमा नव मार्गमा अघि

बढ्ने हरेकको आकाङ्क्षा तर यस नववर्षको आगमनलाई हर्षोल्लाससहित मनाउँदै गर्दा वैशाख १२ गते आएको बीभत्स तथा विनाशकारी भूकम्पले देशको अवस्था एक ठूलो दुर्घटनामा परिणत हुन पुग्यो ।

सांस्कृतिक धरोहर धरहरादेखि वसन्तपुर, गोरखा, नुवाकोट अनि यस्तै अरू केही दरबारहरू खण्डहरमा परिवर्तित भएको र असङ्ख्य मानवको मृत्युको बीभत्स दृश्य, पीडित नाबालकहरूको असन्तुलित मानसिक स्थिति; अपाङ्ग तथा अनाथहरूको कारुणिक दृश्य, काठमाडौँको मर्माहत स्थिति; काभ्रे, दोलखा, गोरखा, नुवाकोट, सिन्धुपाल्चोकका सोत्तर भएका भौतिक संरचना अनि कहालीलाग्दो भक्तपुर, पाटनको दृष्टान्त यी सब मेरो दिमागमा स्नायुतन्तुहरूको सलबलाहटका माध्यम बन्न पुगे । यस्तो अवस्थामा यस भूकम्पले जति क्षति गर्‍यो त्यसको वेदना बेग्लै, आफन्तसँगको वियोगको व्यथा बेग्लै र क्षणमै घरबारविहीन र अनाथ हुनुपरेको आर्तनाद अनि घर असुरक्षित बुझी अलि सुरक्षित जस्तो बस्ने आश्रयको खोजीको घुइँचोको कोलाहल सम्झेर मेरा कलमले सादा पानामा दाग बनाउन सुरु गर्‍यो ।

यस विनाशकारी भूकम्पको मार र पीडाको क्रन्दनको वृत्तान्तसहित यो मेरो रचनालाई मैले तीन आयाममा, तीन भागमा विभाजन गरी तीन दृष्टान्त प्रस्तुत गर्ने प्रयास गरेकी छु ।

यसको पहिलो भागमा भूकम्पको प्रकोपमा परेका मानवले जुन पीडा भोग्नुपर्‍यो त्यही परिवेशमा 'मानवको गुनासो' भनी मानवको धर्ती, प्रकृति तथा परमात्मासँगको गुनासो; दोस्रो भागमा हामी मानवले नै धर्ती र प्रकृतिसँग जति धेरै खतरनाक खेलबाड गर्दै आएका छौँ, त्यसैको परिणाम तथा आफैँ मानवले निम्त्याएको यो प्राकृतिक विडम्बना हो भन्ने दृष्टान्त दिँदै 'प्रकृतिको मानवसितको गुनासो' तथा 'उत्थान, पुनर्निमाण अनि विकासको विश्वास' भन्ने

तेस्रो भागमा यी सबै तर्कनाभन्दा पर रहेर अझै पनि ज्यादा बेर भएको छैन र यी सबबाट उकासिन पाका, युवा नेपाली तीन करोडका हात जुटे यस विषम परिस्थितिबाट पनि त्राण पाउन सकिन्छ भन्ने विश्वासको धागोमा सबैलाई बाध्ने प्रयास हुनुपर्ने सङ्केत यहाँ छ । यस आक्रान्त क्षणमा अब सम्हालिएर यस विडम्बनामाथि विजय लक्षित गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता पनि यहाँ मैले दर्साएकी छु ।

राजनीतिक व्यक्तिहरू पनि कुर्सीलोलुपता, सत्ताप्रेम अनि आन्तरिक महत्त्वाकाङ्क्षाभन्दा माथि उठ्न नसकेर यसैमा अल्झिने हो भने यस विषम परिस्थितिमा आउँदो पचास वर्षमा नेपाल सिङ्गापुर होइन सिरिया भने अवश्यै बन्नेछ भन्ने त्रासको आशय पनि यहाँ यस रचनाद्वारा अवगत गराउन खोजिएको छ र त्यसै सेरोफेरोको एक सानो प्रयास हो यो ।

अन्तमा यही हाम्रो अन्त्य होइन अब यस दु:ख, पीडाभन्दा माथि उठेर भत्किएका संरचना पन्छाई सुन्दर सुरक्षित नवराष्ट्र निर्माणमा एकजुट भएर लाग्न जरुरी छ भन्ने मूल सन्देश यहाँ व्यक्त गरिएको छ । मेरा मनमस्तिष्कले क्रमश: अनुभव गरेका मिश्रित भावका यी तीन थरी बेग्लाबेग्लै दृष्टिकोणका परिप्रेक्ष्यमा व्यक्त त्रिआयामिक सोचहरूको सँगालो हो यो रचना ।

# अदम्य साहस

पुर्खाले रचेको अखण्डताको इतिहास
जातीय हिंसाले नबनोस् है भविष्य अभिशाप
विकराल भ्रष्टाचाररूपी दलदलको,
राजनीतिक अराजनीतिक हस्तक्षेप
दुर्भाग्य नबनोस् राष्ट्रको

चाहिएको छ,
निर्भय जागरूकता अनि तदारुकता,
सतत आत्मसचेतता जनताको

प्रकृतिले दिएको अपरम्पार सम्पदा
नचुकौँ है गर्न उपयोग राष्ट्रनिर्माणमा
आर्थिक विकासको मूल मन्त्र बिर्सेर
समृद्धि नै तहसनहस नपारौँ आँखा चिम्लेर
चाहिएको छ,
समयअनुरूप अनुगमन, निगरानी
अनि अनवरत खबरदारी जनताको

शत्रु हुन् जातीयता सामाजिक असमानता
भूल हैन नियति यो शीर्षस्थले आँखा चिम्लिँदा

ठूला हुन् या साना भ्रष्ट सबै एक समान
दिने छैनौँ कसैलाई उन्मुक्ति
लिनु छ यही अडान

चाहिएको छ
नेपाली आमाको सतत आशीर्वाद
सँगै अडान, सङ्कल्प अनि अदम्य साहस, सतत अभियान
नेपाली जनताको...

धाँजा परी फाटेका गरामा सुनको बाला झुलाउनु छ
बिदेसिएका युवाशक्तिलाई फिराई राष्ट्रनिर्माणमा जुटाउनु छ
भविष्यका कर्णधारको सुदिन फिराउनु, सिर्जनु छ
सुन्दर राष्ट्र निर्माण गर्न भ्रष्टाचार शून्य बनाउनु छ
पाएका छौँ, चाहेका छौँ
शुभकामना सतत आशीर्वाद नेपाल आमाको
चाहिएको छ शुभकामना,
सहकार्यमा होस्टे गरौँ एकताको ।

**'अदम्य साहस' कविताको रचनासन्दर्भ**

अख्तियारको पच्चिसौँ रजत महोत्सवको दिनमा आमनागरिकको हैसियतले सबै जनताको चाहना र आवाजको प्रतिनिधित्व गर्दै देशमा जातीय विभेद, सामाजिक असमानताजस्ता घातक विषयप्रति सबै जागरूक हुनुपर्ने आवश्यकता, आर्थिक उन्नतिका लागि आफ्नै प्राकृतिक स्रोतको राम्रो सदुपयोग राष्ट्र निर्माण गर्दै एक विकसित राष्ट्रको लहरमा उभ्याउने प्रयासको आवश्यकता, भ्रष्टहरूलाई उन्मुक्ति दिन नहुने अडान, भूकम्पको विडम्बनामाथि उठेर नयाँ सुन्दर राष्ट्र निर्माण गर्नुपर्ने आवश्यकता, दिनदिनै पलायन भइरहेका युवाशक्तिका श्रम सीप सञ्चित गरी

स्वदेश निर्माणमा जुटाउनुपर्ने आवश्यकता जस्ता यी सब विषयमा मध्यनजर राख्दै अख्तियारको कदमलाई अरू सशक्त पार्नुपर्छ भन्ने आह्वानका साथ कोरिएको एक प्रयास हो यो । मेरा श्रीमान् तत्कालीन अख्तियार प्रमुख हुँदा उनले गरेका कामहरूको मूल्याङ्कनका साथ उनको साहसमा अरू थप ऊर्जा नेपाल आमाले र नेपाली जनताले दिऊन् भन्ने पनि यस रचनामा कामना गरिएको हो ।

# नवदुर्गा भवानी : एकताकी सूत्र

सकल दैवी शक्ति एकाकार
नवदुर्गा भवानीको गर्छु पुकार
म दुर्गा भवानीको कृपा
मै एकका लागि होइन
सम्पूर्ण राष्ट्रका लागि चाहन्छु

यो पर्व धनाढ्य वर्गका लागि होइन
गरिब, असहाय, विपन्न वर्गको
मुहारमा सुख शान्तिको
मुस्कानका निम्ति बढी चाहन्छु

धर्मनिरपेक्षताको साटो
सकल मानवप्रति
सद्भाव राख्ने विश्वको एक मात्र
नेपाली पहिचान बोकेको हिन्दुराष्ट्रको सम्मान चाहन्छु

धर्मनिरपेक्ष विश्वको
नेपाली भएर नेपालको उत्थानका लागि
विखण्डितता होइन
जातजाति, हिमाली, पहाडी, तराईवासी
सबको मिलाप चाहन्छु

आज यस महान् पर्व मनाउँदा
नाबालकको रगत अनि बलिदानमाथि
टेकेर होइन
एकअर्कामाथि प्रेम र विश्वासको बलियो
गठबन्धनका लागि सद्भाव चाहन्छु

राष्ट्रका लागि बाँच्ने हरेक नेपालीको सम्मानका लागि
एकको आकाङ्क्षामाथि
तुषारापात गर्ने हैन
हर क्षेत्रको नेपाली एकै
सद्भावसूत्रमा बाँधिएको
नेपालको पूर्ण स्वरूप हेर्न चाहन्छु

दुर्गा भवानीले हाम्रो राष्ट्रलाई
आपत्विपत्, सङ्कटबाट मुक्त गराई
एक सुखद समृद्ध राष्ट्र हुनेतर्फ उन्मुख गराई
विश्वमा नेपालको पहिचान बनाइएको
दृष्टान्त अनुभूत गर्न चाहन्छु

नेपालीहरूले स्वहस्तले नेपाल सिँगारेको
भोकानाङ्गा कोही नरहेको
राष्ट्रको उत्थानमा समर्पित रहेको
तिम्रो वरप्रसादको स्वाद चाख्न चाहन्छु

अरू केही हुनुअघि
नेपाली भई जिउन चाहन्छु
नेपाली भई मर्न चाहन्छु

नवदुर्गा भवानी
शक्तिकी प्रतीक तिमी
शक्ति हो एकता नै
हाम्रो राष्ट्रिय एकताको सूत्र बन तिमी

अब त नवदुर्गाका प्रसादले
देशान्तरमा विकट जीवन
बिताउन बाध्य भाइबहिनी
नेपाल फिरी
नेपालका लागि बाँचेको हेर्न चाहन्छु

राष्ट्रका लागि जिउने, मर्ने
हर नेपालीको मुहारमा
सुख समृद्धि, समुन्नतिसहितको
मुस्कान फर्केको हेर्न चाहन्छु ।

**'नवदुर्गा भवानी : एकताकी सूत्र' कविताको रचनासन्दर्भ**

२०७२ साल कात्तिक ४ गते; विजयादशमी या भनूँ बडादसैँ नेपालीहरूको निकट आएको थियो । एकातिर राष्ट्र भूकम्पको पीडाबाट माथि उठन नसकेको अवस्था थियो भने अर्कातर्फ हामी हिन्दुहरूको महत्त्वपूर्ण तथा ठूलो चाड नजिकिएको यथार्थ पनि थियो । त्यो रावणजस्ता राक्षसी प्रवृत्तिमाथि रामको विजय अनि दुष्टप्रवृत्ति महिषासुर या शुम्भनिशुम्भजस्ता असुरमाथि दुर्गा भवानीले विजय हासिल गरेको पुण्य दिनको सम्झनाको अवसर पनि छँदै थियो ।

मेरा दृष्टिकोणमा एक मानव आफैँमा आधा राम र आधा रावणको स्वरूप हुन्छ । रावणमाथि विजय पाउनु भनेको रामले प्रतिनिधित्व गर्ने प्रवृत्तिले अग्रगति लिन सक्षम हुनु हो वा भनूँ,

सत्यको असत्यमाथिको विजय हो । रावणप्रवृत्ति हाबी हुनु मानव दुष्टवृत्ति वा अधोगतितर्फ अग्रसर हुनु हो । रावण आफैँमा एक विद्वताको नमुना हुन् तर जब सीताहरण गर्ने जस्तो दुष्ट प्रवृत्ति हाबी भयो, उनको विद्वता अनि पराक्रम आखिर मूल्यहीन बन्न पुग्यो ।

एक नेपालीको नाताले आफूलाई हिमाली, पहाडी या तराईवासी हुनु पनि प्रिय लाग्छ भन्ने मेरो आत्माले भन्छ र सबैलाई सम्मानित गर्छ । यो भावना र व्यवहार हरेक नेपालीको हृदयमा पलाइदिएर हामी नेपाली एक हौँ भन्ने भावना विकसित भइदिए नेपाल समुन्नत राष्ट्रमा गणना हुन केही समय अवश्यै लाग्ला तर त्यस्तो हुँदै नहुने भने अवश्य हुने छैन । यही भावनाबाट प्रेरित हो मेरो यो रचना । मेरो नेपाल आमाको समृद्ध मुहारको मुस्कुराहटको कामना हो यो । दुर्गा भवानीसँग मेरो राष्ट्रका लागि मेरो अन्तर्हृदयको एक पुकार हो यो– राष्ट्रको एकताको ।

# साथ रहोस् नरहोस्

किन यन्त्रजस्तो निरन्तर चल्ने
दिमागका तन्तुहरू
आज खण्डित छन् ?

किन नदीको धारझैँ बग्ने, चल्ने
कलमका निब
आज मसीविहीन छन् ?

किन वसन्तबतासझैँ
चञ्चलशील लहर मनका
आज झनै अधीर छन् ?

किन बाँच्ने इच्छाहरूका
जागृत रहरहरू
कुण्ठाको कुठाराघात भोग्दै छन् ?

किन सर्वदा रहने अटल विश्वासहरू
अनायास अस्थिरतामा
डुबुल्की लगाइरहेछन् ?

किन जीवनका
हर रङ्गीन पानाहरू
कोरा कागजझैँ आभास दिइरहेछन् ?

किन जिन्दगीका
हर मीठा क्षणहरूप्रति
वितृष्णा जागृत भइरहेछन् ?

सायद
तिम्रो बदलिएका नजरहरू
झेल्न कठिन भयो
तिम्रो प्रेमविहीन हृदयभित्र
अट्ने रहर मृत भयो
तिम्रो कालो मेघवेष्टित मनभित्र
सलबलाहट क्षीण भयो
तिम्रो विश्वासविहीन अँगालोमा
अटाउने मनोकाङ्क्षा जीवित हुँदै मऱ्यो
अटल विश्वासप्रतिको
घात सहने क्षमता त्यसैत्यसै जल्यो

तर पनि
हृदयको पीडा दबाउँदै
मनको तड्पाइ लुकाउँदै
मस्तिष्कको आँधी
अनि जीवनको सुनामी सुल्झाउँदै
यति नै चाहन्छु
जीवन गुराँसझैँ फुलोस्
हिलोमाथि पनि निर्लिप्त शोभासँगै
इच्छा कमलझैँ फक्रियोस्
अन्धकारमाथि विजय पाउँदै
लक्ष्य सूर्यझैँ चम्कियोस्
हर खाडलमाथि विजय पाउँदै

गन्तव्य हिमशिखरझैँ अटल रहोस्
हर पराजयमाथि विजय पाउँदै
जितले हर पाइला सर्वथा चुमोस्
चाहे भोलि मेरो साथ रहोस् नरहोस् ।

**'साथ रहोस् नरहोस्' कविताको रचनासन्दर्भ**

'जीवनका हरेक उकालीओरालीका पत्थरिला गोरेटोहरू पार गर्दा सहारारूपी लट्ठी बनिदिएर बाटो सरल बनाउने प्रयास गर्दागर्दै कता गएर छलिएछु र चर्किइसकेछु थाहै भएन । एकै लक्ष्य लिएर साथ नछोडी जीवनका सरल, सरम्य सुपथमा उसलाई अघि बढाई पुऱ्याउने उद्देश्य लिएथेँ । केवल एक त्यही जीवनमञ्जिलमा उसलाई पुऱ्याउन खोजेथेँ तर उसलाई सायद सहाराको आवश्यकता त्यस पथमा त्यहीँसम्म थियो, जहाँ बाटामा समात्ने लहरा थिएनन् । उसले त्यस मोडमा गएर आँखा चिम्लिदियो, जहाँ तेस्रो नेत्रको जरुरत थियो । पानी समुद्रमा होस् या खोलाखोल्सामा एकै हो । त्यही खोला समुद्रमा मिसिए समुद्र नै बन्छ । यी दुईलाई जोड्ने क्रममा बगरमा खिइएका र बगेका बालुवा, ढुङ्गाको पीडा तिनैसँगै हुन्छ । उसको अस्तित्व भने बाटोमै हराउँछ । आफूलाई भने लुटाउँदालुटाउँदै आफैँ नाङ्गिसकेको थाहै भएन । मेरी एक प्रिय सखीको यो भनाइ मेरो मानसपटलमा छाप छोड्ने गरी जरासम्म गडिसकेको थियो । उसैको पीडालाई यहाँ यस रचनामार्फत प्रस्तुत गर्न खोजेको छु– यो उसप्रति कलमले सहानुभूतिका भाव पोख्ने एक सानो प्रयास त हुँदै हो ।

# जीवनले कोल्टे फेरेछ भने

जीवनले कोल्टे फेरेछ भने
आई कसैले सोधेछ भने
माया र तृष्णाको
आवरण फ्याँकी
जिन्दगीदेखि मुख मोडेर
यति नै भन्दिन्छु–

हात पसार्न जान्दिनँ म
पोल्टो थाप्न आउँदैन
खुट्टा खुम्च्याई, मन बाँधी
शिर झुकाउन आउँदैन मलाई
जीवनले...

पाप धर्म मान्दिनँ म
आफ्नो कर्म गर्न छाड्दिनँ
फटयाइँ र कपटको
जाल बिछ्याउन आउँदैन मलाई
जीवनले...

माया घृणा के हुन् जान्दिनँ म
मानिसप्रतिको सेवाभाव छाड्दिनँ

छैन आशीर्वाद अभिशापको चिन्ता
ती जलाउन आउँदैनन् मलाई
जीवनले...

विश्वास धोका जान्दिनँ म
हार जित मान्दिनँ
न्याय अन्यायको धज्जी
उडाउन आउँदैन मलाई
जीवनले...

जीवन मरणको महिमा जान्दिनँ म
जीवन बाँच्न भने छाड्दिनँ
खै आत्मा परमात्माको
खेल बुझाउन आउँदैन मलाई ।
जीवनले...

**'जीवनले कोल्टे फेरेछ भने' कविताको रचनासन्दर्भ**

यति नै यहाँ भन्दछु– यो 'जीवनले कोल्टे फेरेछ भने' भन्ने कविता मेरो जीवनको पहिलो कवितासङ्ग्रह 'जानी नजानी' (प्रकाशन वि.सं.२०७०)को केन्द्रीय र शीर्ष कविताको भावको दोस्रो स्वरूप या पाटो व्यक्त गर्ने कविता हो ।

# सुषुप्त महत्त्वाकाङ्क्षा

तिम्रो सुषुप्त सत्ता महत्त्वाकाङ्क्षाले
मेरो देश जलिरहेछ
जनता तड्पिरहेछन्
'ली'ले बन्यो सिङ्गापुर
'महारथी'ले बन्यो मलेसिया

किन कोही मेरो देश बनाउने सपूत
जन्मँदैन
आफ्नो स्वार्थ र महत्त्वाकाङ्क्षाबिना

खाद्यान्नका अभावले
भोको छ हर जनआकाङ्क्षा
आन्दोलनले उही रोदन सुनाउँदै छ
उही पुरानो जनअपेक्षा

बैसट्ठी सालसम्म एक थियौँ
बहत्तर साल पुग्दा भयौँ तीन
यदि सत्ता साम्राज्य तिनकै लागि हो भने
किन जिउनु यो कठिन जीवन ?

उचाल्यौ तिमीले
पछार्‍यौ तिमीले

सङ्घीयताको पाठ
पढायौ तिमीले
जातजातिबीच
प्रेम, सद्भाव
सक्दो टुटायौ तिमीले

आज पूर्व लिम्बुवान रुन्छ
पश्चिम थरूहट
मजबुर बन्छ
हृदय जन्मँदै नेपाली थियो
आर्यघाटसम्म नेपाली नै रहन पाए
अलि चित्त बुझ्छ

किन भाइभाइ फुटिरहेछन्
जातिजाति टुटिरहेछन्
हर जात बन्नुअघि
नेपाली बन्न सके
हाम्रा स्वायत्तता अनि मौलिकता
शानमान, सार्वभौमिकता
जिउँदो रहनेछन् ।

तिम्रा कुर्सी र सत्ताका लागि
नेपाल आमा उत्पीडित
हुँदै छिन्
नेपाली भावभन्दा जातजातिको अलगथलग
पीडा र मारले उनी रुँदै छिन् ।

कोही पदका लागि
सामन्ती पराकाष्ठा नाघ्छन्

के फरक छ
यसमा र उसमा ?
एक जन्मले अधिकार पाएको
अर्को आफ्नो प्रसिद्धि, प्राप्ति
आफ्नो इतिहासका लागि
जन्म लिएर आएको

चाहिँदैन यस्तो सामन्तीपना
राष्ट्र बनाउने जो हुनेछ, एउटै हुनेछ
स्वतन्त्र, निष्पक्ष निडर अनि
स्वयम्‌को महत्त्वाकाङ्क्षाबिना ।

भन्छन् राजनीतिले आज नेपाल खायो
सत्ता प्राप्तिको मात्रै भूकम्प आयो
वास्तविक भूकम्पको चपेटामा जो परे तिनको
पीडा त पैतलामुनि पो हरायो

साँच्चै के राष्ट्र बनाउँछौ
प्रश्न छ तिमीलाई
थाहा छ आफू अवश्य बन्नेछौ
आफूलाई हर सङ्घर्षबाट जोगाई
याद गर
तर दिवङ्गत भएपछि के
उत्तर दिनेछौ अनागत उसलाई ?
राष्ट्रका लागि हैन
आफ्नै स्वार्थका लागि बाँचे
भोलि प्रश्नचिह्न
बन्नेछौ राष्ट्रकै लागि
इतिहासले तिम्रा नामहरूमा कलङ्कको कालो मसी चुहाए ।

बन्नेछौ राष्ट्रघाती
राष्ट्रिय एकता तुहाए ।

काण्डैकाण्डले मुछिएका
हातहरू अलिकति त चोखा बनून्
एक थान संविधान कोर्ने प्रयास
सफल होस्
हजारौँको बलिदानी रगतको मसीले
हाम्रो संविधानसम्म त रचियोस्

त्रिसट्ठीसाले आन्दोलनमा
गुमाएथे उन्नाइसले ज्यान
तत्कालीन मधेस आन्दोलनमा
अनि पछिका आन्दोलनमा गइसक्यो
सयौँको ज्यान
आज आन्दोलनको नाममा
निहत्थामाथि भइरहेछ अत्याचार
बालकले पनि नाममा आन्दोलनकै
गुमाउनुपरेको छ जीवन संसार

भन्छन् आज यिनै
नयाँ कुरा ल्याउन
केही रगत त बग्नै पर्छ
केही पाउन
केही त गुमाउनै पर्छ

तर प्रश्न गर्छु म
के संविधान ल्याउन
राष्ट्रमा अरू पनि
मानवबलि चढ्नै पर्छ ?

**'सुषुप्त महत्त्वाकाङ्क्षा' कविताको रचनासन्दर्भ**

आज पनि राष्ट्रले राजनीतिक लुछाचुँडीको अप्रिय व्यथा भोग्नु परिरहेको छ । केवल निजी महत्त्वाकाङ्क्षाहरूका व्यूहमा फसी देशले जुन भवितव्य बेहोर्नु परिरहेको छ, त्यो आफैँमा एक विडम्बना हो ।

राष्ट्रको उत्थानका लागि एकको या केहीको दूरदृष्टि पर्याप्त हुन्छ तर राष्ट्रघातीहरू सत्तामोहको महत्त्वाकाङ्क्षामा यति चुर्लुम्म डुबिसके कि तिनलाई न त निर्दोष नाबालकको रगतको प्रायश्चित चाहिएको छ, न त राष्ट्रभक्तको शवले नै विचलित तुल्याउँछ ।

जातजाति, धर्म, सङ्घीयता यी सबको आडमा यो प्राचीन सुन्दर राष्ट्रको भविष्यले विखण्डन बेहोर्नुपर्ने त होइन भन्ने हिजोका अत्यासलाग्दा ती दिनको त्रासको प्रबलताले जन्मिएको यस रचनाले हरेक नेपालीलाई नेपाली पनको जगेर्ना गर्नेतर्फ झकझकाउन सकिन्छ कि भन्ने आशाको त्यान्द्रो बोकेको छँदै छ ।

हर समस्याबाट पार पाउन र समृद्ध राष्ट्रतर्फ अग्रसर हुन सबै नेपालीको दिलको समर्थनबिना चाहे 'जन्मले पाएको होस्' या 'भाग्यले डोऱ्याएको होस्' उसबाट असम्भवप्रायः नै छ । तसर्थ राष्ट्रिय एकताको बिगुल पनि हो यो ।

# बन्दी पुस्तक

बन्दी पुस्तक म
आज सुन्दर काठको दराजभित्र सजिएको
सायद ओहोरदोहोर गर्ने
एकै जनाको मात्र बन्न सके
आकर्षणको केन्द्र
एक नजर उठाएर उसले
मेरो मौन उपस्थितिको
मानसपटलमा मात्र
कोरिदिए भावचित्र
जेलको यातना सायद
बिर्सिन बाध्य हुन्थेँ
उघारिदिए बन्द पल्ला
केवल एकपल्ट !

पन्ना पल्टाउँदाको
सरसराहट
आङभरि मानवहातहरूको
सलबलाहट
एकनास अङ्गप्रत्यङ्गमा
तीखा उत्साहित नजरको

चमचमाहट
काउकुती उब्जाउने
अधर हुँदै औँलाले छुँदै
पाना पल्टाउँदाको लजावट
सहरसरि विशाल छातीमाथि
रातभरको न्यानो वलटपलट
सिरानीछेउ सुस्ताउँदा
पुलकित तुल्याउने
श्वासका ती गर्माहट
कहिले काखा त कहिले
दुई घुँडाबीचको लुट्पुटाहट
एक मधुर स्पर्श प्राप्तिपश्चात्को
त्यो रुनरुनाहट
हर रातको प्रतीक्षामा

अस्थिर मनका
ती छटपटाहट
सब चकनाचूर भएर गए
आज केवल बनेको छु
एक कोठाको सजावट !

अब
अब त सायदै त्यो पुरानो
कथा दोहरिन्छ
जानी बुझी खसाल्ने उठाउने
आदानप्रदानरूपी
लिखित सन्देशका
जुन तरिका थिए

प्रेमका भाव गर्ने प्रकट
सायदै त्यो दोहरिनेछ
क्रम अब पुनः एक पटक !

गुलाफको मदमय सुगन्ध कोमल स्पर्श
आफैँभित्र लुटपुटाउँदै
बाँधिएको पत्र
एकबाट अर्कोको अँगालोमा पुगेको
दोस्रो क्षण
उत्साहित तथा नयाँ आशा
जागृत नेत्र
अब बनिसके सब
एक पुरानो स्मृति चलचित्र
केवल विगत केही दशकभित्र
आज ती सबै बनिसके
पुरानो कथा
सुकसुकाउँछु, कल्पिन्छु सम्झेर
वियोग व्यथा !

आशामा गुज्रिसके दिनरात
महिना अनि वर्ष
कति आए, कति गए
चाड अनि पर्व
सिँगारिए, पोतिए ती ठाउँ

जहाँ म छु बन्द
झ्याकोे झ्यामझ्याम हिर्काइ
सायद मेरो भाग्य

मेरो सफाइ
जहाँबाट उठ्यो उहीँ सजिन्छु
मूक सुस्केरा हाल्दै
आफ्नै विवशताभित्र बल्झिन्छु

बालखको तोते बोली
युवाको रोमाञ्च
वृद्धको सखा
सुन्दर नाता हर पुस्ताको
सायद
बनिसक्यो अब
रवि अस्ताएको !

आज मभित्रका लवज
सुकेर झरेका पुष्पसरह
शब्दशब्दको वाक्यको मूल्य
कति विवश, कठिन अनि निरीह !

पर्खिरहेछु
एक छुवाइको झनझनाहट
उही पुरानो
अझ मादक सगबगाहट
बुझेको छु समयको
बदलावट
एक औँलाको स्पर्श
नयाँ प्रविधिको
आगमनको सलबलाहट
क्लिकको साथमा छ
अब हरेकको मुस्कुराहट !

काखाभरि सुसाउने
मेरो रहर
हिजो बास थियो मेरो
आज बन्यो अरूकै ठहर
छायो ममाथि कालो मेघरूपी
ल्यापटपको कहर
मोबाइलको,
आइप्याडको
अनि नयाँनयाँ सञ्चारका अवतारको
भयो नवनव लहरको रहर
आज यही भयो ममाथि
ठूलो कहर !

म त हुँ एक निरीह पुस्तक
यस दराजका
पल्लामा दिन्छन् दराजबन्द
मजस्ताले हजारौँ ढकढक
आफ्नो निरीहताको के नै गरूँ विषाद
बन्द छ छेउमा जब 'गीता' रूपी ज्ञानप्रसाद ।

**'बन्दी पुस्तक' कविताको रचनासन्दर्भ**

२०७२ साल असोज महिना, नेपाली हिन्दुहरूको ठूलो पर्व दसैँ नजिकिँदै थियो । आफ्नो ठूलो चाडलाई हर्षोल्लासका साथ मनाउन हरेक नेपाली उत्साहित हुनु स्वाभाविकै हो । दुर्गा भवानीको महिषासुर प्रवृत्तिमाथि विजय तथा रामप्रवृत्तिको रावणप्रवृत्तिमाथिको विजयको हार्दिक स्वागतको क्रम घरको सरसफाइबाट सुरुवात गरिने हाम्रो प्रचलनअनुसार त्यही सफाइका क्रममा पुस्तकहरू राखिएको एक काठको सोकेस या दर्शिकाबाट पुस्तकहरूलाई कपडाले

सफा गरेर फेरि त्यहींभित्र थन्क्याउँदा ती पुस्तकहरूका मूक नेत्रले मलाई एकनास टोलाएर हेरेको अनुभूति हुन पुग्यो । आज यति धेरै दिनपछि एकछिन बाहिर सास फेर्दा उनीहरू (पुस्तक)ले एक शुभलच्छिनको अनुभव गरेको जस्तो लाग्यो मलाई । पुस्तकका उत्सुक र नैराश्यमिश्रित नेत्रका केही आशा, केही निराशा र अनगिन्ती प्रश्नचिह्नहरूले मलाई केही सोच्न बाध्य गराए ।

अनि ती पुस्तककै बारेमा सोच्दा उनीहरूका पनि भाव वा भावनाका बारेमा गुन्दागुन्दै ती पुरानो समयमा प्रेमको प्रतीक मानिने सन्दर्भ, रातभर मानवका साथमा गुजार्दाका तिनका सुमधुर क्षण अनि अहिलेको नयाँ आधुनिक प्रविधिको विकासपश्चात् कम्प्युटर या सङ्गणकका तुलनामा उनीहरूको नैराश्य छचल्किएको थियो । यिनै सबै मिश्रित भावको एक सँगालो हो यो कवितारचना ।

# नारी

प्रेमकी प्रतीक
नारी तिमी प्रेमस्वरूपा
प्रथम अबोध स्निग्ध बालिकारूपा
जब मस्त वदन यौवनरूपा
अनि पूर्ण समर्पणमयी पतिसङ्गिनीरूपा

सोच्ने, रम्ने दिल बिछ्याउने
पावन पुनीत जीवनरस बर्साउने
लक्ष्मीदेखि कामिनीसम्म
जीवन, जोवन प्रियमै बिछ्याउने
वात्सल्यलाई जवानीले रङ्गाउने
कहिले रतिरूपिणी काममोहित तुल्याउने

अनि
मातृत्वको पनि बोध गराउने
बाँडी जीवनधारा रति कुण्ड नरित्तिने
जति बाँड्यो झन् उतिउति जीवनसुधा चुलिने
एकप्रति नै समर्पित रहने
न त दिनमा स्नेहको कमीको आभास दिने
प्रियलाई अपरिमित ममता दिने

रजनीमा झन् उत्कण्ठित हुने
एकप्रति नै समर्पित रहने !

त्यागमयी
नारी तिमी एक उत्सर्ग तिम्रो स्वरूप
कहिले लिन्छयौ मातृस्वरूप
ममतामयी कोख ओछ्याउने
दस औँलाको सञ्जीवनीले
तन, मन शिरा रोमाञ्चित तुल्याउने
जीवनमा ऐश्वर्य बर्साई
क्षणमै दु:ख, दर्द बिर्साउने
जीवनभर
ममता, त्याग, माधुर्य बर्साउने
कठिन क्षणमा साथ दिने सङ्गिनी बनी
आक्रोशित क्षण सुशीला उनी
दु:खित पलकी ढाल बनी

सुखद क्षणकी सहयात्रिणी उनी
आह्लादमय पलकी सखी उनी
काम उन्मादका क्षण रति बनी
निबिड अन्धकारकी शशी उनी
नैराश्यका क्षण रविकिरण बनी
आहत पलकी मसिहा उनी
अपमानित क्षण रोषमूर्ति धैर्यकी धनी
विचलित पलकी पथप्रदर्शक उनी
कामुक क्षण प्रेमपिण्ड ज्वार उनी
सहमृत्युवरण पल सतीसावित्री उनी
दयाकी खानी धर्ती अन्नपूर्ण उनी
जीवनदायिनी सञ्जीवनी उनी

नारी तिमी
दया, त्याग, प्रेमकी मूर्ति
प्रेमी अनि जननी बनी
हर इच्छा गरिदिन्छचौ परिपूर्ति
तिमी सहनशीलता
अनि सम्बन्धका विविधताकी एकै मूर्ति
तिमी नै हो पृथ्वी, आकाश
अनि तिमी नै धर्ती
तिमी नै माता धर्ती !

**'नारी' कविताको रचनासन्दर्भ**

नारी प्रेमकी एक अविछिन्न प्रवाहित धारा हुन्; जो आफ्नो प्रियको हरेक दु:ख, बाधा, अड्चन तथा अवरोधलाई हटाएर उनलाई अघि बढाउन निर्मल गङ्गासरह बगी सदा अभिप्रेरित गर्छिन् । नारी सुगन्ध पुष्पले जीवनलाई सुवासित तुल्याउन, सुख र खुसीको सुशीतल पवन प्रवाहित गर्न अनि अपमानित या विचलित पार्ने पलहरूमा धैर्यमूर्ति बनी पथ प्रदर्शन गर्न पनि पछि पर्दिनन् ।

नारी पतिका लागि एकातर्फ ममताकी प्रतीक आमासरह र अर्कातर्फ प्रेमकी प्रतीक रूप रतिसरह भूमिका पनि निर्वाह गर्छिन् ।

जुनसुकै रूपमा पनि नारी त्याग र प्रेमको मूर्ति हुन्छे, पुज्छे उसैलाई, अँगाल्छे उसैलाई, वात्सल्य दिन्छे उसैलाई, समर्पित हुन्छे उसैमा, उसको जीवनको सुरुवात अनि अन्त पनि ऊ पाउँछे उसैमा । यो एक नारीको पवित्र अन्तरपुकार हो । उसको हृदयभित्र रहेको स्वच्छताको यो गुञ्जन हो । नारीको अभिलाषा उसको प्रियले सफलताको चुली चुमेको हेर्ने अभिलाषा पनि हो । केवल एकप्रति समर्पित रहने इच्छाको बोध पनि यो हो । यिनै भावहरू यस रचनाका प्रेरक हुन् ।

# जीवनको रहस्य

जीवन अजम्बरी हुँदैन
एकनास सधैँभरि हुँदैन
केको घमन्ड गर्छौ ?
झूटो संसार जुनीभरि हुँदैन ।

सेतो कात्रोमा गोजी हुँदैन
श्मशानघाटमा रोजी हुँदैन
किन तँछाडमछाड गर्छौ ?
मृत्युपश्चात् खोजी हुँदैन ।

त्यो मुर्दामा माया हुँदैन
अन्त्येष्टिपश्चात् छाया हुँदैन
दुनियाँमा स्वार्थ मात्र किन
जाने दिन दैव पनि दायाँ हुँदैन ।

आउने कालको रूपै हुँदैन
नलगेसम्म ऊ चुप हुँदैन
किन तेरो मेरो अहङ्कार ?
जाने दिन कसैको रोक्का हुँदैन ।

कात्रोमा गोजी हुँदैन
श्वास रहेसम्म यादै हुँदैन

काम यस्तो गरेर जाऊँ
मृत्युपश्चात् पनि नाम अमर बनाऊँ

जीवन अजम्बरी हुँदैन
तर आत्मा भने कहिल्यै मर्दैन
चोला जति फेरे पनि
मानव चोलारूपी एकै उपहारलाई नै
हजारौँ जन्मसरह पर्याप्त बनाऊँ

माया त्यो मुर्दामा किन हुँदैन ?
मरेपछि आउने याद के माया होइन ?
परोपकारमा जीवन रित्याए
जीवित होस् या मृत
आफैँभित्र के परमात्मा हुँदैन ?

आउने कालको रूपै हुँदैन
आयो टप्प टिप्यो लग्यो
टारेर त अवश्यै टर्दैन
जन्म मृत्युको सत्य बाँच्न सके
जन्म विजय, मृत्यु पराजय कहिल्यै हुँदैन ।

**'जीवनको रहस्य' कविताको रचनासन्दर्भ**

अहिले हरेक युवादेखि वृद्धसम्मको हातमा र ध्यानमा कसले जित हासिल गरेको छ भन्ने प्रश्नको उत्तर खोज्ने हो भने उत्तर एकै आउँछ मोबाइल । कहिले त यसको कारणले परिवारमै पनि कुराकानी हुँदैन र यसमा पनि अचेल प्रथम स्थानमा त फेसबुक नै छ । धन्य हो मार्क जुकरबर्ग; अरूजस्तै म पनि यस सोखको अर्धकीरा त भइ नै सकेँ । यही परिप्रेक्ष्यमा एक दिन सुन्दर उद्धरण सत्य कुरा यस्तै

हेर्दै गर्दा 'सेतो कात्रोमा गोजी हुँदैन' भन्ने कविता देखेँ र पढेँ । यो एकदमै सही विश्लेषण र मूल्याङ्कन लाग्यो जीवनका विषयमा । तर पनि नकारात्मकभन्दा सकारात्मक भाव राख्नु अझ बेस भनेर त्यसैका प्रतिच्छायाका उत्तरमा केही कोर्ने प्रयास हो यो रचना ! यसमा कसैको मूल्याङ्कन गर्न भने कदाचित् पनि खोजिएको होइन, न त त्यो गर्ने सामर्थ्य नै ममा छ । यी त आफ्नो सन्तुष्टिका लागि कोरिएका भावलहर हुन्– त्यही 'सेतो कात्राको गोजी हुँदैन' भन्ने उक्तिबाट अभिप्रेरित भएर ।

# स्थितप्रज्ञ

किनकिन
वास्तवमै
हृदय छ आज गर्वित
रक्तका थोपाथोपा
अदम्य साहसपुञ्ज
तिमीमै गर्छु समर्पित !
महाभारतका हे अभिमन्यु
थियो मातृकोखमै अवगत
तोड चक्रव्यूहको
नडगी अन्तिम श्वाससम्म
एक्लो युद्धभूमिमा
लडचौ युद्ध, हे वीर योद्धा
अधर्मी असत्य
झूटा जाली अनि पापीहरूविरुद्ध

पितामा
भीष्म पितामहसरि
धनी सङ्कल्पका प्रतिज्ञाका
हे निष्ठावान्
राष्ट्रका धमिरा

सखाप पार्ने
लिएथ्यौ
सङ्कल्प अटल महान् !
दानवीरमा कर्ण
त्यागेथे जसले जन्मप्राप्त कुण्डल कवच एक वचनमा
दानवीर बलिसरह जसले थापेथे विष्णु पदतलशिरमा
तिम्रो सङ्कल्प
गुप्तदान
राष्ट्रहितका लागि
बेचेनौ कहिल्यै तिमीले
आफ्नो इमान !

बहुआयामिक प्रतिभावान्
हिचकिचाएनौ
चाहे होस् पञ्चायती काल
या होस् संवैधानिक राजतन्त्र ।
या होस् प्रजातन्त्र
चाहे होस् गणतन्त्र
कर्मठ कर्तव्यनिष्ठ धैर्यवान्
अडिग सङ्कल्प तिम्रो महान्
न भोक तारिफको
न त झूटो प्रशंसाको
वचन स्याबासीका अनपेक्षित
राष्ट्रहितमा अविचलित
न त कर्तव्य
न त छाडचौ धर्म

धनी सङ्कल्पका
अविरल अघि बढे कदम

पूर्ण प्राप्त नहुन्जेल गन्तव्य
मूल्य अभिवृद्धि कर लागू गर्न
भयौ खडा बनी अटल स्तम्भ
रा.अ.वि.का संस्थापक निर्देशक
प्रयास निरन्तर सखाप पार्न
कर छलीका महानायकका दम्भ
'राष्ट्रकै बहादुर ठिटो' बनी
सम्पूर्ण राष्ट्रलाई पाऱ्यौ अचम्म

भन्सारमा संसार खोज्नेको
यहाँ लावालस्कर
राष्ट्रहितको सपना तिम्रो
यहाँ प्रमुख हुँदा
हे युगका भाष्कर
कर छलीका मतियार
सब थिए थर्कमान
कर असुलीमा राख्यौ
राष्ट्रकै कीर्तिमान

जे जो भूमिका वहन गऱ्यौ
इमानमा, सत्यमा अडचौ
मुख्य सचिवको चर्चित भूमिका
गऱ्यौ निर्वाह अटल राष्ट्रभक्तसमान

'सुशासन ऐन' स्थापित गरी
निजामती कर्मचारीको
भविष्य सुनिश्चित गर्ने
भन्छन् तिमी नै त हौ
योद्धा महान्

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखको
भार सम्हाल्दा काँधमा
तिनै चार शीर्षले
तिमीलाई स्थापित गरेथे पदमा
ब्रह्मलुट गर्दै
झूटा स्वप्न रचेथे जनमा
समय बित्दै गयो
पछिपछि कतिमा
पोल खुल्ने बढेथ्यो
जब आशङ्का अनि सम्भावना
भ्रष्ट घोषित हुने
त्रासको गर्दा कल्पना
थर्किएका त्रिशङ्कुहरूको
अस्वाभाविक मिलनको मन्त्रणा
तिम्रो निडर निष्पक्ष छवि धमिल्याउन
प्रयोग भयो झूटो लाञ्छना

नडगी लडचौ
माफिया, गुन्डा, भ्रष्टहरू विरुद्धको जङ्ग
चाहे तिनको रापताप जति नै होस्
स्वार्थ, जालझेल
छद्‌म षड्यन्त्र

चौतर्फ अस्वस्थ्य परिपाटीको
जति नै होस्
घेराबन्दी
कदम पछि कहिल्यै हटेन
पराजय कदाचित्

तिम्रो प्रकृति होइन
गरेनौ कहिल्यै अप्राकृतिक गठजोड
अनि झूटा सन्धि

यस कलियुगमा
धर्मराजको कुर्सी बन्यो
धर्मअधर्म, न्यायअन्यायको बदलिँदो परिभाषा
कपट छलछद्मको भाषा
ईर्ष्याभावले सञ्जालले
पाना भरे
राखेर गिराउने अभिलाषा

कानुनी राज्यको उपहास उडाउने
त्यो चाल
सेतोलाई कालो पार्न रचिएको
त्यो जाल
न त निर्णय क्षमता
न त विधिको ज्ञान
पूर्वप्रभुका हातमा
जसको लगाम
राष्ट्रकल्याण के गर्न सक्थे
तिनले जो बन्दछन्
अरूको गुलाम
पूर्वाग्रही निर्णय लिएथे
त्रासले तिमीलाई हटाउने
प्रपञ्च रचेथे

उपाय केही नलागेपछि
भ्रष्टद्वारा परिचालित खडा भए ती डमी

जो देख्न असफल आफ्ना क्षेत्रका कमी
तर अर्काको आङको जुम्रा केलाउन माहिर प्रवृत्ति
सदा प्रयोगित छद्‌म असान्दर्भिक
अनशनका कूट छवि

कोको पराई बोकी काँधमा
यो त्यो हाताहाती प्राप्तिको सम्भावना
राष्ट्रिय सम्पत्ति कुम्ल्याई साथमा
शरम नमानी मौलायो
डन प्रवृत्ति राष्ट्रमा

लागेथ्यो जीवनकथा
साँचो बोलोस्
केवल सत्य मात्र उकेलोस्
तर
विमानको अपहरणका
बात लागेका हात
ऋूटको सीमा पार गरी
मनपरी लेख्दा
किन काँपोस् ?

काँधभरि आपराधिक
भारले दबेकाहरूसँग
अपेक्षा अरू के हुन सक्छ
जन्मदेखि नै मुखमा
कालो मोसो पोतिएकाहरूसँग

कर्मक्षेत्रमा होस् या सङ्घर्षका रणभूमिमा
दृढ निश्चय तिम्रो मान

प्राथमिकतामा तिम्रा सदासर्वदा
उन्नतिमा शिर उठाएको
राष्ट्रको गौरवगान
चाहना सर्वदा तिम्रो
मातृभूमिको मान प्रतिष्ठा अनि शान

भ्रष्ट प्रवृत्तिरहित
सुन्दर समाजको परिकल्पनामा
दत्तचित्त भएर त्यसैमा जुटचौ
मन, कर्म अनि वचनले
निर्मूल पार्न अनाचार, भ्रष्टाचारीपना

जसलाई उठाउने
बन्यौ निमित्त
उनै उठाउँदछन्
विरुद्ध अस्त्र
यही हो प्रथा
प्रयोग गर्ने
पीठपछाडि शस्त्र
लागेथे मरीमेटी
क्षणिक भौतिक सुख प्राप्तिका लागि

जीवनदान दिँदै दूध पिलाएथ्यौ जसलाई
धोका दिई डस्ने नैसर्गिक गुणका धनी
विषधर सर्पलाई
क्षमा गर्ने तिम्रो प्रवृत्तिलाई
शिर नुहाई अभिवादन गर्छु म
तिम्रो यो बुद्धपनलाई

जन्मपछि मृत्यु
अवश्यम्भावी
भोलि मृत्युवरणपश्चात्
के नै उत्तर दिनेछन् तिनले
अनागत अनन्तलाई

बुद्धका आर्य सत्य, पञ्चशील
अष्टाङ्गयोगको
एक साधक अनुयायी
मर्यादामा रामका हौ कि उँ पर्यायी
कर्मवीर हे पार्थ तिमी
केशवका अनुयायी
धऱ्यौ शिरमा मातृभूमि
आफ्नै महातारी जननीसमान
तिमी थियौ, छौ, रहनेछौ
सत्य वचनका पक्का जवान

योगानन्दबाट सुरुवात
अध्यात्मको ज्ञान अगाध
तिमी
पाइलट बाबाबाट दीक्षित
ओशोको उपलब्ध ओजस्वी
सत्य वाणीरूपी वर प्रसाद

घेराबन्दी गर्दो
विरोधीहरूको जमात
जो आसुरी प्रवृत्तिधारी
आकाङ्क्षी थोपर्न अपवाद

टिकेन तर तिम्रो
स्वयम्को सोचाइमा कुनै विषाद
कुनै पनि अवसाद
अन्यथा
गुज्रिने थियो जीवन
तुच्छ संसारमय वासनाको साथ
श्रीकृष्ण प्रभुको कृपाको
भयो बर्सात्
ओशोका गीता दर्शनको
ओजस्वी वाणीको प्रभाव
पाउन सफल भयौ अमूल्य निधि
लोकगीतारूपी प्रभुप्रसाद

भगवान् अछुता भएनन्
तिमी त हौ मानव
भन्छन् जन्मिएको भूमिबाट लखेटिएथे बुद्ध
कमी छैन यहाँ हर युगमा दानव

यहाँ
भीमसेन थापा सेरिन्छन्
सीता वनमा खेदिन्छिन्
इसु शूलीमा चढाइन्छन्
बुद्ध जन्मभूमिबाट आधा रातमा लखेटिन्छन्

तसर्थ
नडगमगाऊ
थाहा छ मलाई
अनि

कुम्भकर्ण जनता पनि छैन्, तथ्यसँग अनभिज्ञ
सुख दु:ख, अमिरी गरिबी, ऊच नीच
यी त हुन् जीवनरूपी यज्ञ
यस सत्यसँग बाँच्ने हे क्षमतावान्
तिमी छौ, थियौ, रहनेछौ
स्थितिप्रज्ञ, स्थितप्रज्ञ !

**'स्थितप्रज्ञ' कविताको रचनासन्दर्भ**

प्रथमत: यहाँ मैले मेरा अभिन्न जीवनसङ्गीको सदा सत्यनिष्ठ र कर्तव्यपरायण चरित्रको र उनले भोग्नुनपर्ने तर भोगेका केही व्यथाकथाको पनि चित्रण गरेको छु । यो रचना भावनामा बगेर एकोहोरो सोचेर जन्मेको होइन । यो कविता मात्र होइन, सत्यको एक अभिव्यक्ति पनि हो । यो आफ्नो मान्छे ठीक अरू बेठीक भन्ने भावनाले प्रेरित हुँदै होइन, बरु जुनजुन परिवेश सिर्जना हुँदै गयो त्यसको झलक प्रस्तुत गर्न खोजिएको एक सानो रचनात्मक प्रयास हो । यहाँ दुई विपरीत ध्रुव या भनूँ, उत्तरदक्षिणको पनि स्वार्थपूर्तिका लागि कसरी मेल हुन सक्छ त्यसको समेत प्रस्तुति छ । न्यायकी मूर्तिका रूपमा स्थापित भई आँखामा पट्टी बाँधिएकी नारीका साँचोमा न्यायकी देवीको प्रतिमा न्यायालयमा स्थापित गरिन्छ । त्यहाँ त्यस्तो मूर्ति न्याय प्रतिपादित गर्दा न्यायी मनले हेरी आफन्त र अरूमा बिनाविभेद निर्णय गरियोस् या प्रतिशोधको भावना राखी न्यायका नाममा अन्यायको सम्पादन नहोस् भन्ने हेतुले स्थापित हुन्छ । तर त्यही आसनमा न्यायको उच्च कुर्सीमा विराजमान भएपश्चात् कसैकसैद्वारा कसरी अन्याय पनि सम्पादन हुन सक्दो रहेछ भन्ने र भ्रष्ट आचरण भएका भ्रष्टाचारीहरू आफ्नो भेद प्रकट हुने र भ्रष्ट घोषित हुने त्रासले कसैको पछि लागी कतिसम्म निम्न स्तरमा गिर्न सक्छन् त्यसको सङ्केत पनि हो यो रचना । हृदय कसैको पढ्न सक्नु सामीप्यको होइन, मस्तिष्कको प्रवृत्ति चिन्नु

बुझ्नु जरुरी छ । यस्तै भोगिने कटु सत्यको अलिकति पस्काइ पनि हो यो व्यथित मनको ।

राष्ट्रलाई धमिरारूपी भ्रष्टाचारीहरूबाट मुक्त बनाउने ध्येयमा चालिएका कदम रोक्न जेजस्तो दुष्प्रयास हुने गर्छ त्यो आफैँमा एक अशोभनीय र लज्जाजनक उदाहरण हो । यस्ता भ्रष्टाचारीका पक्षमा पुर्पक्ष र बचाउका लागि आफ्नो पेसाको दुरुपयोग गरी प्रवक्ता भई भिड्ने र यिनलाई अदालतबाट छुटाउन लड्ने प्रवृतिदेखि धमिलिएको कुनै मनको उदगारसमेत हो यो ।

विश्वास गरिएकाहरू नै कसरी धोका दिन पछि पर्दैनन् भन्ने यथार्थको पनि प्रतिच्छविवि हो यो रचना ।

# शून्य र पुण्य

हिजो थियो
आज छ
भोलि रहनेछ
‘सत्’
सर्वशक्तिमान् एक
बाँकी सब मिथ्या
जगत्
अल्झेर यसमा
रुमलिनु किन
फगत
जब केवल
‘आज’मा जीवित छ
‘असत्’

एक दिव्य ज्योति बिन्दु
सृष्टि, स्थिति, पालन, संहारकर्ता
उनको प्राप्तिमार्ग पहिल्याउनु कसरी ?
छ यही सुर्ता
मार्ग दुई मात्र छन्
पहिलो साङ्ख्य अनि दोस्रो योगनिष्ठा

साङ्ख्य मार्ग हो
परम ज्ञानको
दोस्रो मार्ग ज्ञान, कर्म अनि भक्ति
'उनी'को प्राप्तिको

विश्वास छ धर्ममा
अविश्वास दर्शनमा
साङ्ख्य भन्दछ–
जे जान्नु छ,
सबै जानिएकै छ
मात्र अज्ञानरूपी कालिमाले
ज्ञान ढाकिएको छ
विस्मृतिबाट पुन:
स्मृति जाग्नु नै
परम ज्ञान प्राप्तिका लागि
पर्याप्त छ

योग भन्दछ–
ज्ञान, भक्ति, कर्म नै हो सब
कर्तापन छोडी
कर्मयोगी बन
प्राप्त हुन्छ अमृत तत्त्व
ज्ञान, भक्ति, कर्मद्वारा
गर्नु छ चयन मार्ग
स्वधर्म स्वकर्मद्वारा

हिजो अव्यक्त
आज व्यक्त

भोलि पुनः अव्यक्त
सदुपयोग गर्न असक्षम भए
यो व्यक्त अवधि
बन्नेछ सुषुप्त ।
करोडौँमा कोही एक
जो जान्दछ यो अव्यक्त
प्राप्त गर्दछ परम
आनन्दरूपी कृष्णतत्त्व

शून्यबाट स्थापित
हुनु छ शून्यमा विलीन
शून्यमा समाहित हुनु दीप निभ्नु हो
महानिर्वाण
साङ्ख्य हो बुद्धमार्ग ज्ञान
चार आर्य सत्य, अष्टाङ्ग योग
अनि पञ्चशील
पनि हो उनकै पहिचान
'अपो दीपो भव'
उहाँकै मार्ग
उहाँकै ज्ञान

उनी हुन् पूर्ण कहाँ छ र पर्याय
पूर्ण आफैँमा छ पूर्ण
न त यसमा छ जोड
न त घटाउ
न त थप्दा बढ्दछ
न त झिक्दा घट्दछ

तसर्थ इसावाक्य उपनिषद् भन्दछ– ओं पूर्णमदो पूर्णमिदम्...
मनुष्य चोला हो केवल
एक बिसौना एक बास
एक कदम बढे बन्छ परमात्मा
एक कदम हटे झर्छ पशु जातमा
तसर्थ मुक्ति प्राप्तिको लोभमा
देवता पनि हुन्छन् लोलुप
जन्म लिन मानव चोलामा

साकार निराकार उनी
आकृति अनाकृति उनी
तर पनि आकृति अनि
साकार स्वरूपकै
आराधनामा गुज्रिन्छ यो जुनी
भौतिक तृष्णारूपी यो मरुभूमि
भट्कन, मुक्त हुन
खोजौँ आकृतिभित्रको अनाकृति
तृष्णा छुटी तब प्राप्त हुनेछ
वास्तविक गन्तव्य पनि

जीवनरूपी यस कर्मभूमिमा
स्वधर्ममा भइरहूँ अडिग
फलको आस नराखूँ कदाचित्
कर्ताभावबाट पनि बनूँ वञ्चित
स्वयम् शक्ति सर्वशक्तिमा गरूँ परिणत
पूर्ण विश्वास राखूँ समष्टिमा
आखिर अन्त्यमा गर्नु छ यही अर्जित

कर्ता कहाँ हौ र
यो त सब उनको हात
न त मानव मर्छ
न त हत्या नै गर्छ
तसर्थ
नसोच यो हो पाप
तर
भोग्नु पर्नेछ
प्रायश्चित गर्नु पर्नेछ
जब गर्छौ हत्या
'हत्या गर्ने भाव'बाट
छ अविनाशी अमृत तत्त्व
हुन्छ ज्ञान जब आत्मतत्त्व
तब रहँदैन हिंसाको महत्त्व
हिंसा जब अवमूल्यन हुन्छ
तब पाप पुण्य पनि नगण्य हुन्छ

शरीर छ इन्द्रियको वशमा
इन्द्रिय छ मनको वशमा
मन छ आत्माको वशमा
आत्मा छ परमात्माको वशमा

इन्द्रियलाई जति गर्छौ कुण्ठित
मनोभाव हुनेछ उति विकृत
यो त छ मनको वशमा
मन कहाँ छ र हाम्रो वशमा
हुन्छ इन्द्रियातीत त्यो
जान्दछ इन्द्रियलाई जो

ब्रह्म मिलनको
हो एक मार्ग यो
मनबाट हेरिने ब्रह्म जगत् हो
एक चञ्चल केन्द्रमा चल जगत् यो
खोजेर चञ्चल मनबाट भेटिन्न अस्तित्व
अमना हुनु एक उपाय
हो पाउने त्यो सत्य

अन्तहीन समयसँग
जिउँदछ विचलित चित्त
भित्री मनको चाहनामा जिउँदछ
त्यो जो तृष्णामै हुन्छ लिप्त
'आज'मा बाँच्दछ क्षणजीवी
जो सोच्दैन भोलिका निमित्त
मूर्ख, दु:खी नहोऊ तिमी
अतीत– भविष्यमा बाँच्ने
बुद्धमान्को प्रतिरूप हो त्यो
जो बाँच्न आजमा सक्ने
क्षणमा बाँचे
हुँदैन भूत भविष्य
रहँदैन भेद तब बीच
परमात्मा अनि मनुष्य

यज्ञरूपी बलिवेदीमा
विसर्जन गर्छौ ममत्व भाव जब
एकात्मता हुन सक्छ ब्रह्मसँग
श्रद्धापूर्ण सम्पूर्ण कर्म
समष्टिमा अर्पण गर्छौ तब

छैन आदि अन्त्य
समयातीत हो 'अरूप'
अस्थायी नाटकीय मञ्चन
यो सत् असत्बीचको माया हो 'अरूप'
रूप अरूप, स्थूल सूक्ष्म, दु:ख सुखको
भेद जान्ने ज्ञानीको स्वरूप

शून्यतामा जागरण हुनु
हो समाधि
शून्यताबीच
होस राख्नु हो
सविकल्प समाधि
हो सम्पूर्ण बोध शून्य हुनु
निर्विकल्प समाधि

स्थूल शरीर चेतना र पदार्थको संयोग
मृत्यु हो शरीर चेतनाको वियोग
पदार्थ कहिल्यै हुँदैन नाश
रूप हुन्छ परिवर्तित हुँदैन विनाश
स्वभाव हो आफ्नो
अविनाशी तत्त्व जान्नु
अध्यात्म, सत्य, अरूप हो
आफ्नो स्वभाव जान्नु

अविनाशी आत्मा न जल्दछ
न डुब्दछ, न त मर्दछ
भन्छन् मुरलीधर
जो यो जान्दछ, मान्दछ

जन्म, मृत्युको चक्रबाट मुक्त छ
स्थूल शरीर जैविक
मातापिताको देन
सूक्ष्म शरीर चाहना, इच्छा,
आकाङ्क्षाको अपरिमित मेल
आत्मा अजन्मा, अजात
स्थायी फेर्छ यो केवल असीमित देह
जान्न यी सब बुझ्नुपर्छ
पूर्ण अनि शून्यको भेद !

**'शून्य र पुण्य' कविताको रचनासन्दर्भ**

करिब दुईतीन वर्षअघि करिब दैनिक एक घण्टा ओशोको मुखारवृन्दबाट निस्किएको ओजस्वी गीताज्ञान हामी सुन्ने गर्दथ्यौँ । गीताज्ञान सुन्ने कार्य बीचमा रोकिएको पनि धेरै भयो । आजकाल करिब ४०–४५ मिनेट हामी पतिपत्नीले स्वस्थ्य रहन साँझ हिँड्ने क्रम जारी गरेका छौँ ।

सोही समय ओशोबाट प्राप्त गरेको गीताको हरेक अध्यायको सार म यतिखेर उहाँबाट श्रवण गर्दै छु । अत्यन्तै आकर्षक र मन्त्रमुग्ध हुने शैलीमा उहाँबाट सुन्दा सबै बिर्सी त्यस ज्ञानको सागरमा डुबुल्की लगाउन मेरो मन लालायित हुन्छ । त्यही श्रवणपश्चात् मेरो बुद्धिले भ्याएसम्म जानी नजानी केही हरफ कोर्ने प्रयास हो यो । यसमा कति सफल भएँ त्यसको मूल्याङ्कन गर्ने काम यहाँहरूमाथि नै छोड्छु म ।

मेरो यस रचनाबाट केही सन्तुष्ट हुन पनि म चाहन्छु । ज्ञानको गीतारूपी भावसागरमा प्रवेश गरी यसबारे केही कोर्नु भनेको ठूलै साहस गर्नु हो तापनि यस भावसागरबाट केही मोती बटुलेर मैले कविताका रूपमा गुँथ्ने प्रयास यहाँ गरेकी छु । यहाँ एक

अनुच्छेदका र कतैकतै दुई अनुच्छेद रहेका गीताका ज्ञानसागरका अनेक लहरका छचल्कामा ‘शून्य र पुण्य’ शीर्षकको यो कविता पूरा भएको छ । वास्तवमा पूर्ण र शून्य एकै हो ।

गन्तव्यका प्राप्तिका लागि चालिएको पहिलो कदमले पनि गन्तव्यसम्म पुग्नलाई एक कदम कम हुन्छ भन्ने मान्यतालाई हृदयङ्गम गर्दै र अपेक्षाकृत छोटा र लामासमेत अनेक कविताका अनुच्छेद हुँदै गीताको सार कोर्ने सानो प्रयास हो यो । परमात्माको आर्शीवाद प्राप्त भई यस दिशामा सफल हुन सकूँ यही प्रार्थना छ ।





























